सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

४ वैशाख २०८१, मंगलबार (16 April 2024, Tuesday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

छिचोलियो नागढुंगाको मुख्य सुरुङमार्ग



सोमबार 'ब्रेक थ्रु' गरिएको सिस्नेखोला-नागढुंगा सुरुङमार्गको मुख्य टनेल । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

टनेलको 'ब्रेक थ्रु' गर्दै प्रधानमन्त्री प्रचण्डले भने-



नागढुंगामा ट्राफिक जाम उच्च हुने गर्छ । त्यसमाथि सडक उकालो पनि छ । यहाँ पहिरोको जोखिमसमेत छ । त्यो अवस्थामा सवारीसाधन आवतजावत गर्न कठिन थियो । तर, अब यो सुरुङमार्गका कारण सवारीसाधनको आवतजावत सहज हुँदै छ । साथै, यसले ढुवानीमार्फत वस्तु तथा सेवाको लागतसमेत कम गर्नेछ ।

सुरुङमार्ग सञ्चालन कहिलेदेखि ?

सुरुङमार्ग सञ्चालनमा आउन भने अझै एक वर्ष लाग्नेछ । सुरुङमार्गभित्रको सडक कालोपत्रे, भित्ता ढकाल, बिजुली जडान, तापक्रम मिलाउनेलगायत काम गर्न ६ महिनाभन्दा बढी लाग्ने अनुमान छ । निर्माण सम्पन्न भएपछि पनि सुरुङलाई स्टेबल बनाउन थप ६ महिना पर्खनुपर्छ । बीचमा कुनै प्राविधिक समस्या नआए ०८२ वैशाख सम्ममा सुरुङमार्ग सञ्चालनमा आउनेछ ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालको पहिलो आधुनिक सुरुङमार्ग 'सिस्नेखोला-नागढुंगा'को मुख्य टनेल 'ब्रेक थ्रु' भएको छ । सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले ब्लास्टिङको स्विच थिचेर टनेलको 'ब्रेक थ्रु' गरेका हुन् ।

ब्रेक थ्रु समारोहमा उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रुघुवीर महासेठ, नेपालका लागि जापानका राजदूत किकुता युताका, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का नेपाल प्रमुख आखुवो अकिमित्सु, हाज्मा एन्डो कर्पोरेसनका प्रतिनिधिलगायतको उपस्थिति थियो । कुल दुई हजार ६ सय ८८ मिटरको मुख्य सुरुङमार्गलाई १४ सय ४८ मिटरदेखि १४ सय ५० मिटरबीचको दुई मिटर खण्डलाई सोमबार विस्फोट गरेर छिचोलिएको हो । यो परियोजनामा रेस्क्यु र मुख्य गरेर दुई टनेल छन् । दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेल गत २२ साउनमै 'ब्रेक थ्रु' भइसकेको छ ।

निर्माणाधीन बाँकी तीन सुरुङमार्गको यस्तो छ प्रगति

• पृष्ठ २

यो नेपालको पहिलो आधुनिक सुरुङमार्ग

» पृष्ठ २ मा क्रमशः

जापानी राजदूत किकुता युताकाले भने-



नेपाल र जापानका जनताले यो परियोजना बनाएका हुन् । यसले नेपाल र जापानको मैत्रीपूर्ण सम्बन्धलाई अझै बलियो बनाउने विश्वास छ ।

परियोजना निर्माण कहिले के भयो ?

- **अवधारणा तथा परियोजना पहिचान : २०१३**
- **सर्वेक्षण गरी आयोजना प्रस्ताव : फेब्रुअरी २०१३–मार्च २०१५**
- **जापानसँग ऋण–सम्झौता : २२ डिसेम्बर २०१६**
- **विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न : २०१७**
- **निर्माण ठेक्का सम्झौता : २३ सेटेम्बर २०१९**
- **निर्माण तयारी सुरु : डिसेम्बर २०१९**
- **सुरुङ खन्न सुरु : २२ डिसेम्बर २०२०**
- **रेस्क्यु टनेल ब्रेक थ्रु : ७ अगस्ट २०२३**
- **मुख्य टनेल ब्रेक थ्रु : १५ अप्रिल २०२४ (सोमबार)**
- **परियोजना सञ्चालनमा आउने अनुमानित मिति : अप्रिल २०२५**

परियोजनाका मुख्य फाइदा

- २.८ किमि दूरी घट्ने
- काठमाडौं प्रवेश गर्दा ३३ मिनेट र बाहिरिँदा २३ मिनेट समय बचत हुने
- ट्राफिक व्यवस्थापन सहज हुने
- ढुवानी खर्च घट्ने
- सवारीसाधनको सञ्चालन खर्च घट्ने

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

माधवको 'मुभ' : बार्गेनिङ कि वैकल्पिक गठबन्धनको तयारी ?

पछिल्लो परिस्थितिबारे निष्कर्षमा पुग्न भोलि सचिवालय बैठक, झलनाथ भन्छन्- दक्षिणपन्थी गठबन्धनमा जाँदैनौं



• झलनाथ खनाल
सम्मानित नेता, एकीकृत समाजवादी

हाम्रो पार्टी दक्षिणपन्थी समीकरणमा सहभागी हुँदैन । वामपन्थी समीकरणमा एक-आपसमा सम्मान र सहकार्य हुनुपर्छ । त्यो ढंगले दलहरू अगाडि बढेनन् भने उनीहरूकै लागि दुर्भाग्य हुनेछ ।



• जगन्नाथ खतिवडा
प्रचार विभाग प्रमुख
एकीकृत समाजवादी

प्रचण्ड र ओलीले सहमति कार्यान्वयन नगर्दा सुदूरपश्चिममा मात्रै होइन, बागमती, मधेश र लुम्बिनी प्रदेश सरकार पनि अप्ठ्यारोमा पर्ने देखिँदै छ । आवश्यक परे सत्तागठबन्धनबाटै बाहिरिन सक्छौं ।



• देव गुरुङ
महासचिव, माओवादी

समाजवादीले आफैं दाबी गरेको भए अर्कै अवस्था हुन्थ्यो । समाजवादीले पनि नागरिक उन्मुक्ति पार्टीकै सांसदलाई समर्थन गरेपछि मूलतः माओवादी र एमालेको निर्णय सही थियो भन्ने बुझ्न गाह्रो पर्दैन ।

प्रेम गौतम/नयाँ पत्रिका

एकीकृत समाजवादीको पछिल्लो 'मुभ'ले सत्तागठबन्धनभित्र हलचल पैदा गरेको छ । यद्यपि, सुदूरपश्चिमबाट उसले चालेको कदम सत्तागठबन्धनभित्र दबाब बनाउन मोलमोलाइ हो वा वैकल्पिक गठबन्धनको तयारी भन्ने स्पष्ट तस्बिर आइसकेको छैन । गठबन्धनमा सम्मानजनक सहकार्य नभएको भन्दै सुरुदेखि नै असन्तुष्ट एकीकृत समाजवादीले पछिल्लो परिस्थितिमाथि आवश्यक निर्णय लिन बुधबार

» पृष्ठ २ मा क्रमशः

■ अन्य प्रदेशमा पनि पर्न सक्छ असर



■ **बागमती** : बागमतीका मुख्यमन्त्री शालिग्राम जम्कट्टेलले नयाँ समीकरण बनेपछि विश्वासको मत लिइसकेका छन् । एक सय १० सदस्यीय प्रदेश सभामा सरकारलाई समर्थन गरेका दलमध्ये एमालेको २७, माओवादीको २१, एकीकृत समाजवादीको सात र हाम्रो नेपाली पार्टीको दुई मत छ । एकीकृत समाजवादीले समर्थन फिर्ता लिए मुख्यमन्त्री जम्कट्टेल अल्पमतमा पर्नेछन् । बागमतीमा कांग्रेसको ३७, राप्रपाको १३ र नेमकिपाको दुई मत छ ।

■ **मधेश** : जसपा नेता सरोज यादव नेतृत्वको मधेश सरकारको पक्षमा हाल एमाले (सभामुखसहित २५), जसपा (१९) माओवादी (९), लोसपा (९), एकीकृत समाजवादी (७), नागरिक उन्मुक्ति र रिजवान अन्सारी नेतृत्वको नेपाल संघीय समाजवादी पार्टीका एक-एक सांसद गरी ७१ मत छ । सरकार गठनका लागि ५४ मत चाहिन्छ । एकीकृत समाजवादी बाहिरिँदैमा सरकार अप्ठ्यारोमा पर्दैन । तर, केन्द्रमा कांग्रेसको साथमा रहेको लोसपा र नागरिक उन्मुक्ति पनि बाहिरिए सरकारलाई चाहिने संख्यामा एक मत पुग्दैन । लोसपा अहिले मधेश सरकारमै छ । १०७ सदस्यीय प्रदेश सभामा कांग्रेस (२२), जनमत (१३) र राप्रपा (१) सरकार बाहिर छन् । मुख्यमन्त्री यादवले मंगलबार विश्वासको मत लिँदै छन् ।

■ **लुम्बिनी** : लुम्बिनीमा माओवादीका जोखबहादुर महरा मुख्यमन्त्री छन् । उनलाई ३० चैतमा एमाले (२९), माओवादी सभामुखसहित (११), नागरिक उन्मुक्ति (४), जसपा (३) तथा एकीकृत समाजवादी (१) र एक स्वतन्त्र एक गरी ४९ सांसदले विश्वासको मत दिएका थिए । सुदूरपश्चिममा देखिएको खटपटका कारण एकीकृत समाजवादीले समर्थन फिर्ता लिए पनि लुम्बिनीमा सरकारलाई यही स्थितिमा असर गर्दैन । तर, नागरिक उन्मुक्ति पनि बाहिरिएमा सरकार संकटमा पर्छ । यो स्थितिमा महरालाई सरकार जोगाउन एक सिट आवश्यक पर्नेछ, किनकि गठबन्धनसँग ४४ सिट रहे पनि सभामुख माओवादीबाट रहेको र उनले सरकार गठनको निर्माणमा सहभागी हुन पाउनेछैनन् । ८७ सदस्यीय प्रदेश सभामा बहुमतका लागि ४४ सिट आवश्यक पर्छ । हाल प्रतिपक्षमा रहेको कांग्रेसका २७, राप्रपाका चार, लोसपा र जनमतका तीन-तीन तथा जनमोर्चाका एक सांसद छन् ।

एकीकृत समाजवादीको कदमप्रति ओलीको टिप्पणी

दक्षिणपन्थी अवसरवादी चरित्र नांगो ढंगले प्रकट भो



सुदूरपश्चिममा कांग्रेससँग समीकरण गरेर सरकार बनाउने एकीकृत समाजवादीको प्रयासलाई एमाले अध्यक्ष केपी ओलीले दक्षिणपन्थी अवसरवादी चरित्रका रूपमा टिप्पणी गरेका छन् । पार्टी संसदीय दलको बैठकलाई सोमबार सम्बोधन गर्दै ओलीले कम्युनिस्ट साइनबोर्डमा एकीकृत समाजवादीले पुँजीवादी, दक्षिणपन्थीहरूको सेवा गर्दै समाजवाद पक्षधर शक्तिलाई कमजोर पार्ने भूमिका देखाएको बताए ।

'राजनीति सही दिशामा फर्किँदै थियो । तर, हिजो मात्रै एकीकृत समाजवादीले अराजनीतिक निर्णय लियो । विपक्षीहरूको आशा पलाउने गरी, जनतामा आशंका, अन्योल र निराशा केही मात्रामा भए पनि पैदा हुने गरी त्यस पार्टीले केही कदम चाल्यो,' ओलीले भने, 'आन्तरिक रूपमा त त्यसका बोली, व्यवहार र बार्गेनिङ सबै त्यस्तै खालका छँदै थिए । तर, हिजो बाहिर नै प्रकट भयो । यस (पाँचदलीय) समीकरणबाट नागरिक उन्मुक्तिलाई समर्थन नगर्ने र कांग्रेस केन्द्रतिरबाट नागरिक उन्मुक्तिलाई समर्थन गर्ने निर्णय गऱ्यो । अथवा, एस पार्टीको दक्षिणपन्थी अवसरवादी चरित्र धेरै नांगो ढंगले प्रकट भयो ।'

अहिलेको एमालेसहितको समीकरण असफल बनाउन नेकपा एस सुदूरपश्चिम प्रदेशमा पहिलो कार्यकाल नागरिक उन्मुक्ति पार्टीलाई मुख्यमन्त्री दिएर पनि मत हाल्न तयार देखिएको ओलीको भनाइ छ । उनले त्यसभन्दा अराजनीतिक चरित्र अरू हुन नसक्ने बताए । उनले भने, 'हामीले नयाँ समीकरण बनायौं । तर, यहाँ अराजनीतिक प्रवृत्ति बहुतै हाबी छ । हिजो मात्रै एस भन्ने पार्टीले समीकरणलाई कमजोर र असफल बनाउने गरी कदम चाल्यो ।'

चिनियाँ गिरोहले एक वर्षमा २८ सय ३१ केजी सुन तस्करी गरेको सिआइबीको निष्कर्ष

नवराज मैनाली/नयाँ पत्रिका

चिनियाँ गिरोहले विभिन्न सामानभित्र लुकाएर एक वर्षमै दुई हजार आठ सय ३१ केजी सुन नेपालमा तस्करी गरेको निष्कर्ष प्रहरीले निकालेको छ । 'ब्रेक सु'मा लुकाएर विमानस्थलबाट सुन तस्करी गरेको आरोपमा पक्राउ परेकामाथि थप अनुसन्धान गर्ने क्रममा एक वर्षसम्म उनीहरूले सयौंपटक सुन तस्करी गरेको विवरण प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले फेला पारेको हो ।

यसअघि सिआइबीले तीन सय ६२ केजी सुन तस्करी गरेको अभियोगसहित २९ जनाविरुद्ध गत ३१ भदौमा जिल्ला अदालत,

» पृष्ठ २ मा क्रमशः





• एसएसपी दिनेश आचार्य, सिआइबी

हामीले विभिन्न विशेषज्ञ र प्राविधिकहरूसमेतको सहयोग लिएर सुन तस्करीको घटनामा विस्तृत अनुसन्धान गरेका थियौं, जसमा चिनियाँ गिरोहले थप सुन तस्करी गरेको देखिन्छ । यसमा थप अनुसन्धान गरी छुट्टै अभियोजन हुन्छ ।

■ भन्सार कानुनका सुविधा दुरुपयोग गरी तस्करी

नेपालको भन्सारसम्बन्धी कानुनी प्रावधानअनुसार पाँच सय डलरसम्मको सामान आयात गर्दा प्रतीतपत्र (एलसी) खोल्नुपर्दैन । तर, एउटा कम्पनीले कति पटकसम्म पाँच सय डलरसम्मको सामान प्रतीतपत्र नखोली ल्याउन पाउने भन्ने प्रस्टता छैन । सोही कानुनी अस्पष्टताको फाइदा सुन तस्करले उठाएका हुन् । उनीहरूले पाँच सय डलरसम्मको सामान पटक-पटक आयात गर्ने र त्यसभित्र सुन लुकाएर ल्याउने गर्थे ।

'एक वर्षमा निश्चितपटक मात्र एलसी नखोली सामान ल्याउने प्रावधान राख्नुपर्ने देखियो,' सिआइबीका एक अधिकारीले भने, 'अवैध कारोबार गर्नेहरूले यो सुविधाको व्यापक दुरुपयोग गरेका छन् ।' एलसी खोलेर सामान आयात गर्दा बैंकिङ कारोबार हुने भएकाले त्यसलाई छल्नकै लागि उनीहरूले पाँच सय डलरका सामानका नाममा सुन तस्करी गरेका हुन् ।

अर्कोतर्फ भन्सारका कर्मचारीको पनि प्रशस्त कमजोरी देखिएका छन् । भ्याटमा दर्ता भएको कम्पनीलाई मात्र भन्सारले एक्जिम कोड दिनुपर्नेमा सुन तस्करीमा मुछिएका रेडी ट्रेडलगायत कम्पनीलाई भ्याटमा दर्ता नै नभई एक्जिम कोड जारी गरेको पाइएको छ । यस विषयमा भन्सारका कर्मचारीमाथि समेत सिआइबीले थप छानबिन अघि बढाएको छ ।





माधवको 'मुभ'...

पृष्ठ १ बाट क्रमशः

सचिवालय बैठक बोलाएको छ। सुदूरपश्चिममा नयाँ सरकार गठनका लागि एकीकृत समाजवादीले चालेको कदम 'सामान्य' देखिँदैन। आफ्नो नेतृत्वको नभई नागरिक उन्मुक्ति पार्टीका रेशम चौधरी समूहका सांसदलाई मुख्यमन्त्री बनाउने प्रक्रियामा सामेल भएको छ। जसमा कांग्रेसको पनि सहकार्य छ।

केन्द्रमा पाँचदलीय गठबन्धनमा रहेको एकीकृत समाजवादी सुदूरपश्चिममा कांग्रेससँगको सहकार्यमा उभिएपछि सत्तागठबन्धनमा संशय पैदा भएको छ। एकीकृत समाजवादीको कदमलाई लिएर एमाले अध्यक्ष केपी ओलीले गरेको टिप्पणीले पनि गठबन्धनभित्र अविश्वास र असन्तुष्टि बढ्दै गएको जनाउ दिन्छ।

कांग्रेस र एकीकृत समाजवादीले नागरिक उन्मुक्तिका लक्ष्मणकिशोर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेका छन्। एमाले र माओवादीले पनि नागरिक उन्मुक्ति पार्टीकै कैलाश चौधरीलाई मुख्यमन्त्रीमा अघि सारेका छन्। ५२ सदस्यीय प्रदेश सभामा अध्यक्ष रञ्जितापक्षीय नेता कैलाशलाई माओवादी र एमालेका १०-१० र स्वतन्त्र सांसद तारा जोशीको समर्थन छ। नागरिक उन्मुक्तिका सातमध्ये रेशम पक्षमा पाँच र रञ्जिताको पक्षमा दुई सांसद छन्। कांग्रेसका १८, नागरिक उन्मुक्तिका सात, एकीकृत समाजवादीका चार र राप्रपाका एक गरी ३० सांसदको समर्थन रहेको दाबीसहित लक्ष्मणकिशोरले मुख्यमन्त्रीमा दाबी गरेका छन्।

सुदूरपश्चिमको मुख्यमन्त्री आफ्नो पार्टीले पाउने पूर्वसहमति प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष ओलीले कार्यान्वयन नगरेको भन्दै असन्तुष्ट एकीकृत समाजवादीको कदमले सत्तागठबन्धनसँग दूरी बनाउने र वैकल्पिक गठबन्धनतिर संकेत गरेको छ। यस्तो अवस्थामा अन्य प्रदेशमा पनि त्यसको 'साइड इफेक्ट' देखिनेछ। राष्ट्रिय सभाको उपाध्यक्षदेखि सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीसम्म धोकैधोका भएको एकीकृत समाजवादीको निष्कर्ष छ।

सुदूरपश्चिममा नयाँ ढंगले राजनीतिक प्रक्रिया अघि बढेको एकीकृत समाजवादीका नेताहरूले बताएका छन्। सुदूरपश्चिमको बाछिटा बागमती, मधेश र लुम्बिनीमा पनि पर्ने उनीहरूको दाबी छ। पछिल्लो परिस्थितिमाथि छलफल गरी आवश्यक निर्णय लिन एकीकृत समाजवादीले बुधबार सचिवालय बैठक बोलाएको छ। बैठकले सत्तागठबन्धनको समीक्षा र भावी रणनीति तय गर्ने एकीकृत समाजवादीका प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले बताए। खतिवडाले आवश्यक परे सत्तागठबन्धनबाटै बाहिरिन पनि सक्ने बताए। 'प्रचण्ड र ओलीले सहमति कार्यान्वयन नगर्दा सुदूरपश्चिममा मात्रै होइन, बागमती, मधेश र लुम्बिनी प्रदेश सरकार पनि अप्ठ्यारोमा पर्ने देखिँदै छ। आवश्यक परे सत्तागठबन्धनबाटै बाहिरिन सक्छौं,' खतिवडाले नयाँ पत्रिकासँग भने।

तर, एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले कांग्रेससहितको समीकरणमा एकीकृत समाजवादी नजाने बताए। वामपन्थीहरूलाई बलियो बनाएर जानुपर्ने आवश्यकता रहेको, तर समीकरणमा सम्मान र सहकार्य हुनुपर्ने उनको मत छ।

'हाम्रो पार्टी दक्षिणपन्थी समीकरणमा सहभागी हुँदैन। वामपन्थी समीकरणमा एक-आपसमा सम्मान र सहकार्य हुनुपर्छ। यसलाई एमाले र माओवादीले गम्भीरतापूर्वक लिनुपर्छ,' उनले भने, 'यदि, त्यो ढंगले दलहरू अगाडि बढेनन् भने उनीहरूकै लागि दुर्भाग्य हुनेछ।'

नेता खनालले देशको परिस्थितिले वामपन्थीको बलियो सरकार माग गरेको बताए। कांग्रेससँग समीकरण गरेर जान नहुनेमा उनले जोड दिए। बरु, प्रतिपक्षमै बसेर पार्टी निर्माणमा लाग्नुपर्ने उनको मत छ। 'देशलाई समाजवादीकै दिशामा अगाडि बढाउने हो भने विगतबाट शिक्षा लिएर अगाडि बढ्नुको विकल्प छैन,' खनालले भने।

वाम सहकार्यका रूपमा प्रचण्ड र ओलीले जोड गरेपछि सत्तासमीकरणमा सहभागी भए पनि व्यवहारमा नदेखिएको एकीकृत समाजवादीको ठम्याइ छ। इलाम र बझाङको उपनिर्वाचनमा पनि छुट्टाछुट्टै उम्मेदवार छन्। राष्ट्रिय सभा उपाध्यक्षमा पनि उसले अन्तिम समयमा गठबन्धनका उम्मेदवारलाई समर्थन गरेको थियो।

नयाँ परिस्थितिमा जसपा र लोसपाको पनि साथ रहने एकीकृत समाजवादीका एक नेताले दाबी गरे। जसपा प्रवक्ता मनीष सुमनले सरकारले सय दिन पूरा गरेपछि समीक्षा गर्ने बताए। उनले भने, 'हामीले अहिले विकल्पबारे सोचेका छैनौं। जहाँसम्म एकीकृत समाजवादीको कुरा छ, सहमति भएको भए कार्यान्वयन हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।'

समाजवादीका नेताहरूका अनुसार सुदूरपश्चिम प्रदेशको नेतृत्व एकीकृत समाजवादीलाई दिने सहमति प्रचण्ड र ओलीले गरेका थिए। आइतबारको बैठकमा एकीकृत समाजवादीका अध्यक्ष नेपालले उक्त सहमति स्मरण गराएका थिए। तर, प्रचण्डले बाध्यता रहेको बताउँदा ओलीले सही थपेका थिए।

त्यसपछि नेपाल जेसुकै निर्णय गर्नुस् भन्दै बालुवाटारबाट बाहिरिएका थिए। स्रोतका अनुसार नेपालको संकेत पाएरै एकीकृत समाजवादी सुदूरपश्चिमले नागरिक उन्मुक्ति पार्टीका लक्ष्मणकिशोर चौधरीलाई लिखित समर्थन गरेको थियो।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले विश्वासको मत लिने वेला प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा प्रचण्ड, ओली र नेपालबीच सुदूरपश्चिमको मुख्यमन्त्री एकीकृत समाजवादीलाई दिने र बागमतीमा आलोपालो प्रणालीअनुसार सुरुमा माओवादीले र त्यसपछि एकीकृत समाजवादीले नेतृत्व गर्ने सहमति भएको थियो। 'उहाँहरूले सुदूरपश्चिममा आलोपालो मुख्यमन्त्रीअन्तर्गत सुरुमा हाम्रो पार्टीलाई दिने सहमति गर्नुभएको थियो,' नेपालको भनाइ उद्धृत गर्दै एकीकृतका एक पदाधिकारीले भने, 'रञ्जिताजीलाई पनि त्यही भन्नुभएको रहेछ।' उनले सुदूरपश्चिमको राजनीतिक घटनाक्रमले आफूलाई खुसी लागेको बताएका छन्।

प्रचण्ड र ओलीको व्यवहारमा अबको राजनीतिक कोर्स कसरी अगाडि बढ्ने भन्ने निर्भर रहेको नेपालले बताएका छन्। पार्टी नेताहरूसँगको कुराकानीमा नेपालले प्रदेशदेखि केन्द्रसम्मै नयाँ ढंगले अगाडि बढ्नुपर्ने हुन सक्ने बताएका छन्। 'सुदूरपश्चिमको जस्तै घटना बागमती, मधेश र लुम्बिनी प्रदेशमा पनि हुन सक्छ। केन्द्रमा पनि फरक ढंगले अगाडि बढ्नुपर्ने अवस्था आउन सक्छ,' नेपालको भनाइ उद्धृत गर्दै एक पदाधिकारीले भने।

माओवादी महासचिव देव गुरुङले एकीकृत समाजवादीले सुदूरपश्चिममा नागरिक उन्मुक्ति पार्टीकै सांसदलाई मुख्यमन्त्रीमा समर्थन गरेकाले सारमा माओवादीको निर्णय सही साबित भएको बताएका छन्। 'समाजवादीले आफैं दाबी गरेको भए अर्कै अवस्था हुन्थ्यो। समाजवादीले पनि नागरिक उन्मुक्ति पार्टीकै सांसदलाई समर्थन गरेपछि मूलतः माओवादी र एमालेको निर्णय सही थियो भन्ने बुझ्न गाह्रो पर्दैन,' गुरुङले भने।

एकीकृत समाजवादी सुरुदेखि नै नयाँ समीकरणप्रति असन्तुष्ट थियो। प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष ओलीले नेपाललाई पटक-पटक भेटेर सहकार्यको प्रस्ताव गर्दा पनि एकीकृत समाजवादीले 'पर्ख र हेर'को नीति लिएको थियो। अध्यक्ष नेपाल नयाँ समीकरणमा सहभागी नहुने पक्षमा थिए।

तर, सम्मानित नेता झलनाथ खनाल र महासचिव घनश्याम भुसालले वाम सहकार्य आवश्यक रहेको र सहकार्य नगरे गलत सन्देश जाने बताएपछि एकीकृत समाजवादी सरकारमा सहभागी भएको थियो। नेपालले गठबन्धन दलको व्यवहारको आधारमा निर्णय गर्नुपर्ने भन्दै सार्वजनिक कार्यक्रममै कांग्रेसलाई चिढ्याउने गरी नबोल्न नेता तथा कार्यकर्तालाई निर्देशन दिएका थिए।

नयाँ समीकरणमा सहभागी हुने क्रममा नेपालले राष्ट्रिय सभा उपाध्यक्ष, मुख्यमन्त्री, मन्त्री र राजनीतिक नियुक्तिको विषय उठाएका थिए। नेपालको मागअनुसार नै पाँचदलीय गठबन्धनले संयुक्त विज्ञप्ति निकाल्दा राष्ट्रिय सभा उपाध्यक्ष एमालेले लिने निर्णय उल्लेख गरिएको थिएन। सोही आधारमा एकीकृत समाजवादीले प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत र माओवादी उम्मेदवार नारायण दाहाललाई राष्ट्रिय सभा अध्यक्षमा मतदान गरेको थियो। सुदूरपश्चिमको मुख्यमन्त्री पनि नपाएपछि ओली र प्रचण्डले फेरि धोका दिएको निष्कर्षमा नेपाल पुगेका हुन्।

चिनियाँ गिरोहले...

पृष्ठ १ बाट क्रमशः

काठमाडौंमा मुद्दा दायर गरेको थियो। जसमध्ये ६० किलो सात सय १६ ग्राम सुन बरामद भएको थियो। सो समूहले थप सुन तस्करी गरेको तथ्य विस्तृत अनुसन्धानबाट खुलेको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दिनेश आचार्यले बताए। 'हामीले विभिन्न विशेषज्ञ र प्राविधिकहरूसमेतको सहयोग लिएर यस विषयमा विस्तृत अनुसन्धान गरेका थियौं,' उनले भने, 'जसमा उनीहरूले धेरै सुन तस्करी गरेको पुष्टि हुन्छ, यसमा अब छुट्टै अभियोजन हुन्छ।'

उनीहरूले ब्रेक सुका साथै पानी तान्ने पम्प, स्मार्ट वाच, इलेक्ट्रिक सेभिङ मिसिनलगायत सामानभित्र लुकाएर दुई हजार आठ सय ३१ केजी सुन तस्करी गरेको सिआइबी स्रोतले बतायो। 'कतिपयमा ब्याट्री हुने ठाउँमा सुन राखेको देखिन्छ,' अनुसन्धानमा आबद्ध सिआइबीका एक अधिकारीले भने, 'ती सामान सुन लुकाउनकै लागि ल्याइएको थियो भन्ने सूक्ष्म अनुसन्धानबाट पुष्टि हुन्छ।'

प्रहरीले चिनियाँहरूले सुन पगाल्न टोखामा बनाएको टहरासहित लाजिम्पाट, सोह्रखुट्टे, बाँसबारीलगायत घरमा स्टोर गरिएका सामानको विश्लेषण गरेको थियो। विदेशबाट आयात गरिएका ती सबै सामान सुन निकालेर राखिएका थिए। आयात गरेको सामानको विवरणका साथै कुन मेसिनमा कति सुन लुकाइएको थियो भन्ने प्राविधिक रूपमा विश्लेषण गरेर सिआइबीले दुई हजार आठ सय ३१ केजीको हिसाब निकालेको हो। यसका लागि सुन, चाँदी तथा फलामसम्बन्धी विज्ञहरूलाई समेत साथमा लिएर सिआइबीले अनुसन्धान गरेको हो।

मेसिनभित्र लुकाएर ल्याइएको सुन विमानस्थलस्थित भन्सारको एक्सरेले पत्ता नलगाउने भएकाले यसरी एक वर्षसम्म सुन तस्करी गरेको सिआइबीका अधिकारी बताउँछन्। तस्करी गरेको धेरैजसो सुन उनीहरूले भारत पुर्‍याउने गरेको अनुसन्धानबाट पुष्टि भइसकेको छ। भारततर्फ सुन तस्करीमा जोडिएका धेरै व्यक्तिको पहिचान प्रहरीले पत्ता लगाउन सकेको छैन।

छिचोलियो...

पृष्ठ १ बाट क्रमशः

हो। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। सिस्नेखोला-नागढुंगा सुरुङमार्ग बनेपछि नौबिसे हुँदै काठमाडौं प्रवेश गर्ने सवारीसाधनको यात्रा केही छोटिनेछ।

२२ अर्ब ८२ करोड रुपैयाँभन्दा बढी लागतमा परियोजना बन्दै छ। जसमा जाइकाले १७ अर्ब १५ करोड रुपैयाँ सहुलियत ऋण उपलब्ध गराएको छ भने बाँकी पाँच अर्ब ६७ करोड नेपाल सरकारले लगानी गरेको छ।

यो आयोजना बनाउन विभाग र निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनबीच २३ सेप्टेम्बर ०१९ मा सम्झौता भएको थियो। ठेक्का प्राप्त जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको साढे तीन वर्षपछि मुख्य टनेल ब्रेक थ्रु भएको हो। ब्रेक थ्रु समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले नेपाल पूर्वाधार विकासको नयाँ गन्तव्यमा प्रवेश गरेको बताए। नागढुंगा सुरुङमार्गले बहुआयामिक रूपमा फाइदा पुग्ने उनको भनाइ छ।

'नागढुंगामा ट्राफिक जाम उच्च हुने गर्छ। त्यसमाथि सडक उकालो पनि छ। यहाँ पहिरोको जोखिमसमेत छ। त्यो अवस्थामा सवारीसाधन आवतजावत गर्न कठिन थियो,' उनले भने, 'तर, अब यो सुरुङमार्गका कारण सवारीसाधनको आवतजावत सहज हुँदै छ। साथै, यसले ढुवानीमार्फत वस्तु तथा सेवाको लागतसमेत कम गर्नेछ।'

उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले सुरुङमार्ग निर्माणलाई पहिलो प्राथमिकतामा राखेको बताए। 'नेपाल अब सुरुमार्गको युगमा प्रवेश गरेको छ। यद्यपि, नेपालले दक्षिण एसियामै पहिलोपटक आफ्नै प्रविधिमा हेटौंडामा सुरुङमार्ग (चुरिया सुरुङमार्ग) बनाएको थियो। त्यो सञ्चालनमा नभए पनि सुरक्षित छ,' उनले भने, 'अहिले पहिलो आधुनिक सुरुङमार्ग ब्रेक थ्रु भएको छ। छोटो समयमा सुरक्षित यात्राका लागि सरकारले सुरुङमार्गलाई पहिलो प्राथमिकतामा राखेको छ।'

त्यस्तै, नेपालका लागि जापानका राजदूत किकुता युताकाले सुरुङमार्गको ब्रेक थ्रुसँगै नेपालमा भविष्यको नयाँ बिहानी प्रारम्भ भएको बताए। नेपाल र जापानका जनताको अपार प्रयासपछि यो सफलता प्राप्त भएको उनको भनाइ छ। यस परियोजनाका कारण नेपालको आर्थिक विकासमा सहयोग पुग्नेसमेत राजदूत युताकाले बताए। 'नेपाल र जापानका जनताले यो परियोजना बनाएका हुन्। यसले नेपाल र जापानको मैत्रीपूर्ण सम्बन्धलाई अझै बलियो बनाउने विश्वास छ,' उनले बताए।

जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का नेपाल प्रमुख आखुवो अकिमित्सुले पनि यो परियोजनाका कारण नेपालको आर्थिक र सामाजिक विकासमा सहयोग पुग्ने बताए। 'यसमा जाइकाको वित्तीय सहयोग मात्रै छैन। नेपालमा प्रविधि भित्र्याउन र यहाँका इन्जिनियरको क्षमता अभिवृद्धिमा पनि सहयोग पुगेको विश्वास छ,' उनले भने, 'आगामी दिनमा पनि यस्तो सहयोग जारी रहेको छ।'

सुरुङमा सञ्चालन कहिलेदेखि ?

परियोजना सञ्चालनमा आउन भने थप एक वर्ष समय लाग्ने बताइएको छ। सुरुङमार्गलाई ब्रेक थ्रु गरेर मात्र हुँदैन, भित्रको सडक कालोपत्रे गर्नुपर्छ। साथै, भित्ताहरू पनि विशेष रूपमा ढलान गर्नुपर्छ। त्यस्तै, नाली बनाउने र लाइनिङ गर्ने काम पनि गर्नुपर्छ। समग्रमा परियोजनालाई फिनिसिङ गर्ने काम बाँकी नै छ।

सुरुङमार्गभित्र अक्सिजनको मात्रा मिलाउने, कन्ट्रोल सिस्टम बनाउने, टेलिफोन जडान गर्ने, रेस्क्यु सेन्टर बनाउने, बिजुली जडान गर्ने, तामक्रम मिलाउनेलगायत काम पनि बाँकी नै छन्। त्यसका लागि ६ महिनाभन्दा बढी समय लाग्ने अनुमान गरिएको छ। सम्पूर्ण निर्माण कार्य सम्पन्न भएपछि पनि सुरुङलाई सञ्चालनका लागि योग्य (स्टेबल) बनाउन थप न्यूनतम ६ महिना समय पर्खनुपर्छ। यसका अलावा आयोजनाअन्तर्गत फ्लाई ओभर बनाउने काम पनि बाँकी छ। यी यस्ता काम सम्पन्न गर्न थप एक वर्ष समय लाग्ने बताइएको छ। बीचमा कुनै प्राविधिक समस्या नआए ०८२ को सुरुवातमा परियोजना सञ्चालनमा आउने अपेक्षा गरिएको छ। हालसम्म परियोजनाको ७३ प्रतिशत भौतिक र ६६.८१ प्रतिशत वित्तीय प्रगति भएको छ।

कस्तो बन्दै छ परियोजना ?

दुई हजार ६ सय ८८ मिटरको मुख्य टनेलको ब्यास ९.५ मिटर रहेको छ, जहाँ दुई लेन सडक हुनेछ। यसको उचाइ ८.३ मिटरको हुनेछ। दुई हजार पाँच सय ५७ मिटरको रेस्क्यु टनेलको ब्यास भने ४.५ मिटर हुनेछ, जहाँ सिंगल लेन सडक हुनेछ। मुख्य टनेलमा मात्रै सवारीसाधन आवतजावत गर्न पाउनेछन्। मुख्य टनेलमा हुन सक्ने दुर्घटनाको उद्धार गर्नका लागि रेस्क्यु टनेल बनाइएको हो, जहाँ सुरक्षाकर्मीको गाडी, एम्बुलेन्स, वारुणयन्त्रजस्ता सवारीसाधन जान पाउनेछन्। बीच-बीचमा क्रस प्यासेज बनाएर मुख्य र रेस्क्यु टनेललाई जोडिएको छ।

दुईपांग्रे (मोटरबाइकलगायत), पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्रक र ठूला आकारका गाडीबाहेक सबै प्रकारका सवारीसाधनलाई टनेल खुला गरिनेछ। यद्यपि, त्यसका लागि शुल्क भने तिर्नुपर्नेछ, त्यस्तो शुल्क निर्धारण गर्न अहिले आवश्यक अध्ययन भइरहेको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले बताए।

सुरुङमार्ग सञ्चालनमा दुवैतर्फका नियन्त्रण कक्ष सञ्चालन हुनेछन्, जहाँबाट सुरुङभित्रका हरेक गतिविधिलाई चौबिसै घण्टा अनुगमन गर्न सकिनेछ। सुरुङभित्र आउन सक्ने आपत्कालीन अवस्थाका लागि रेस्क्यु टिमसमेत त्यहाँ तयार अवस्थामा हुनेछन्।

यस्ता छन् परियोजना बनेपछि हुने फाइदा

यो परियोजना बनेपछि सिस्नेरीबाट नागढुंगासम्मको यात्रा गर्नुपर्ने सडकको दूरी २.८ किलोमिटरले घट्नेछ। काठमाडौं प्रवेश गर्ने सवारीसाधनको ३३ मिनेट समय बचत हुनेछ। काठमाडौंबाट बाहिरिँदा भने २३ मिनेट समय बचत हुनेछ। अर्थात्, अहिलेको सडक सञ्चालनको तुलनामा सोबराबरको समयभन्दा छिटो गन्तव्यमा पुग्न सकिनेछ। यद्यपि, यसको फाइदा यसमै सीमित नहुने विभागका महानिर्देशक ढकाल बताउँछन्।

यसले बहुआयामिक रूपमा फाइदा पुग्ने उनको भनाइ छ। यसले दूरी र समय कम गर्नभन्दा पनि ट्राफिक व्यवस्थापनका लागि उपयुक्त हुने उनको भनाइ छ। 'यो परियोजना ट्राफिक व्यवस्थापनका लागि निकै महत्त्वपूर्ण छ। त्यो ठाउँमा सवारीको चाप तथा जाम पटक-पटक हुन्छ। त्यसले गर्दा यात्राको समय पनि लम्बिएको हुन्छ,' उनले भने, 'यो सुरुङमार्ग बनेपछि त्यहाँको ट्राफिक व्यवस्थापनमा ठूलो सहयोग पुग्नेछ। सोहीअनुसार यो परियोजनालाई हेर्नुपर्छ।'

त्यस्तै, नागढुंगा सडक उकालो छ। उकालो भएका कारण त्यहाँ ठूला बस तथा मालवाहक ट्रकहरूलाई गुड्न समस्या हुनेछ। इन्धन बढी खपत हुने र समय पनि बढी लाग्नेजस्ता समस्या छ। कहिलेकाहीँ बाटोमै ट्रक बिग्रिँदा घण्टौंसम्म जाम हुने समस्या थियो। तर, टनेल बनेपछि त्यस्तो समस्या समाधान हुन सक्ने विभागका अधिकारीहरू बताउँछन्।

नेपालमा दक्षिण एसियाकै पहिलो सुरुङमार्ग

महेन्द्र राजमार्गअन्तर्गत हटौंडा-पथलैयामा २३९ मिटरको सुरुङमार्ग सन् १९१८ (१९७५/७६) मै बनाइएको थियो। त्यसलाई चुरिया-अमलेखगन्ज सुरुङमार्ग भन्ने गरिन्छ। यो नेपालको मात्रै नभएर दक्षिण एसियाकै पहिलो सुरुङमार्ग हो। ०१६ सम्म सञ्चालन भएकोमा अन्य विकसित सडक आएपछि यो सुरुङमा गाडी गुड्न छाड्यो। यद्यपि, मान्छेको आवातजावत भने भइरहेको हुन्थ्यो। तर, माओवादी युद्धका कारण ०५२ यता त्यहाँ मान्छे हिँड्न छोडेका थिए। हाल उक्त सुरुङमार्ग संरक्षित राखिएको छ। यसबाहेक मनाङमा मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाले तीन सय १२ मिटरको र दोलखामा माथिल्लो तामाकोशी परियोजनाले तीन सय ३७ मिटरको सुरुङमार्ग बनाएका थिए। यी दुवै सुरुङमार्ग अहिले नियमित रूपमा सञ्चालित छन्।

यी हुन् निर्माणाधीन सुरुङमार्ग

सिद्धार्थ राजमार्गको पाल्पा खण्डमा एक हजार एक सय २६ मिटर लामो सुरुङ (सिद्धबाबा) खन्ने काम जारी छ। चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख रुपैयाँमा ठेक्का लिएर गत माघदेखि यो परियोजना बनाइरहेको छ। हालसम्म झन्डै एक सय २० मिटर सुरुङ खनिएको छ। यो परियोजना सन् २०२७ सम्म सक्ने लक्ष्य छ।

त्यस्तै, निर्माणाधीन काठमाडौं-तराई द्रुतमार्गमा ६ सुरुङ बन्दै छन्। त्यसमा तीन सुरुङमार्ग निर्माणको चरणमा छन्। द्रुतमार्गमा महादेवटार, धेद्रे र लेनडाँडामा ६.७८ किलोमिटर लामो तीन सुरुङमार्ग बन्दै छन्। हालसम्म त्यसमा ७५ प्रतिशतसम्म भौतिक प्रगति भएको छ। ३३५५ मिटरको महादेवटार, १६३० मिटरको धेद्रे र १४३० मिटर लेनडाँडामा सुरुङमार्ग आगामी मंसिरभित्रै ब्रेक थ्रु गर्ने तयारी छ।

त्यस्तै, द्रुतमार्गमै २.२ किलोमिटरको थप तीन सुरुङमार्ग पनि बन्दै छन्। खोकनामा तीन सय मिटर, चन्द्राङ भिरमा नौ सय मिटर र रामचन्द्र भिरमा एक किलोमिटरको सुरुङमार्ग बन्दै छ। हाल यसको निर्माणका लागि खरिद प्रक्रिया अघि बढेको नेपाली सेनाले जनाएको छ।

चिनियाँ सहयोगमा काठमाडौंको टोखाबाट नुवाकोटको शिवपुरी जोड्न पनि चार किलोमिटर हाराहारीमा सुरुङमार्ग बन्दै छ। चिनियाँ सहयोगमा यो परियोजना बन्दै छ, हाल यसका लागि अन्तिम चरणको वार्ता भइरहेको छ। यो सुरुङमार्ग बने काठमाडौं र चिनियाँ सीमाबीचको यात्रा छोट्टिनेछ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कावाशोती, नवलपरासी (ब.सु.पू.) को तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०१/०४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०६७ साल ०९ महिना २८ गते रोज ४ मा प्रा.फ.र.नं. ४०२/२३९२/०६७ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय, कावासोतीमा मिति २०६७/०९/३० मा स्थायी लेखा नम्बर (PAN) ३०४४७८६०६ अन्तर्गत दर्ता कायम भएको **सीता फेन्सी पसल**।
प्रोप्राईटर : सीता देवी खनाल

२. नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, वर्दघाट सुस्ता पूर्व, नवलपुरमा मिति २०७७ साल श्रावण महिना ०४ गते मा प्रा.फ.द.नं. ६२७/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय कावासोतीमा मिति २०७६/०२/१० मा स्थायी लेखा नम्बर (PAN) ६१०७०१५१३ अन्तर्गत दर्ता कायम भएको **मनिक सुज हाउस**।
प्रोप्राईटर : मोनिका शर्मा अधिकारी

व्यक्तिगत जमानीकर्ताको विवरण

१. भगेश्वर खनालको बुहारी, हरी प्रसाद खनालको पत्नि, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ बस्ने **सीता देवी खनाल** (ना.प्र.नं. ९/३५६७, जारी मिति २०४५/०१/०१, जि.प्र.का. नवलपरासी)।	२. खडानन्द खनालको नाति, हरी प्रसाद खनालको छोरा, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ बस्ने **कमल खनाल** (ना.प्र.नं. २८८८४, जारी मिति २०५९/०८/०६, जि.प्र.का. नवलपरासी)।
३. खडानन्द खनालको बुहारी, कमल खनालको पत्नी, नवलपरासी जिल्ला, साविक कावासोती गा.वि.स./न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ बस्ने **मोनिका शर्मा अधिकारी** (ना.प्र.नं. ३६-२-०१६/१००, जारी मिति २०६४/०३/०३, जि.प्र.का. नवलपरासी)।	४. खडानन्द खनालको नाति, हरी प्रसाद खनालको छोरा, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ बस्ने **मेघ नाथ खनाल** (ना.प्र.नं. ई-४४८०३, जारी मिति २०६२/०३/०८, जि.प्र.का. नवलपरासी)।

धितोको विवरण

१. **ऋणी सीता फेन्सी पसलको नाममा धितोबन्धकी कायम रही ऋणी मनिक सुज हाउसको नाममा दोहोरो धितोबन्धकी कायम रहेको** भगेश्वर खनालको बुहारी, हरी प्रसाद खनालको पत्नि, नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ बस्ने सीता देवी खनाल (ना.प्र.नं. ९/३५६७, जारी मिति २०४५/०१/०१, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक शिवमन्दिर गा.वि.स. वडा नं. ३ ख हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ स्थित कित्ता नं. २६५ र ५५२ को क्षेत्रफल क्रमशः ०-०-१७.७५ र ०-०-१७ (विघा) र साविक नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. २ क हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ३ स्थित कित्ता नं. ११९५ को क्षेत्रफल ०-०-१४-०.५० (विघा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. नवलपरासी जिल्ला, शिवमन्दिर गा.वि.स. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा मिति २०६७ साल ०९ महिना २८ गते रोज ४ मा प्रा.फ.र.नं. ४०२/२३९२/०६७ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय, कावासोतीमा मिति २०६७/०९/३० मा स्थायी लेखा नम्बर (PAN) ३०४४७८६०६ अन्तर्गत दर्ता कायम भएको सीता फेन्सी पसलको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

३. नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. २ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, गण्डकी प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी, वर्दघाट सुस्ता पूर्व, नवलपुरमा मिति २०७७ साल श्रावण महिना ०४ गते मा प्रा.फ.द.नं. ६२७/०७७/०७८ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुर र करदाता सेवा कार्यालय कावासोतीमा मिति २०७६/०२/१० मा स्थायी लेखा नम्बर (PAN) ६१०७०१५१३ अन्तर्गत दर्ता कायम भएको मनिक सुज हाउसको स्वामित्वमा रहेको मालसमान तथा आय प्राप्ती (Goods and Assignments of Receivable) उपर हाइपोथिकेशन सुरक्षण।

Siddhartha Bank
शाखा कार्यालय : कावाशोती, नवलपरासी (ब.सु.पू.)
फोन नं. ०७८-५४११३३
Website : www.siddharthabank.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय विर्तामोडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/०१/०४ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय विर्तामोडबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८१ वैशाख ११ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय विर्तामोडमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पतिको विवरण
नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय काठमाण्डौ कम्पनी ऐन २०६३ अन्तर्गत मिति २०७४/१२/०५ मा दर्ता नं. १८५९८२/०७४/०७५ कायम भई करदाता सेवा कार्यालय भद्रपुर झापाबाट मिति २०७५/०२/०३ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०६७५३६५४ को प्रमाणपत्र प्राप्त झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं. ११ मा रजिष्टर्ड कार्यालय रहेको **अष्ट लक्ष्मी इन्टरनेशनल ट्रेडिङ्ग कम्पनी प्रा. लि.**।	१. **विङ्गा रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ३०४ र ६६४ को क्षेत्रफल क्रमश १५९.९८ र ७६.१८ (व.मि.) को जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। २. **विङ्गा रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी न.पा. वडा नं. ०३ स्थित कित्ता नं. ११४४ को क्षेत्रफल २२४.३४ (व.मि.) को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। ३. **विङ्गा रायमाझी**को नाममा मालपोत कार्यालय झापामा दर्ता कायम रहेको झापा जिल्ला, दुवागढी गा.बि.स वडा नं. ०४ स्थित कित्ता नं. ३८४७ को क्षेत्रफल ०-६-१० को जग्गा/घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **राधा श्याम भण्डारी** ना.प्र.नं.: ७५९२२/२३६१ जारी मिति: २०६१/०९/२९, जि.प्र.का. इलाम बाबु: गोविन्द भण्डारी बाजे: धनराज भण्डारी स्थायी ठेगाना: ईलाम जिल्ला, पञ्चकन्या गा.बि.स., वडा नं. ०४ हालको ठेगाना: झापा जिल्ला, विर्तामोड न.पा., वडा नं. ०५	२. **विङ्गा रायमाझी** ना.प्र.नं.: ०१/५२३५ जारी मिति: २०६३/०९/१९, जि.प्र.का. झापा बाबु: तोरणबहादुर राय बाजे: चन्द्र बहादुर राय पति: राधा श्याम भण्डारी स्थायी ठेगाना: झापा जिल्ला, चन्द्रगढी गा.बि.स., वडा नं: ०६ हालको ठेगाना: झापा जिल्ला, विर्तामोड न.पा., वडा न. ०५

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८१ वैशाख १० गते** भित्र बैंकको शाखा कार्यालय विर्तामोडमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय विर्तामोडबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८१ वैशाख ११ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय विर्तामोडमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय विर्तामोडमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८१ वैशाख ११ गते मंगलबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय विर्तामोड फोन नं. ०२३-५३४५४०

भूकम्प, बाढीपहिरो, आगलागीसहितका विपत्पछिको पुनर्निर्माणका लागि अब समान अनुदान

ठूला विपत्मा संघ सरकारकै लगानी बढी रहने गरी अनुदान कार्यविधि संशोधन गरिँदै



● **गोमादेवी चेम्जोङ**, प्रवक्ता, विपत् व्यवस्थापन प्राधिकरण

यो विषय समेट्न विपत् नियमावली संशोधन हुँदै छ, रायका लागि कानुन मन्त्रालयमा गएको छ, छिट्टै संशोधन हुन्छ। त्यसपछि कार्यविधिमा उल्लेख भएअनुसार अनुदान उपलब्ध गराउन बाटो खुल्नेछ।



यम बम/नयाँ पत्रिका

सरकारले भूकम्प, बाढीपहिरो, डुबान, सुक्खा पहिरो र हिमपहिरो, आगलागी (वन डढेलोसमेत), चट्याङ, हावाहुरीहितका विपत्पछिको पुनर्निर्माणका लागि समान अनुदान उपलब्ध गराउने भएको छ। उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको अध्यक्षतामा सोमबार बसेको राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको २१औँ बैठकले 'विपत् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, ०८१ स्वीकृत गरेसँगै अनुदानका लागि बाटो खुलेको हो।

यसअघि मनसुनजन्य विपत् र आगलागीबाट भएको क्षतिपछि निजी आवास पुनर्निर्माणका लागि अनुदान दिन छुट्टाछुट्टै कार्यविधि थिए। ०७२ को भूकम्पपछिको पुनर्निर्माणको काम सकिएसँगै पुनर्निर्माण प्राधिकरण विघटन भएपछि त्यसपछिका भूकम्पपछिको पुनर्निर्माणका लागि अनुदान दिने कानुनी आधार थिएन।

विपत् व्यवस्थापन प्राधिकरणकी प्रवक्ता गोमादेवी चेम्जोङका अनुसार कार्यकारी समितिको बैठकले भौगोलिक अवस्था र पूर्वाधारको उपलब्धतालाई आधार मानेर क, ख र ग श्रेणीमा विभाजन गरी अनुदान उपलब्ध गराउने गरी कार्यविधि स्वीकृत गरेको छ। तर, अनुदानमा लागत सहभागिता (संघ, प्रदेश र स्थानीय तहको योगदान) तोक्न बाँकी छ। 'यो विषय समेट्न विपत् नियमावली संशोधन हुँदै छ, रायका लागि कानुन मन्त्रालयमा गएको छ, छिट्टै संशोधन हुन्छ,' उनले भनिन्, 'त्यसपछि कार्यविधिमा उल्लेख भएअनुसार अनुदान उपलब्ध गराउन बाटो खुल्नेछ।' संघले ५०, प्रदेशले ३० र स्थानीय तहले २० प्रतिशत लागत व्यहोर्ने, तर ठूला विपत्मा भने संघ सरकारकै लगानी बढी रहने गरी संशोधन अगाडि बढाइएको हो।

■ निजी आवास पुनर्निर्माणका लागि तीनदेखि पाँच लाखसम्म अनुदान

यसअघि विपत्पछिको पुनर्निर्माणमा हिमाल, पहाड र तराईका जिल्ला छुट्याएर अनुदान दिइन्थ्यो। तर, अब भौगोलिक अवस्था, सडक सञ्जाल र पुनर्निर्माणका लागि आवश्यक पर्ने निर्माण सामग्रीको उपलब्धता, मूल्यलाई आधार बनाएर वर्गीकरण गरिएको छ। प्राधिकरणका सहसचिव भरतमणि पाण्डेका अनुसार 'क' श्रेणीमा हिमालका धेरैजसो र पहाडका केही जिल्ला छन्, जहाँ भौगोलिक विकटता, सडकको पहुँच नपुगेको र निर्माण सामग्रीका सहज उपलब्धता नहुने भएकाले पुनर्निर्माण, प्रबलीकरण महँगो पर्ने जान्छ।

'ख' श्रेणीमा धेरैजसो पहाडी जिल्ला र केही तराईका जिल्ला पनि रहेका छन्, जहाँ तुलनात्मक रूपमा भौगोलिक सहजता भए पनि सडक पूर्वाधार बलियो नरहेको र निर्माण सामग्रीको लागत सुगमभन्दा धेरै पर्ने जिल्ला रहेका छन्। 'ग' श्रेणीमा विकसित मानिएका जिल्ला र सडक पूर्वाधारको सहज उपलब्धतासँगै निर्माण सामग्रीको लागत कम रहेका जिल्ला छन्। जसअनुसार निजी आवास पुनर्निर्माणका लागि 'क' श्रेणीका जिल्लामा पाँच लाख, 'ख'मा चार लाख र 'ग' मा बढीमा तीन लाखका दरले तीन किस्तामा उपलब्ध गराइनेछ। आवास प्रबलीकरणमा भने ५० हजारदेखि एक लाखसम्म उपलब्ध गराइनेछ।

विपत्मा परेका परिवारलाई पुनर्स्थापना नै गनुपर्ने स्थिति रहेमा घडेरी खरिदका लागि थप तीन लाखसम्म अनुदान दिने व्यवस्था कार्यविधिमा छ भने विपन्न र संकटासन्न (आफैंले आवास निर्माण गर्न नसक्ने परिवारलाई अनुदान रकममा ५० हजार रुपैयाँ थप गरिनेछ। तर, यो कार्यविधिले मनसुनजन्य विपत्बाट क्षतिको हकमा ३० जेठ ०७७ पछि, आगलागीजन्य विपत्बाट क्षतिको हकमा १ मंसिर ०७७ पछि, भूकम्पबाट क्षतिको हकमा १ जेठ ०७८ पछि र डुबान, चट्याङ, पहिरो, हावाहुरीबाट क्षतिको हकमा कार्यविधि स्वीकृत भएको मिति (३ वैशाख)भन्दा पछि विपत्बाट क्षति भएका निजी आवास प्रबलीकरण, पुनर्निर्माण वा पुनर्स्थापनाका लागि लागू हुनेछ।

■ जाजरकोट, बझाङ र डोटी भूकम्पपछिको पुनर्निर्माणका लागि विस्तृत अध्ययन गरिने

प्राधिकरणका सहसचिव पाण्डेका अनुसार अब जाजरकोट, बझाङ र डोटी भूकम्पपछिको पुनर्निर्माणका लागि विस्तृत अध्ययन गरिने भएको छ। 'अनुदान उपलब्ध गराउने बाटो खुलेको छ, सरकारले स्रोत सुनिश्चित गरेमा पुनर्निर्माणको काम सुरु हुन्छ,' उनले भने। प्राधिकरणले तीनवटा भूकम्पपछिको पुनर्निर्माणका लागि ७२ अर्ब ४५ करोड ८९ लाख चाहिने प्रतिवेदन गत पुसमै सरकारलाई दिएको थियो। तर, विस्तृत अध्ययन भइसकेको छैन। तीनवटा भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणमा मात्र ५२ अर्ब १० करोड सात लाख लागत अनुमान गरिएको छ। रुकुम पश्चिम, जाजरकोट, सल्यान, रोल्पा, दैलेख, जुम्ला, कालीकोट, दाङ, प्युठान, रुकुम पूर्व, बझाङ, बाजुरा, बैतडी, अछाम, डडेल्धुरा, दार्चुला र डोटीमा ९५ हजार सात सय ८७ निजी आवास बनाउनुपर्नेछ।

गत १७ कात्तिकमा जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पबाट एक सय ५४ जनाको ज्यान गएको थियो भने त्यसअघि १६ असोजमा बझाङको चैनपुर केन्द्रविन्दु भएर गएको ६.३ म्याग्निच्युडको भूकम्पले एकजनाको ज्यान गएको थियो। २२ कात्तिक ०७९ मा डोटीको पूर्वीचौकी केन्द्रविन्दु भएर गएको ६.६ म्याग्निच्युडको भूकम्पले ६ जनाको मृत्यु भएको थियो। सरकारले तीनवटै भूकम्पबाट क्षतिग्रस्त संरचनाको पुनर्निर्माण एकसाथ गर्ने तयारी गरेको छ। कार्यविधिले विपत्बाट निजी आवासमा भएको क्षतिको प्रारम्भिक लेखाजोखा स्थानीय तहमार्फत हुने र विस्तृत क्षति आकलन स्थानीय तहले र नसकेमा प्रदेश वा प्राधिकरणमा माग गर्ने भनेको छ। प्रभाव मूल्यांकन स्थानीय तहले र नसकेमा प्रदेश वा प्राधिकरणको समन्वयमा हुनेछ भने लाभग्राही पहिचान स्थानीय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले गर्नेछ। लाभग्राही कायम भने जिल्ला विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिले स्थानीयबाट प्राप्त विवरणको अध्ययन र विश्लेषण गरी गर्नेछ।

कुन जिल्लामा कति अनुदान ?

● 'क' श्रेणीका जिल्ला (भौगोलिक विकटता, सडकको पहुँच नपुगेको र निर्माण सामग्रीका सहज उपलब्धता नहुने भएकाले पुनर्निर्माण, प्रबलीकरण महँगो पर्ने) : **पाँच लाख**

● 'ख' श्रेणीका जिल्ला (भौगोलिक रूपमा सहजता भए पनि सडक पूर्वाधार बलियो नरहेका र निर्माण सामग्रीको लागत सुगमभन्दा धेरै पर्ने जिल्ला) : **चार लाख**

● 'ग' श्रेणीका जिल्ला (विकसित मानिएका र सडक पूर्वाधारको सहज उपलब्धतासँगै निर्माण सामग्रीको लागत कम रहेका जिल्ला) : **तीन लाख**

● आवास प्रबलीकरणमा : **५० हजारदेखि एक लाखसम्म**

■ प्रक्रियागत अलमलले आवासको मौलिक हक संकुचित नहोस् : गृहमन्त्री



उपप्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछानेले विपत्बाट प्रभावित नागरिकको पीडा महसुस गर्दै प्रभावित नागरिकलाई गरिने पुनर्स्थापना तथा पुनर्निर्माण कार्य शीघ्र र तत्काल सम्पादन गरिनुपर्ने बताएका छन्। विपत् व्यवस्थापन कार्यकारी समितिको २१औँ बैठकमा उनले भने, 'प्रक्रियागत अलमल र कानुनी जटिलताका कारण नागरिकको राहत तथा आवासको मौलिक हक संकुचित नहोस् भन्नेमा हामी सबै सचेत हुनुपर्छ।' संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशीले स्थायी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान प्रदान गर्दा पालिकाको भौगोलिक वर्गीकरण वैज्ञानिक तरिकाले गर्न सुझाव दिए।

■ १६ वैशाखपछि अस्थायी आवासका लागि सम्झौता नहुने

जाजरकोट, डोटी र बझाङ भूकम्पपीडितका लागि अस्थायी आवासको कार्यक्रम चालू आवधिभित्रै सक्ने लक्ष्य सरकारले लिएको छ। जसअनुसार कार्यकारी समितिको बैठकले अस्थायी आवास निर्माणका लागि १६ वैशाखपछि सम्झौता नगर्ने निर्णय गरेको हो। सरकारले प्रतिअस्थायी आवास निर्माण लागि ५० हजार (दुई किस्तामा) ४ मंसिरबाट अनुदान निकासा सुरु भएको थियो। तर, पालिकाबाट कायम भएका ८५ हजार ६ सय ९० लाभग्राहीमध्ये ७५ हजार तीन सय ९० ले मात्र सम्झौता गरेका छन्। जसमध्ये ६७ हजार नौ सय २२ अस्थायी आवास बनिसकेका छन् भने चार हजार तीन सय ३९ निर्माणको चरणमा छन्।

■ काठमाडौंका ५७ स्कुल र स्वास्थ्य संस्था पुनर्निर्माणका लागि बजेट व्यवस्थापन गरिने

कार्यकारी समितिको बैठकले विपत् जोखिम दृष्टिकोणबाट उच्च जोखिममा रहेका काठमाडौं उपत्यकाका ५७ वटा योजना (विद्यालय, स्वास्थ्य संस्था, स्थानीय तहका भवन र पुल) पुनर्निर्माणका लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गरेको छ। उपत्यकाका ५७ विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन र पुल भूकम्पको उच्च जोखिममा रहेको समाचार नयाँ पत्रिकाले गत ४ माघमा प्रकाशन गरेको थियो। समितिको बैठकले यी संरचना पुनर्निर्माणका लागि शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संघीय मामिला मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय र सहरी विकास मन्त्रालयको बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्न अनुरोध गरेको छ।

टिपर दुर्घटनामा चालकको मृत्यु

रामेछाप/ मन्थली नगरपालिका- ७ भटौलीमा सोमबार बिहान बागमती प्रदेश ०१-००६ ख ३८३९ नम्बरको टिपर दुर्घटना हुँदा चालक २० वर्षीय पवित्र बस्नेतको मृत्यु भएको छ। टिपर सहचालक दोलखा तामाकोसी गाउँपालिका- ६ च्यामा बस्ने अन्दाजी २१ वर्षीय मनोज फुँयाल गम्भीर घाइते भएका छन्। उनको हाल मन्थली अस्पतालमा उपचार भइरहेको छ। मन्थली नगरपालिका-७ भटौलीको तामाकोसी नदीको पोडेदहबाट बालुवा लोड गरी सदरमुकाम मन्थलीतर्फ आउँदै गरेको टिपर पिपलबोटनजिकैको सडकबाट करिब ५० मिटर तल नदी किनारमा खसेको थियो। घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी नायब उपरीक्षक प्रदीपकुमार सिंहले जानकारी दिए।

उपत्यकाको भिआइपी क्षेत्रको सडकमा 'किप क्लियर' नियम

काठमाडौं/ काठमाडौं उपत्यकमा सुरक्षा र ट्राफिक व्यवस्थापनका दृष्टिकोणले अति संवेदनशील सडकमा ट्राफिक प्रहरीले 'किप क्लियर'को नियम लागू गरेको छ। शीतलनिवास, प्रधानमन्त्रीनिवास बालुवाटारको ३ नम्बर गेट, प्रहरी प्रधान कार्यालयको दक्षिण गेट र बानेश्वरको संसद् भवन सडकमा यस्तो नियम लागू गरिएको छ।

नयाँ नियमअनुसार ती सडकखण्डमा सवारीसाधन रोक्न पाइँदैन। जाम भएको अवस्थामा समेत सो सडकखण्ड खाली राख्नुपर्ने नियम छ। नियम मिचेमा ट्राफिक प्रहरीले कारबाही गर्नेछ। ट्राफिक व्यवस्थापन र सुरक्षाका लागि 'किप क्लियर' को नियम चार ठाउँमा सुरु गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठले बताए। 'ट्राफिक व्यवस्थापनमा यो अन्तर्राष्ट्रिय प्रयास हो,' उनले भने, 'हाम्रोमा पहिलोपटक सुरु गरिएको हो।' सो सडकमा ट्राफिक प्रहरीले 'किप क्लियर'को संकेतसमेत



राखिसकेको छ। आवश्यकअनुसार अन्य ठाउँमा पनि यो नियम लागू हुन सक्ने एसएसपी श्रेष्ठले बताए।

■ माइतीघर, सिंहदरबार र पुतलीसडकमा 'शून्य सहनशीलता'को नीति

काठमाडौंको माइतीघर, सिंहदरबार र पुतलीसडक खण्डमा ट्राफिक प्रहरीले ट्राफिक नियम उल्लंघनविरुद्ध शून्य सहनशीलताको नीति लिएको छ। सवारीसाधनको अत्यधिक चाप हुने भएकाले यी क्षेत्रमा अन्यत्रभन्दा थप कडाइ गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक श्रेष्ठले बताए। जसअन्तर्गत सामान्य किसिमको ट्राफिक नियम उल्लंघनमा पनि कारबाही गरिने उनको भनाइ छ। हाल उपत्यकामा ट्राफिक प्रहरीले ट्राफिक सचेतना विशेष अभियान सञ्चालन गरिरहेको छ। सोही अभियानअर्न्तगत सवारीको धेरै चाप हुने ठाउँमा नियम उल्लंघनविरुद्ध ट्राफिक प्रहरीले आक्रामक रणनीति कार्यान्वयन गरेको छ।

संक्षेप

मेडिकल शिक्षामा दोषी देखिएकामाथि कारबाहीका लागि अख्तियारलाई पत्राचार गरिने

काठमाडौं/ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन २०७४' मा दोषी देखाएकामाथि थप अनुसन्धान र कानुनी कारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गर्ने निर्णय गरेको छ। सोमबार शिक्षामन्त्री सुमना श्रेष्ठ, शिक्षासचिव सुरेश अधिकारीसहितको बैठकले यस्तो निर्णय गरेको हो। शिक्षासचिव अधिकारीले आयोगको जानकारी र थप अनुसन्धानका लागि प्रतिवेदन पठाउने निर्णय गरेको बताए। 'प्रतिवेदनमाथि थप अध्ययन र आयोगको जानकारीका लागि पठाउने निर्णय भएको छ, बाँकी कुरा अख्तियारले हेर्छ,' उनले भने। जाँचबुझ आयोगले अध्ययन गरी तयार पारेको प्रतिवेदन ६ वर्षसम्म सार्वजनिक भएको थिएन। शिक्षामन्त्री श्रेष्ठले चार दिनअघि प्रतिवेदन सार्वजनिक गरेकी हुन्। उनले प्रतिवेदनका आधारमा दोषीमाथि कारबाही गर्ने बताउँदै आएकी छिन्। प्रतिवेदनमा एमबिबिएससहित विभिन्न तहका शुल्क तोक्नेदेखि त्रिविका उच्चपदस्थ अधिकारीलगायतमाथि कारबाहीसम्मको सिफारिस गरिएको छ।

आन्दोलनमा घाइते राप्रपा कार्यकर्ता डाँगीको मृत्यु

काठमाडौं/ राप्रपाको आह्वानमा २७ चैतमा काठमाडौंकेन्द्रित प्रदर्शनका क्रममा प्रहरीले प्रहार गरेको अश्रुग्यास लागेर घाइते भएका ठाकुरप्रसाद डाँगीको सोमबार मृत्यु भएको छ। छाउनीस्थित वीरेन्द्र सैनिक अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको राप्रपाले जनाएको छ। राप्रपाले डाँगीलाई सहिद घोषणा गर्न र परिवारलाई क्षतिपूर्ति दिन सरकारसँग माग गरेको छ। डाँगी राप्रपा बर्दियाको मधुवन नगर कार्यसमितिका संस्थापक अध्यक्ष थिए। 'प्रदर्शनमा प्रहरीको अन्धाधुन्ध लाठीचार्ज, पानीको फोहोरा र अश्रुग्यास प्रहारबाट चार दर्जनभन्दा बढी घाइते भएका, तीमध्ये कैयौं घाइते उपचारपछि घर फर्किसकेको र जटिल शल्यक्रिया गर्नुपर्ने ६ जना अझै उपचारको क्रममा विभिन्न अस्पतालमा छन्,' राप्रपा प्रवक्ता मोहन श्रेष्ठले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

राप्रपाले डाँगीको निधनबाट पार्टीलाई ठूलो क्षति पुगेको जनाएको छ। 'संविधान प्रदत्त अधिकारको उपभोग गर्दै शान्तिपूर्ण प्रदर्शनमा उत्रिएकाहरूमाथि भएको प्रशासनिक दमन निन्दनीय छ,' श्रेष्ठले भनेका छन्, 'नागरिकको हत्या गरिनु कायरता र लोकतन्त्रको उपहास हो। डाँगीलाई सहिद घोषणा गर्न र परिवारलाई क्षतिपूर्ति प्रदान गर्न राप्रपा सरकारसँग माग गर्दछ।' राप्रपाले डाँगीको निधनमा शोक प्रकट गर्न पार्टीको ७७ वटै जिल्ला कार्यालयमा तीन दिन पार्टीको झन्डा आधा झुकाउने र १३औँ दिनको पुण्यतिथिमा केन्द्रमा र सम्पूर्ण जिल्लामा शोकसभा गर्ने निर्णय गरेको छ। पछिल्लो परिस्थिति र डाँगीको मृत्युलगायतका विषयमा समीक्षा गर्न राप्रपाले १६ वैशाखमा केन्द्रीय कार्यसम्पादन समिति बैठक बोलाएको प्रवक्ता श्रेष्ठले बताए।

अवैध सामानसहित दुईजना पक्राउ

बाँके/ प्रहरीले एकै दिन दुई लाख १० हजार मूल्यबराबरको अवैध सामान बरामद गरेको छ। नेपालगन्ज उपमहानगरपालिका वडा नम्बर १५ र १६ बाट दुई लाख १० हजार मूल्य पर्ने अवैध सामान बरामद गरिएको बाँकेका प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले जानकारी दिए। भारतबाट अवैध रूपमा सामान ल्याइरहेको गोप्य सूचनाका आधारमा खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा फेला पारेको उनले बताए। सामानसहित दुईजनालाई समेत नियन्त्रणमा लिएर कारबाही अगाडि बढाइएको बाँके प्रहरीले जनाएको छ। डिएसपी डाँगीका अनुसार प्रहरीले लेडिज सुट, टायल, कार्पेट, कस्मेटिक सामान बरामद गरेको छ। अवैध सामान ओसार्न प्रयोग भएको मोटरसाइकलसमेत बरामद गरी आवश्यक कारबाहीका लागि नेपालगन्ज भन्सार कार्यालयमा बुझाइएको उनले बताए।

दुई सातादेखि शोकमै छ अरबी खाँको परिवार

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

दुई साता बित्दासमेत प्रहरीले नेपालगन्ज उपमहानगरपालिका- २१, बिर्ताका मोहम्मद अरबी खाँको हत्यारा पत्ता लगाउन नसकेपछि पीडित परिवारमा झन् पीडा थपिएको छ। हत्या भएको १६ दिन बित्दासमेत खाँको हत्यामा संलग्न व्यक्ति पक्राउ गर्न नसकेपछि पीडित परिवारले प्रहरीको अनुसन्धानमाथि नै आशंका गरेका छन्।

१८ चैत राति बिर्ताका २२ वर्षीय मोहम्मद अरबी खाँको घाँटी रेटेर हत्या भएको थियो। उनको शव १९ चैत बिहान घरदेखि एक किलोमिटर पूर्व ईंटाभट्टानजिक फेला परेको थियो। घाँटी र पेटमा गम्भीर चोट लागेको अवस्थामा फेला परेका खाँको साथमा रहेको मोबाइल सेटसमेत गायब भएकाले सुनियोजित तरिकाले उनको हत्या गरिएको प्रहरीले आशंका गरेको छ। 'प्रहरीले अनुसन्धान गरिरहेका छौं भन्छ, तर १६ दिन बित्दासमेत अपराधी पत्ता लगाउन सकेको छैन। प्रहरीले अनुसन्धानमा हेलचेक्र्याइयाँ गरिरहेको छ कि भन्ने आशंका छ,' मृतक खाँका काका अब्दुल रहमान खाँले भने, 'अनुसन्धानको नाममा परिवारका सदस्यलाई प्रहरीले झुक्याइरहेको छ भन्ने हामीलाई लागेको छ।'

प्रहरीले चाहेको भए तत्काल पक्राउ गर्न सक्ने बताउँदै उनले विभिन्न बहाना बनाएर दुःख दिइरहेको गुनासो गरे। 'अनुसन्धान भइरहेको छ नआत्तिनुस भनेर आश्वासनमात्र दिन्छ। १६ दिन बित्दासमेत पक्राउ नगर्नुले प्रहरीको अनुसन्धानमाथि आशंका गर्ने ठाउँ उब्जिएको छ,' उनले भने।

वास्तविक अपराधी पत्ता लगाउन र निर्दोषलाई नफसाउन परिवारजनले प्रहरीसँग आग्रह गरेका छन्। वास्तविक अपराधी फेला नपर्दासम्म शव नबुझ्ने मृतकका परिवारले अडान लिए पनि प्रहरीको आग्रहमा शव बुझेको निवर्तमान वडाध्यक्षसमेत रहेका हजुरबुवा रञ्जित खाँले बताए। 'हत्यारा पत्ता नलागेसम्म शव नबुझ्ने अडानमा थियौं।



अर्धचेत अवस्थामा मोहम्मद अरबी खाँकी पत्नी साबिया खाँ।

हाम्रो महान् तथा पवित्र पर्व इद परेकाले शव बुझेर अन्तिम संस्कार गर्थ्यौं, इद नपरेको भए शव बुझ्ने थिएनौं,' उनले भने।

हत्यामा संलग्न व्यक्ति पक्राउ गर्न नसकेपछि थप अनुसन्धानका लागि प्रहरीले सिआइबीलाई गुहारेको छ। मोहम्मद अरबीको शव फेला परेदेखि नै सिआइबीसँग समन्वय गरेर अनुसन्धान भइरहेको बाँके प्रहरी प्रवक्ता डिएसपी नारायण डाँगीले बताए। 'सिआइबीसँग समन्वय गरेर अनुसन्धान भइरहेको थियो। थप अनुसन्धान गर्न आवश्यक परेकाले सिआइबीको टोली बोलाएका छौं। काठमाडौंबाट आएको सिआइबीको टोलीले अनुसन्धान थालिसकेको छ। आशंकाको घेरामा रहेकाहरूलाई सोधपुछ गर्ने र उनीहरूको निगरानी गरिरहेका छौं,' डिएसपी डाँगीले भने। २२ वर्षीय छोरा अरबी खाँको घाँटी रेटेर हत्या भएपछि उनकी आमा राबिया खाँको आँखाबाट आँसु रोकिएको छैन। उनको दिनरात रोएरै बित्छ। घरीघरी अर्धचेत भएर ढल्छिन्। बेहोसीमै बर्बराउँछिन्।

श्रीमान्को हत्या भएको दिनदेखि मोहम्मद अरबी खाँकी १८ वर्षीया पत्नी साबिया खाँको पनि आँसु सुकेको छैन। पत्रकारसँग कुरा गर्दैगर्दा उनी बेहोस भएर सासू राबियाको काखमा ढलिन्। 'पतिलाई सम्झिनेबित्तिकै बुहारी बेहोस हुन्छिन्। रातदिन रोइरहन्छिन्। खाना पनि खाँदिनन्। नसुतेर रात बिताउँछिन्,' काका ससुरा रहमानले भने। राबिया र मोहम्मद अरबीको विवाह १९ महिनाअघि इस्लाम परम्पराअनुसार भएको थियो। अरबीको हत्या भएको रात उनी माइतीमा थिइन्। विभत्स तरिकाले हत्या भएपछि खाँ परिवार मात्र नभई पूरै गाउँ अहिले शोकमा छ।

धनजित हत्यामा संलग्न तीनजना पक्राउ

खोटाङमा **केदार लाफा**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका- ११ खार्मीस्थित निभारेका ३१ वर्षीय धनजित राईलाई छुरा प्रहार गरी हत्या गर्ने तीनजना युवा पक्राउ परेका छन्। १ वैशाख राति करिब ८ बजेतिर स्थानीय भीमबहादुर बस्नेतको मकैबारीमा छुरा प्रहार गरी धनजितको हत्या गरेर फरार भएका २२ वर्षीय विकास राई, १८ वर्षीय आसन राई र २८ वर्षीय गणेश राईलाई प्रहरीले तीन दिनपछि सोमबार पाथेकाबाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिए।

'धनजितको हत्यापछि फरार भएका तीनैजनालाई पाथेकास्थित भुसुन्दाका धनपति राईको घरमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको छ। लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएका उनीहरूलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दा दर्ता गरेर कारबाहीको प्रक्रिया अगाडि बढाइएको छ,' उनले भने, 'उनीहरूले धनजितको हत्या के कारणले गरेका हुन् भन्ने अनुसन्धान भइरहेको छ। तीनैजनाले धनजितको हत्या आफूहरूले नै गरेको स्वीकार गरिसकेका छन्।'

धनजितको हत्यापछि भागेर भुसुन्दा पुगेका उनीहरू मावली घरमा लुकेर बसेको अवस्थामा पक्राउ गरिएको खड्काले जानकारी दिए। तीनैजना युवालाई थप अनुसन्धानका लागि जिल्ला अदालत खोटाङमा हाजिर गराएर म्याद थप गर्ने तयारी गरिएको प्रहरीले जनाएको छ। मादक पदार्थ सेवन गरेका तीनजना युवाले भीमबहादुरलाई घरैमा गएर कुटपिट गर्न थालेपछि गुहार दिन जाँदा धनजितमाथि आक्रमण भएको स्थानीय बासिन्दाले बताएका छन्। छुरा प्रहारबाट घाइते बनेका धनजितले आफू घाइते भएपछि घटनास्थलबाट साहिँला भाइलाई ७:३० बजे फोन सम्पर्क गरेको बताइएको छ। भाइसँगको फोन सम्पर्कपछि खोज्दै जाँदा धनजितलाई मकैबारीमा मृत फेला पारिएको स्थानीय उमेश राईले जानकारी दिए।

मंगलबार ४ वैशाख ०८१
www.nayapatrikadaily.com नयाँ पत्रिका

प्रस्तावित शिक्षा विधेयकमा गर्नुपर्ने संशोधन

विभिन्न मापदण्डका आधारमा विश्वविद्यालयलाई क, ख र ग श्रेणीमा वर्गीकरण गर्न सकियो भने यिनले शैक्षिक गुणस्तरमा सुधार ल्याउन सक्छन्



● डा. सुवास पोखरेल

अग्रलेख

यतिखेर संघीय सरकारको शिक्षा मन्त्रालयले उच्च शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न विधेयकको प्रारम्भिक मस्यौदा तयार गरेर सरोकारवालासँग छलफल थालेको अवस्था छ। यही सन्दर्भमा नेपालको उच्च शिक्षालाई गुणस्तरीय र आत्मनिर्भर बनाउँदै विश्वबजार सुहाउँदो जनशक्ति उत्पादन गर्नुपर्ने आवश्यकता टड्कारो खडकिएको छ। नेपालमा अहिले दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न सक्ने गुणस्तरीय उच्च शिक्षाको खाँचो छ। यसैले सरकारले पुरानो उच्च शिक्षा ऐनलाई परिमार्जित गरी नयाँ प्रभावकारी ऐन बनाउन निम्न सुझावलाई प्रारम्भिक विधेयकमा संशोधन गराउन सरकार, विज्ञ, माननीय मन्त्री र सांसदहरूले ग्रहण गर्न आवश्यक छ।

सर्वप्रथम विश्वविद्यालय तहमा पठनपाठन हुने प्राविधिक विषयको उच्च शिक्षा भन्नाले चिकित्सा, इन्जिनियरिङ, वन, कृषि, पशु विज्ञान मात्र नभई विज्ञान प्रविधि पनि हो भन्ने विषयलाई शिक्षा ऐनमा प्रस्ट बनाउनुपर्छ।

नयाँ शिक्षा विधेयकमा उल्लेख भएझैँ नयाँ विश्वविद्यालयलाई सबै मापदण्ड पूरा गर्न पाँच वर्षको समय कम हुन्छ। यसैले पाँच वर्षको ठाउँमा १० वर्षको समय सीमा दिनु उपयुक्त हुन्छ। जग्गा-जमिन पनि भनेको वेलामा फेला पर्न कठिन हुने र फेला परे पनि धेरै महँगो हुने अनि मुआब्जा दिएर अधिग्रहण गराउन पनि समस्या उत्पन्न हुने भएकाले पाँच वर्षको समय कम हुन जान्छ। किनभने उसै पनि प्रदेश सरकारसँग बजेटको सीमितता हुन्छ। एकैपटक सबै पूर्वाधारका लागि बजेट विनियोजन हुन सक्दैन। यसैले १० वर्षको समयसीमा भए बहुवर्षे योजनामा बजेट विनियोजन गरेर मापदण्ड पूरा गराउन प्रदेशमा स्थापित विश्वविद्यालय लाग्नेछन्।

विधेयकमा प्रस्ताव गरिएझैँ पाँच वर्षभित्र स्थापना भएका विश्वविद्यालय केन्द्रीयमा रूपान्तरण नभए पनि प्रदेश विश्वविद्यालयमा रूपान्तरण गर्नुहुँदैन। किनभने सबै विश्वविद्यालयको शैक्षिक गुणस्तर, पठनपाठन, परीक्षा र प्रशासनिक प्रक्रिया एकै प्रकारका हुन्छन्। सबै तहमा स्थापना भएका विश्वविद्यालयले विश्वव्यापी मान्यता पाएका हुन्छन्। उत्पादित जनशक्ति, प्राध्यापक, कर्मचारी र पदाधिकारीको दक्षता पनि केन्द्र र प्रदेशका विश्वविद्यालयमा फरक-फरक हुँदैन। यसैले केन्द्रीय नभए प्रदेश विश्वविद्यालय हुने भन्ने प्रस्ताव तर्कसंगत छैन। बरु विभिन्न मापदण्डका आधारमा विश्वविद्यालयलाई क, ख र ग श्रेणीमा वर्गीकरण गर्नु उपयुक्त हुन्छ। यसो भएमा सबै विश्वविद्यालयले 'क' श्रेणीको बन्ने प्रयत्न गर्नेछन् र शैक्षिक गुणस्तर राम्रो बनाइराख्नेछन्। प्रस्ट कुरा त के भने आफूले सञ्चालन गर्ने कार्यक्रमअनुरूपको व्यवस्था सबै विश्वविद्यालयले अनिवार्य रूपमा गर्नुपर्ने भएकाले सबैको अस्तित्व समान हो भन्ने बुझ्नुपर्छ।

संघीय सरकारले मात्र होइन, सबै प्रदेश सरकारले पनि आवश्यक मापदण्ड पूरा गरेर विश्वविद्यालय स्थापना गर्न पाउनुपर्छ। यो संविधानमा उल्लेख भएको अधिकार पनि हो। संघीय सरकारले मात्र भनेर केन्द्रीकृत मानसिकता राख्नुहुँदैन। यस्तो भएमा संघीयतामै आँच आउन सक्छ। यसैले, स्थानीय सरकारबाट पनि देश विकास हुन्छ भन्ने भावनालाई सकारात्मक रूपमा लिनुपर्छ।

सबै विश्वविद्यालयलाई शिक्षाध्यक्ष, रेक्टर वा 'प्रो भोस्ट' आवश्यक पर्दैन। यसैले, आवश्यकताका आधारमा मात्र विश्वविद्यालय आफैँले नियुक्त गर्न पाउने व्यवस्था उचित हुन्छ। विधेयकमा भनिएझैँ प्रत्येक विश्वविद्यालयमा एकजना शिक्षाध्यक्ष रेक्टर वा प्रोभोस्ट हुनैपर्ने बाध्यता हटाउनुपर्छ।

केन्द्रीय रूपमा सञ्चालन भइसकेका विश्वविद्यालयलाई अन्यमा झार्नु उचित हुँदैन। यसो गरियो भने कर्मचारी, पदाधिकारी र शिक्षकको आत्मसम्मानमा ठेस पुग्न सक्छ। उसै पनि नेपालमा आन्दोलनबाट मात्र उपलब्धि हासिल गर्न सकिन्छ भन्ने नाकारात्मक सोच हाबी छ। केन्द्रीय विश्वविद्यालयलाई अन्यमा झारिएमा विश्वविद्यालयमा आन्दोलन उठ्न सक्छ। जसले, शिक्षाको गुणस्तर थप खस्काउनेछ। संविधानको मस्यौदामा खस-आर्यलाई 'अन्य'मा समावेश गर्दा उनीहरूको भावनामा ठेस पुगेको र पछि खस-आर्य उल्लेख गर्नुपरेको तथ्य हामीले बिर्सनुहुँदैन।

प्राज्ञिक उत्कृष्टताको केन्द्रका रूपमा वर्गीकृत विश्वविद्यालयको कुलपति प्रधानमन्त्री होइन, राष्ट्रपति हुँदा राम्रो हुन्छ। किनभने विश्वविद्यालयको कुलपति प्राडा हुँदा समग्र शिक्षा क्षेत्रमा सुधार हुन्छ भनेर बहस चलेको धेरै भयो। अब विश्वविद्यालयमा भागबन्डाको राजनीति हटाउनुपर्छ। र, त्यसका लागि यो राम्रो अवसर पनि हो। यसो गर्न सकियो भने धेरै विकृति विसंगति हटाएर शैक्षिक गुणस्तरमा आमूल सुधार ल्याउन सकिन्छ। यहाँ त प्रधानमन्त्री तथा मुख्यमन्त्रीका स्वकीय सचिवसामु विश्वविद्यालयका पदाधिकारी अपवादबाहेक निरीह भएर काम गरिरहन बाध्य छन्। प्राडालाई कुलपति बनाउन सकिएन भने पनि प्रधानमन्त्रीलाई भन्दा राष्ट्रपतिलाई बनाउँदा तुलनात्मक रूपमा राम्रो हुन्छ। सम्बन्धित मन्त्रालयका मन्त्रीलाई केन्द्रीय विश्वविद्यालयको कुलपति, सभापति वा चेयरमेन बनाउनुभन्दा प्राध्यापक डाक्टर वा उपराष्ट्रपतिलाई



केन्द्रीय विश्वविद्यालयको कुलपति, सभापति वा चेयरमेन बनाउँदा राम्रो हुन्छ। केन्द्रीय विश्वविद्यालयको कुलपति सम्बन्धित मन्त्रालयको मन्त्री हुँदा अझ बढी हस्तक्षेप हुन्छ। विश्वविद्यालयका पदाधिकारीलाई आफ्नो जागिर जोगाउन सधैँ चाकरी र चाप्लुसीमा लागिरहनुपर्ने हुन्छ। प्राडालाई बनाउन सकिएन भने उपराष्ट्रपतिलाई विश्वविद्यालयको कुलपति बनाउँदा पनि राम्रै हुन्छ। किनभने, उपराष्ट्रपतिलाई समयको अभाव हुँदैन, कामकारबाहीप्रति लगाव पनि बढ्छ र विश्वविद्यालयको उन्नति प्रगतिमा पनि सहयोग पुग्छ।

विश्वविद्यालयको सेवा आयोगका अध्यक्ष र सदस्य प्राध्यापन पेसामा २० वर्ष होइन, १० वर्ष सेवा गरेको हुँदा पुग्छ। बरु २० वर्ष अनुभवको ठाउँमा विद्यावारिधि गरी शैक्षिक तथा प्रशासनिक पदमा १० वर्ष काम गरेको बनाउँदा उत्तम हुन्छ। किनभने सेवा आयोगले प्राध्यापकको अन्तर्वार्ता लिनुपर्ने, रेक्टरले प्राध्यापकको नियुक्तिमा हस्ताक्षर गर्नुपर्ने भएकाले साधारणतया रेक्टर वा सेवा आयोगका अध्यक्ष प्राध्यापक नै हुने आमचलन छ। यसैले, योग्यता राख्दा अधिकतम नराखी न्यूनतम राख्नु राम्रो हुन्छ। हाम्रो जस्तो गरिब देशका नागरिकलाई समृद्ध बनाउन युवा नेतृत्वको खाँचो छ। उसै पनि वृद्धहरूमा शारीरिक समस्या बढी हुन सक्छ। उनीहरूले काममा धेरै समय दिन सक्दैनन्। उनीहरूमा जाँगरमा पनि कमी हुन्छ। यसैले 'वानप्रस्थ' गर्ने उमेर समूहका व्यक्तिलाई कार्यकारी पदमा नियुक्त गर्नु हुँदैन। उपकुलपति र प्रेसिडेन्टको नियुक्ति पनि ६५ वर्ष उमेर पुग्नुअगावै कार्यकाल समाप्त हुने गरी गरिनुपर्छ। वानप्रस्थ उमेर समूहका व्यक्ति नै नियुक्त हुनुपर्छ भन्ने हेतुले कानुन बनाउनु हुँदैन। यस्तै विश्वविद्यालयका पदाधिकारी र आयोगका उपाध्यक्ष कुनै क्याम्पस, विश्वविद्यालय वा शिक्षण संस्थामा लगानी गरेको व्यक्ति हुनुहुँदैन। लगानी गर्नेहरू नियुक्त भएमा निजी स्वार्थ हाबी हुन जान्छ र विश्वविद्यालयको शैक्षिक गुणस्तर खस्कन पुग्छ।

> संघीय सरकारले मात्र होइन, सबै प्रदेश सरकारले पनि आवश्यक मापदण्ड पूरा गरेर विश्वविद्यालय स्थापना गर्न पाउनुपर्छ। यो संविधानमा उल्लेख भएको अधिकार पनि हो। संघीय सरकारले मात्र भनेर केन्द्रीकृत मानसिकता राख्नुहुँदैन।

विश्वविद्यालयको अध्यक्ष अवकाश प्राप्त प्राध्यापक वा नेपाल सरकारको विशिष्ट श्रेणी पदबाट सेवानिवृत्त भएका व्यक्तिमध्येबाट भन्दा पनि मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि उपाधि प्राप्त गरी विश्वविद्यालयको अवकाश प्राप्त प्राध्यापकमध्येबाट नियुक्त गर्नु राम्रो हुन्छ। किनभने, सेवा आयोगले प्राज्ञिक क्षेत्रमा सेवा गर्ने शिक्षकसमेत नियुक्त गर्नुपर्ने भएकाले विद्यावारिधि उपाधि प्राप्त गरेको व्यक्ति अनिवार्य हुन्छ। त्यसैले, अध्यक्षमा प्राध्यापक डाक्टर नै नियुक्त गर्नु उचित हुन्छ। निजामती क्षेत्रका व्यक्तिसँग स्वदेशी तथा विदेशी विश्वविद्यालयको अनुभव हुँदैन। उसले अनुसन्धान गरेको हुँदैन। ऊसँग शिक्षक कर्मचारी तथा विद्यार्थीको मनोविज्ञानसँगको अनुभव हुँदैन। त्यसैले, निजामती व्यक्तिलाई आयोगको अध्यक्ष बनाउनुहुँदैन।

सेवा आयोगको अध्यक्ष तथा सदस्यको पदमा नियुक्तिका लागि सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्षको संयोजकत्वमा मन्त्रालयको सचिव र आयोगले तोकेको विज्ञसमेत रहने गरी तीन सदस्यीय सिफारिस समिति बनाउनुभन्दा पनि सदस्यमध्ये एकजनाको संयोजकत्वमा मन्त्रालयका सचिव र आयोगले तोकेको विज्ञसमेत रहने गरी तीन सदस्यीय सिफारिस समिति गठन गर्नु उचित हुन्छ। किनभने, लोकसेवा आयोगको अध्यक्षको न्यूनतम योग्यता 'मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको' भन्ने उल्लेख छ। स्नातकोत्तर उपाधि प्राप्त गरेको व्यक्तिले प्राध्यापक डाक्टरलाई सिफारिस गर्न मनासिब हुँदैन। लोकसेवाबाट कर्मचारी नियुक्तिको अनुभव मात्र लिने हो। सबैथोक लोकसेवा मात्र गर्ने हो भन्ने धारणाले विश्वविद्यालयको मूल्य र मान्यतामा आँच आउने देखिन्छ। अर्कातिर लोकसेवाकै कर्मचारी नियुक्ति गर्ने परम्परा र तरिकामा ठूलो परिवर्तन गर्नुपर्ने आवश्यकता देखिन्छ।

स्थायी नियुक्ति वा बढुवाका लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम, अंकभार, उत्तीर्णाङ्क, परीक्षण विधि सेवा आयोगले निर्धारण गरेबमोजिम होइन, शिक्षक तथा कर्मचारीको स्थायी नियुक्ति वा बढुवाका लागि आयोगले लिने परीक्षाको पाठ्यक्रम प्राज्ञिक परिषद्को परामर्शमा र कर्मचारीको पाठ्यक्रम कार्यकारी परिषद्को परामर्शमा निर्धारण गर्नु उपयुक्त हुन्छ। तर, परीक्षाको अंकभार, उत्तीर्णाङ्क, परीक्षण विधि र अन्य व्यवस्था यस ऐनको अधीनमा रही सेवा आयोगले निर्धारण गरेबमोजिम हुनुपर्छ। पाठ्यक्रम निर्धारण गर्दा प्राज्ञिक परिषद् र कार्यकारी परिषद्को परामर्श गरिनु उचित हुन्छ। प्रदेश विश्वविद्यालयले शिक्षा आयोगसँग सहमति लिनुपर्ने व्यवस्था पनि हटाउनुपर्छ। किनभने प्रदेश विश्वविद्यालयलाई केन्द्रमा रहको आयोगको मातहत राखिनु संविधानविपरीत हुन्छ।

प्राविधिक विषयबाहेकका विषयमा पनि सार्वजनिक, सामुदायिक, गैरनाफामूलक वा निजी विश्वविद्यालयले छुट्याउनुपर्ने छात्रवृत्तिको प्रतिशत ऐनमै तोकिँदा पारदर्शी हुन्छ। नत्र छात्रवृत्तिको प्रतिशत ऐनमा नतोकिएको अवस्थामा मनोमानी हुन सक्नेछ।

अन्त्यमा प्रदेश विश्वविद्यालयलाई डिप्लोमा तहको (ओभरसियर) प्राविधिक तथा व्यावसायिक शिक्षा पढाउन पाउने व्यवस्था गरिदिनुपर्छ। नेपालमा सबै विश्वविद्यालय एउटै किसिमका (टियूजस्तै) छन्। हाम्रो देशलाई धेरै मध्यमस्तरीय र ठिक्क उच्चस्तरीय प्राविधिक जनशक्तिको टड्कारो आवश्यकता देखिन्छ। यसैले अन्य देशमा झैँ नेपालमा पनि पोलिटेक्निक अथवा सिटिइभिटी विश्वविद्यालय स्थापना गर्दा उपयुक्त हुने भएकाले यो विषयलाई कानुनमा समावेश गर्दा उपयुक्त हुन्छ। यस्ता विश्वविद्यालयमा 'एनभिक्युएफ'ले परिकल्पना गरेको तह ६ देखि तह आठसम्मका कार्यक्रम लागू गर्न सकिन्छ।

(डा. पोखरेल मनमोहन प्राविधिक विश्वविद्यालयका उपकुलपति हुन्)

---

३ प्रश्न

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव **टंकलाल घिसिङ**लाई



वर्ष २०८० नेपाली खेलकुद क्षेत्रका लागि कस्तो रह्यो ?

वर्ष २०८० खेलकुद क्षेत्रका लागि सुखद रह्यो। सबैभन्दा राम्रो नतिजा क्रिकेट र एसियाडमा आएका छन्। यसै वर्ष हामीले एसिया कपमा भारत र पाकिस्तानजस्ता विश्व क्रिकेटका महारथीसँग खेल्यौँ। यू- १९ क्रिकेट टोलीले विश्वकप खेल्यो भने सिनियर टोलीले विश्वकपमा स्थान बनायो। नेपाली क्रिकेटको उचाइ बढ्यो। एसियाडमा रजत पदक जित्यौँ। कबड्डीबाट कांस्य पदक आयो। पारा खेलकुदमा एसियातर्फ सहभागी भयौँ, पदक पनि आयो। पेरिस ओलम्पिकका लागि पनि छनोट भएका छौँ। फुटबलमा चाहिँ सोचेजस्तो नतिजा आएन।

२०८० मा खेकलुद क्षेत्रमा गर्न नसकिएका काम के-के हुन् ?

राखेपले उठाएका कतिपय कुरा गर्न सकिएन। केही बीचमै रोकिएका छन्। खेलकुदमा लगानी गर्ने गरी कार्यविधि वा मौजुदा नियममा सहजीकरण छैन। सिएसआरको लगानी खेलकुद गर्न बाटो खुलाउन मन्त्रालयलाई गुहारेका छौँ। आशा गरौँ, ०८१ मा पूर्णता पाउनेछ। स्कुल तहबाटै खेलकुदलाई पाठ्यक्रममै समेट्नुपर्छ। खाली रहेको पुल्चोकस्थित मन्त्री क्वार्टरलाई खेलाडी आवास बनाउन माग गरेका छौँ। तर, पूरा भएको छैन।

०८१ मा नेपाली खेलकुदमा के-के हुन सक्छन् ?

२०८० मा नभएका काम पूरा गर्नतिर लाग्छौँ हामी। हामीले ०८१ मा धेरैभन्दा धेरै प्रतियोगितामा सहभागिता जनाउँछौँ। नतिजा आउने गरी प्रशिक्षण गर्नेछौँ। पूर्वाधारतर्फ ध्यान केन्द्रित गर्छौँ। क्रिकेटमा मूलपानीस्थित तल्लो मैदान सक्ने गरी काम बढाउँछौँ। टियूमा विवादबीच रिटेन्डर भएको छ, त्यसलाई पूरा गर्छौँ। स्पोर्टस् युनिभर्सिटी स्थापनामा ध्यान दिन्छौँ।

प्रेरक प्रसंग

अवसरको सदुपयोग

कुनै समय एउटा सहरमा एकजना धनी मानिस बस्थे। उनको अनौठो सोख थियो। उनले आफ्नो घरको हाताभित्र बनाएको एउटा ठूलो स्विमिङ पुलमा ठुल्ठूला गोही, सर्प आदि पालेका थिए। एकपटक उनले आफ्नो घरमा ठूलो भोजको आयोजना गरेर धेरै पाहुनालाई आमन्त्रित गरे। पार्टीमा खानपिन चल्दै गर्दा उनले सबै पाहुनालाई स्विमिङ पुलमा लगे र भने- साथीहरू, यो पोखरीमा निकै खतरनाक प्राणी छन्। यदि तपाईंहरूमध्ये कसैले पौडी खेलेर यसलाई पार गर्नुभयो भने म उसलाई एक करोड रुपैयाँ या मेरी छोरी दिनेछु। सबैले पोखरीतिर हेरे तर कसैले पनि हामफाल्ने हिम्मत गरेनन्। तर, अचानक त्यहाँ 'छप्ल्याक्क'को आवाज आयो। सबैले आवाज आएतिर हेर्दा एउटा केटो गोही, सर्प आदिबाट जोगिँदै पौडिन थाल्यो र उसले सुरक्षित रूपमा पोखरी पार पनि गर्‍यो।

उसको हिम्मत देखेर सबै छक्क परे। धनी मानिसले कसैले यस्तो काम गर्न सक्छ भन्ने कल्पना पनि गरेको थिएन। यतिका वर्षमा पोखरीको पानी छुन पनि कसैले हिम्मत गरेको थिएन! व्यापारीले त्यस केटालाई बोलाएर भने, 'तिमीले निकै बहादुरीको काम गर्‍यौ, तिमी साँच्चै बहादुर रहेछौ। म तिमीलाई वाचाअनुसारको इनाम दिन्छु। भन, तिमी कुनचाहिँ इनाम लिन चाहन्छौ ?'

केटाले यताउता हेरेर भन्यो- इनाम त पछि लिँदै गरुँला। पहिले यो भन्नुस् त, मलाई धक्का दिएर पोखरीमा खसाउने को हो ?

सुन्दा सानो ठट्टा भए पनि यस कथामा एउटा ठूलो सन्देश लुकेको छ- सो केटासँग पौडी खेल्ने क्षमता थियो। तर, ऊ आफैँ हाम फाल्न सकिरहेको थिएन। तर, कसैले धकेलिदिँदा उसले पोखरी पार गर्‍यो। यदि उसलाई कसैले धक्का नदिएको भए, उसले कहिल्यै हाम फाल्ने थिएन र पोखरी पार गर्ने पनि थिएन। हामी जीवनका चुनौतीमा हाम नफाली हार स्वीकार गर्छौं। तर, हामीले आफ्नो क्षमतामा विश्वास गरेर जीवनमा प्राप्त अवसरहरूको सदुपयोग गर्नबाट चुक्नु हुँदैन।

टिप्पणी nayapatrikaofficial @naya_patrika

राजनीति पेसा कि सेवा ?

राजनीतिज्ञले राजनीतिलाई पेसा होइन, सेवा बनाउन सक्नुपर्छ। त्यसैले, उसले सत्ता, शक्ति र सम्पत्तिभन्दा माथि उठेर जनता र देशका लागि काम गर्ने हो भने मात्र जनताबाट स्यावासी पाउन सकिन्छ। नत्र, सत्ता, शक्ति र सम्पत्तिका लागि राजनीतिलाई पेसा बनाउने हो भने व्यापार व्यवसाय गरी सम्पन्न हुने धेरै बाटा खुला छन्। त्यतै लाग्ने उनीहरूका लागि उत्तम हुन्छ। देश र जनताका लागि विकास र समृद्धि ल्याउन सबै एकजुट भएर नडराई काम गर्न सकियो भने देश र जनतामा शान्ति, सुख र समृद्धि ल्याउन कठिन छैन। त्यसैले राजनीतिक दलमा लाग्नेले निस्वार्थ सेवा भावनासाथ सेवा गर्न सक्नुपर्छ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौँ
2213ncw@gmail.com

करको सही सदुपयोग गर

सरकारले सुर्तीजन्य पदार्थबाट उठेको जोखिम करको पाँच प्रतिशत मात्रै स्वास्थ्य क्षेत्रमा खर्च गरिरहेको समाचार पढ्दा दुःख लाग्यो। यो देशमा नागरिकले तिरेको करको सही सदुपयोग किन हुन सक्दैन ? सरकारले सुर्तीजन्य पदार्थको बिक्रीबाट वार्षिक ३० अर्बभन्दा बढी कर उठाउँदै आएको छ। तर, उसले सो करबाट जनस्वास्थ्यका क्षेत्रमा भने जम्मा ४० करोड हाराहारी मात्र खर्च गर्दै आएको छ। यसबाट सरकारले करको सही सदुपयोग नगरेको पुष्टि हुन्छ। करको सदुपयोग गर।

● **अमृता कुर्मी**
सतुंगल, काठमाडौँ

संसद् अचानक किन अन्त्य ?

सरकारले अचानक संसद्को हिउँदे अधिवेशन अन्त्य गरेको समाचार सुनियो। ७० दिन चलेको हिउँदे अधिवेशनमा जम्मा २३ बैठक बसेर तीनवटा मात्र विधेयक पारित गरिएका रहेछन्। संसद्को काम नै विधेयक पारित गर्नु हो। तर, हाम्रो संसद्ले भने विधेयक पारित गर्ने काममा खासै महत्त्व दिएको देखिन्न। उसले सत्तापक्ष र प्रतिपक्षको जुहारीलाई बढ्ता प्राथमिकता दिएजस्तो देखिन्छ। कहिले प्रतिपक्षले अवरोध गर्छ त कहिले सत्तापक्षले संसद्लाई बिजनेस नै दिँदैन। यसरी कतिन्जेल चल्ला ?

● **बमबहादुर चन्द**
कोहलपुर, बाँके

ट्राफिक प्रहरी सही कि गलत ?

सडकमा खटिएका ट्राफिक प्रहरीले ब्लुबुक चेकचाँज गर्छन्। तर, प्रहरीका एसएसपी भन्छन्- ब्लुबुक हेर्ने काम ट्राफिक प्रहरीको होइन। आखिर सडकमा खटिने ट्राफिक प्रहरीको भनाइ सही हो कि ती ब्लुबुक चेक गर्न मिल्दैन भन्ने प्रहरी अधिकारीको भनाइ सही हो ? कम्तीमा नागरिकलाई सही सन्देश देऊ। सवारीसाधन चलाउनेका लागि एउटा ब्लुबुक बोकेर हिँड्न गाह्रो छैन। सत्य के हो भनेर जान्न खोजेको मात्र हो। बाटोमा बसेका प्रहरीले ब्लुबुक नवीकरण नगरेको भनेर चिट काट्छन् के यो जयाज हो ? लाइसेन्स हेर्ने प्रहरीको काम होला, तर ब्लुबुक नवीकरण होस् या नहोस्, उसलाई के मतलब ? लाइसेन्स चेक गर्न बसेको प्रहरीलाई ब्लुबुकसमेत देखाउनुपर्छ। ससाना त्रुटि गर्दा पनि एक हजार पाँच सयसम्मको चिट काट्ने प्रहरीको रबैयामा परिवर्तन आउनुपर्छ।

एक दिन ब्लुबुक बोकेर हिँड्न बिर्स्यो भने ट्राफिकले चिट काट्छ। फेरि त्यही प्रहरीका हाकिमसाबहरू भन्छन्, बिलबुक चेक गर्न काम ट्राफिकको होइन। कसको कुरा पत्याउने, कसको नपत्याउने, अन्योल छ। के सडकमा खटिएका प्रहरीलाई स्कुलिङ हुँदैन ? चिट काट्दैमा आफूलाई पराक्रमी सम्झने प्रहरीले मानवता देखाउनुपर्‍यो। उच्चपदस्थ व्यक्ति सवार भयो भने सलाम गरेर छाड्ने अनि सामान्य जनतालाई भने बिनाकसुर चिट काट्ने प्रणालीको अन्त्य कहिले होला ?

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौँ
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

कार्यदिशा र चार आयामिक विचार

नेपालमा माओवादी जनयुद्धले खाएको धक्का र व्यहोरेको असफलताले गर्दा एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषण आवश्यक भएको छ



● भरत सी

आजको २१औँ शताब्दीमा क्रान्तिको २०औँ शदीको कार्यदिशाले पुग्दैन। वस्तुस्थितिमा धेरै ठूलो परिवर्तन आएको छ। नेपालमा माओवादी जनयुद्धको धक्का र ०७४ मा बनेको नेकपा (नेकपा) बहुमतको सरकारको असफलतापछि नयाँ स्थिति बनेको छ। त्यसैले यो शताब्दीमा क्रान्तिको नयाँ कार्यदिशा विकासको आवश्यकता छ। जुन विकास प्रक्रियामा एकीकृत जनक्रान्तिको कार्यदिशा प्रवेश गरेको छ। यो कार्यदिशा प्रयोग र परीक्षणमा सफल हुँदै चार आयामिक विचारमा विकास भएको छ।

नयाँ वस्तुस्थिति र कार्यदिशा : लेनिनका अनुसार मार्क्सवादको सार 'ठोस वस्तुको ठोस विश्लेषण'मा अन्तर्निहित छ। यो चौथो औद्योगिक क्रान्तिको युग हो। जो सन् २०१६ मा 'क्लाउस स्कवाब'को 'द फोर्थ इन्डस्ट्रियल रिभोल्युसन' पुस्तकसँगै घनीभूत चर्चा र प्रयोगमा छ। यो युग विज्ञान, सूचना, कम्प्युटर र डिजिटल प्रविधिको विकाससँग जोडिएको छ। प्रविधिले मानव समाजमा असाधारण परिवर्तन ल्याएको छ।

एकीकृत जनक्रान्तिको कार्यदिशा : क) कारण- एकीकृत जनक्रान्तिको कार्यदिशा संश्लेषणको ठोस कारण नेपालमा माओवादी जनयुद्धले खाएको धक्का र व्यहोरेको असफलता नै हो। असफलता नराम्रो भए पनि नयाँ कार्यदिशा जन्मिनु राम्रो हो।

ख) इतिहास- मालेमावादी सामाजिक क्रान्तिको विज्ञानमा २०औँ शताब्दीको दोस्रो र चौथो तथा पाँचौँ दशकमा प्रयोग, संश्लेषण र सफल क्रान्तिका 'सशस्त्र जनविद्रोह' र 'दीर्घकालीन जनयुद्ध' नै आधारभूत कार्यदिशा हुन्। तर, तिनको प्रतिरोधमा पुँजीवादी तथा साम्राज्यवादीले 'प्रतिविद्रोह' र 'प्रतिदीर्घकालीन युद्ध'को रणनीति विकास गरेपछि भने ती कार्यदिशा सफल छैनन्।

ग) आधार/विशेषता- एकीकृत जनक्रान्तिको कार्यदिशाका निम्न आधार तथा विशेषता रहेका छन् : अ) भूमण्डलीकृत पुँजीवाद, आ) मध्यमवर्गको विकास, इ) नगर समाजको विकास (गाउँ र सहरको दूरी घट्नु), ई) विज्ञान-प्रविधिको विकास, उ) दलाल पुँजीवादको समस्या, ऊ) देशभक्त शक्तिको उपस्थिति, ऋ) मिश्रित नेपाली समाजको बनोट, ए) माओवादी जनयुद्धको धक्का र अनुभव, ऐ) भूपरिवेष्ठितता। एकीकृत जनक्रान्तिका यी नौमध्ये अघिल्ला चार सार्वभौमिक र पछिल्ला पाँच विशिष्ट नयाँ वस्तुस्थितिका आधार तथा विशेषता हुन्।

घ) प्रस्ताव र संश्लेषण- कमरेड किरण नेतृत्वको नेकपा-माओवादीको केसको बैठकमा पहिलोपटक भिन्न (नयाँ कार्यदिशाको अर्थमा एकीकृत सिद्धान्त तथा रणनीति) रूपमा २०७१ सालको सुरुमा विप्लव सीद्वारा 'एकीकृत कार्यदिशा'को प्रस्ताव गरिएको थियो भने विप्लव नेतृत्वको नेकपाको २०७३ सालको आठौँ महाधिवेशनमा 'एकीकृत जनक्रान्तिको कार्यदिशा'को रूपमा संश्लेषण गरिएको थियो।

ङ) प्रयोग र परीक्षण- नयाँ कार्यदिशाको पहिलो प्रयोग पार्टी पुनर्गठनमा भएको थियो। नेपाली कम्युनिस्ट आन्दोलन टुटफुट र विभाजनको लामो शृंखलामा सम्भवतः विनाकुनै तिक्तता तत्कालीन पार्टी प्रमुखलाई चिठी दिएर नयाँ पार्टी बनाएको यो नै पहिलो घटना थियो भने यो नयाँ कार्यदिशा परीक्षणमा सफल र वैज्ञानिक सावित भएको निम्न बुँदामा विश्लेषण गर्न सकिन्छ :

अ) बल र विकल्प- एकीकृत जनक्रान्तिको कार्यदिशामा बल सार्वभौमिक आधारभूत तत्त्व हो। नेकपाले यो नयाँ कार्यदिशाको प्रयोगद्वारा नै आफूलाई विकल्पका रूपमा विकास गरेको छ।

आ) प्रतिबन्ध र सहमति- नेकपामाथि सरकारले प्रतिबन्ध लगायो। जसले नेकपालाई वैकल्पिक शक्तिका रूपमा चौतर्फी स्थापित गर्न सकारात्मक योगदान गर्‍यो। सरकारी प्रतिबन्धको उद्देश्य नेकपालाई नष्ट गर्नु थियो, तर सरकार असफल भयो, बरु उल्टै नेकपासँग सहमति गर्न बाध्य भयो।

> विश्वमा पहिलो चरणमा समाजवाद आएर ढल्नु र पछिल्लो चरणमा क्रान्ति नहुनुको एउटै कारण समयसापेक्ष कार्यदिशा र विचारको विकास नहुनु नै हो

इ) चुनाव प्रयोग र बहिष्कार- नेकपाले पछिल्लो स्थानीय चुनाव प्रयोग गर्‍यो। जुन नयाँ कार्यदिशाद्वारा निर्देशित थियो। तर, सामान्य मानिस (जहाँ निश्चित नेता पनि पर्छन्) ले बुझ्न सकेनन्। क्षति सहेरै भए पनि पार्टीले चुनावसम्बन्धी सही बुझाइ स्थापित गर्‍यो।

ई) समाजवादी मोर्चा र भविष्य- शास्त्रीय मालेमावादी दृष्टिकोणबाट हेर्दा असम्भव लाग्ने 'समाजवादी मोर्चा' केवल एकीकृत जनक्रान्तिको कार्यदिशाले सम्भव बनाएको हो। यसले यथास्थिति र प्रतिगमनलाई होइन, परिवर्तनलाई सहयोग गरिरहेको छ।

च) विकास र संश्लेषण- एकीकृत जनक्रान्तिको कार्यदिशा प्रयोग र परीक्षणमा सफल देखिएको छ। अब यो कार्यदिशामा मात्र सीमित छैन, बरु यो एकीकृत जनक्रान्तिको विचारमा विकास भएको छ र मालेमावादी विशिष्ट विचारको रूपमा संश्लेषणको आवश्यकता छ। जसलाई निम्न चार आयामिक विचारका रूपमा विश्लेषण गरिनेछ :

१. दर्शन- एकीकृत जनक्रान्तिको विचारको पहिलो आयाम दर्शन हो र यसको विकसित नयाँ नियम- 'अनिश्चय-सम्भावना, रक्षा र रूपान्तरणको नियम' हो। सचेत प्रयत्न गरिएन भने पुँजीवादको अन्त्य र समाजवाद साम्यवादमा पुग्ने निश्चित देखिएन। त्यसैले पुँजीवादको अन्त्य गर्दै समाजवादलाई साम्यवादमा पुर्‍याउन यो नयाँ नियमले मार्गदर्शन गर्छ भने विपरीतको एकता र संघर्षमा ती विपरीत एक-अर्कामा हुने रूपान्तरणको तीव्रतालाई सम्बोधन गर्न द्वन्द्वात्मक भौतिकवादको बुझाइको व्यावहारिक अपर्याप्ततालाई पनि यो नयाँ नियमले सम्बोधन गर्छ।

२. राजनीतिक अर्थशास्त्र- 'एकीकृत स्वामित्व' दोस्रो आयाम हो। पुँजीवादी निजी र समाजवादी सामूहिक स्वामित्वको विगतको अभ्यासबाट शिक्षा लिएर सामूहिक स्वामित्व (जो आफैँ संक्रमणकालीन हो) को पनि पहिलो चरणको संक्रमणकालीन स्वामित्व आवश्यक देखिएको छ। अहिले नेकपाको 'उत्पादन क्रान्ति' यही नयाँ स्वामित्वअन्तर्गत भइरहेको छ।

३. वैज्ञानिक समाजवाद- एकीकृत जनक्रान्तिको कार्यदिशा, जसको माथि नै विवेचना भइसक्यो। यहाँ थप वर्गीय अधिनायकत्वलाई वैचारिक नेतृत्वमा विकास गर्ने, पार्टी र जनताको संयुक्त सत्ता अभ्यास गर्न एकीकृत निर्वाचन प्रणाली अवलम्बन गर्ने र नयाँ 'सी' मानव जाति निर्माण गर्ने कुरा उल्लेख गर्न सकिन्छ।

४. सामरिक कार्यदिशा- एकीकृत सामरिक रणनीति, जहाँ जनता र पार्टीको एकीकृत अभिव्यक्ति हुन्छ अनि तयारी र पहलकदमीको वैज्ञानिक एकात्मकता हुन्छ। लक्ष्यमा पुग्न सही विचार र जनता, चौतर्फी सबै साधन, तरिका र मोर्चालाई एकीकृत गर्न जरुरी हुन्छ।

निष्कर्ष : विश्वमा पहिलो चरणमा समाजवाद आएर ढल्नु र पछिल्लो चरणमा क्रान्ति नहुनुको एउटै कारण समयसापेक्ष कार्यदिशा र विचारको विकास नहुनु हो भने एकीकृत जनक्रान्तिको विकसित विचारले यो समस्याको हल गर्ने प्रयास गरेको छ। जसले कम्युनिस्ट जनमतबहुल नेपालमा इतिहासको पुनरावृत्ति होइन, समाजवादलाई सार्थक बनाई शान्ति र समृद्धि हासिल गर्न सघाउनेछ।

(सी नेकपाका स्थायी समिति सदस्य हुन्)

इरानलाई संयमता अपनाउन विश्व समुदायको आह्वान

जेरुसेलम / इरानलाई संयमता अपनाउन विश्व शक्ति राष्ट्रहरूले आह्वान गरेका छन् । इरानले इजरायलमाथि तीन सयभन्दा धेरै ड्रोन र मिसाइल आक्रमण गरेपछि विश्व समुदायले यस्तो आह्वान गरेका हुन् । इजरायली सेनाले इरानको अधिकांश आक्रमणलाई विफल पारेको थियो । इजरायली सेनाले भने इरानको अभूतपूर्व आक्रमणपछि आफू युद्धबाट विचलित नहुने बताएको छ । यसबाट यस क्षेत्रमा द्वन्द्वको आशंका बढेको छ ।

यसै महिनाको प्रारम्भमा दमास्कसमा एउटा घातक आक्रमणको प्रतिशोधमा तेहरानले इजरायलमाथि गरेको पहिलो प्रत्यक्ष आक्रमण सम्पूर्ण क्षेत्रमा महिनौंसम्म भएको हिंसापछि भएको हो । उक्त हिंसामा इरानी 'प्रोक्सी' सहभागी थिए । इजरायलले युद्धग्रस्त गाजा क्षेत्रमा प्यालेस्टिनीहरूको समर्थनमा इरानले काम गरेको बताएको छ ।

इजरायली सैन्य प्रवक्ता रियर एडमिरल डेनियल हगारीले भने, 'इरानको आक्रमणमा पनि हामीले गाजामा आफ्ना बन्धकलाई इरानका प्रोक्सी हमासबाट छुटाउन हाम्रो महत्त्वपूर्ण मिसनलाई एक पल पनि छाडेका छैनौं ।'

मध्यस्थकर्ताले अक्टोबर ७ मा हमासको आक्रमणबाट सुरु भएको युद्धलाई रोक्न एउटा सम्झौतामा ध्यान दिएका बेला सुदूर दक्षिणी सहर रफाहमा सेना पठाउने इजरायली योजनामाथि आशंका बढेको बताएका छन् । रफाहमा गाजाका २४ लाख मानिसमध्ये अधिकांशले शरण लिएका छन् ।

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इस्लामिक गणतन्त्र इरानले इजरायलमाथि गरेको व्यापक आक्रमणको निन्दा गर्दै यसले गम्भीर तनाव निम्त्याएको बताएका छन् । मध्यपूर्वको तनावबाट आफू निकै चिन्तित बनेको गुटेरेसले बताएका छन् । मध्यपूर्वमा विभिन्न मोर्चामा ठूलो सैन्य मुठभेड निम्त्याउन सक्ने कुनै पनि कार्यबाट जोगिन उनले सबै पक्षलाई आह्वान गरेका छन् ।

इतिहासमा आज



सन् १९१७ : सत्र वर्ष लामो निर्वासनपछि रुसी नेता भ्लादिमिर लेनिन स्वदेश फर्ता । सन् १९२२ पछि उनी सोभियत संघको पहिलो प्रधानमन्त्री बने ।

सन् २००३ : दश नयाँ सदस्य राष्ट्र युरोपेली संघमा प्रवेश गरेका थिए । ट्रिटी अफ एक्सेसनअन्तर्गत पोल्यान्ड, साइप्रस र चेक गणतन्त्रलगायत देश इयूमा सामेल भए ।

सन् २००७ : संयुक्त राज्य अमेरिकामा सबैभन्दा घातक सामूहिक गोलाबारीको घटनामा ३३ जनाको मृत्यु ।

सन् २०१४ : इन्चोनबाट चेच्युतर्फ जाँदै गरेको दक्षिण कोरियाली डुंगा दुर्घटना हुँदा डुंगामा सवार ३०४ जनाको मृत्यु । मृत्यु हुनेमध्ये अधिकांश उच्च विद्यालयका छात्रछात्रा थिए ।

Putalibazar Municipality
Office of Municipal Executive
Syangja, Gandaki Province, Nepal

Notice for the Letter of Intent

First Publication Date : 2081/01/04

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification below as per the Invitation for Bids published in the Samacharpatra national daily newspaper on 12th **Magh, 2080**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

S. N.	Contract ID No.	Lowest Evaluated Substantially Responsive Bidder	Bid Price NRs. With VAT & P.S.
1	Contract ID :-05/MP/SYA/GOODS/ NCB/080/081, Procurement of Fabricated Steel Parts for Two Trail Bridges, Putalibazar	S.K.Engineering industries, Butwal	Nrs 19,79,245.55
2.	Contract ID :-06/PM/NCB/ WORKS/080/81,Girija Prasad Marga Hudai Arjunchaupari Jodne Sahari Sadak Nirman	Panchase Construction,Putalibazar-1	Nrs. 26,47,205.29

Chief Administrative Office

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०१/०४ गते)

यस अस्पतालबाट मिति २०८०/०९/२७ गते प्रकाशित सूचना अनुसार आव्हान गरिएको बिद्युतीय बोलपत्र अन्तर्गत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यून मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

सि.नं.	बोलपत्र नं.	विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क
१	NTrC/Service/ NCB/ 01–080/081	सरसफाई सेवा खरिद	नमस्ते गार्डेनिङ कन्सल्टेन्सी/ खुकुरी नेपाल सेकुरिटि प्रा.लि. जे.भी., काठमाण्डौ	रु.२,९५,७६,४९३/२७ अक्षरेपी दुई करोड पन्चानब्बे लाख छ्याहत्तर हजार चार सय त्रियानब्बे रुपैयाँ सत्ताईस पैसा मात्र व्यवस्थापन खर्च र मू.अ.कर समेत

.....
अस्पताल प्रशासन

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः घनगाढी२, कैलाली
फोन नं.: ०९१-४१७३०१/०१/०२/०७

शाखा कार्यालयः महेन्द्रनगर, कञ्चनपुर
फोन नं.: ०९९-५२०२१९/२२०

शाखा कार्यालयः सन्धीखर्क, अर्घाखाँची
फोन नं.: ०७७-४२०२३६

को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१/०१/०४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरु पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः घनगाढी२, कैलाली

१. ऋणीको विवरण

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य कार्यालय घनगाढी, कैलालीमा प्राइमेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मितिः २०६७/०५/१४ मा दर्ता नं. १४५७५/०६७/६८ (स्थानिय व्यापार) कायम भई दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. २ स्थित **ॐ लक्ष्मी ट्रेड एण्ड कन्सर्न** प्रोप्राइटरः **लाल केश जैशी**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. महानन्द जैशीको नाति, रामशरण जैशीको छोरा, कैलाली जिल्ला, टिकापुर गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको **लाल केश जैशी (ना.प्र.प.नं. २०३, कैलाली)**

२. साउने जैशीको नाति, महानन्द जैशीको छोरा, मुगु जिल्ला, धैनकोट गा.वि.स/न.पा.वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **रामशरण जैशी (ना.प्र.प.नं. ५३७, मुगु)**

३. रामशरण जैशीको बुहारी, लाल केश जैशीको पत्नी, कैलाली जिल्ला, नारायणपुर गा.वि.स/न.पा.वडा नं.९ स्थित स्थायी ठेगाना भएको **चन्द्रकला पाण्डेय (ना.प्र.प.नं. ६७२०४२/१०७७२, कैलाली)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **लाल केश जैसीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, मनिकापुर गा.वि.स/न.पा. वडा नं. ५ स्थित कित्ता नं. १०८६ को जम्मा क्षेत्रफल २७०.८७ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **लाल केश जैसीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. २५६९ को जम्मा क्षेत्रफल ३०४.७४ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **लाल केश जैसीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ३७२ को जम्मा क्षेत्रफल १०१५.८० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. **लाल केश जैसीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. २७१ को जम्मा क्षेत्रफल ७७६.०४ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

५. **लाल केश जैसीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. २१६८ को जम्मा क्षेत्रफल २५४.७६ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

६. **राम शरण जैशीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. २२५ र २९५ को जम्मा क्षेत्रफल ३३८.६४ व.मी र ३३८.६३ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०७७/११/२८ मा दर्ता नं. २५८७००१/०७७/०७८ कायम भई दर्ता भएको कैलाली जिल्ला, कैलारी गा.वि.स/न.पा. वडा नं. १, हसुलिया स्थित **मोहित खाद्यान्न तथा फिड सप्लायर्स प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. उजीर अहम्मदको नाति, वसीर अहम्मदको छोरा, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **नईम अहम्मद (ना.प्र.प.नं. १७३०११/६०, धनुषा)**

२. वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, धनुषा जिल्ला, हरिने गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **साहजान खातुन (ना.प्र.प.नं. १७३०११ /६१, धनुषा)**

३. वसीर अहम्मदको बुहारी, नईम अहम्मदको पत्नी, डोटी जिल्ला, दिपायल सिलगाढी गा.वि.स/न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **रिना सुरी (ना.प्र.प.नं. ६८१०२५/३२७०, डोटी)**

४. भंगीराम डगौराको नाति, खुशी राम डगौराको छोरा, कैलाली जिल्ला, थापापुर गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **अर्जुन चौधरी (ना.प्र.प.नं. ६७२०३८/१२७४५, कैलाली)**

५. खुशी राम डगौराको बुहारी, अर्जुन चौधरीको पत्नी, कैलाली जिल्ला, भजनी गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको पुनम चौधरी **(ना.प्र.प.नं. ६७-०२-७४-०३६६६, कैलाली)**

६. अनुप सिहं बमको नातिनी, लोक बहादुर बमको छोरी, कैलाली जिल्ला, चौमाला गा.वि.स/न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **कोपिला बम (ना.प्र.प.नं. ६७-१५-७०-००४०७, कैलाली)**

धितोमा रहेको सम्पत्तिको विवरण

१. **साहजान खातुनको** नाममा मालपोत कार्यालय धनगाढी, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, धनगाढी न.पा. वडा नं. १ स्थित कि.नं. १३८ को जम्मा क्षेत्रफल २७५.४० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

२. **साहजान खातुनको** नाममा मालपोत कार्यालय धनगाढी, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, दरख गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. ४४१ को जम्मा क्षेत्रफल १०१५.९२ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. **अर्जुन चौधरीको** नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, महादेउली गा.वि.स/न.पा. वडा नं. २ स्थित कि.नं. ५८६ को जम्मा क्षेत्रफल ८९३५.८५ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

४. **मोहित खाद्यान्न तथा फिड सप्लायर्स प्रा.लि.**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगातमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, महादेउली गा.वि.स/न.पा. वडा नं. ३ स्थित कि.नं. ५९३ को जम्मा क्षेत्रफल ५०२८.८० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

३. ऋणीको विवरण

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मितिः २०७७/०६/१५ मा दर्ता नं. २४३६२४/०७७/०७८ कायम भई दर्ता भएको कञ्चनपुर जिल्ला, भिमदत्त न.पा. वडा नं. १८, स्थित **बिजन कन्स्ट्रक्शन प्रा.लि.**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. तुला तामाङको नाति, छिलमान तामाङको छोरा, कञ्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **शुक लामा तामाङ (ना.प्र.प.नं. ७५४६०, कञ्चनपुर)**

२. छिलमान तामाङको बुहारी, शुक लामा तामाङको पत्नी, कञ्चनपुर जिल्ला, कालिका गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **आशा तामाङ (ना.प्र.प.नं. ७५३००२/१३४९, कञ्चनपुर)**

धितोमा रहेको सम्पत्तिको विवरण

शुक लामा तामाङको नाममा मालपोत कार्यालय कञ्चनपुरको लगातमा दर्ता श्रेस्ता कायम रहेको कञ्चनपुर जिल्ला, कालिका गा.वि.स/न.पा. वडा नं. ४ स्थित कि.नं. १२७७ को जम्मा क्षेत्रफल २५६५.२० व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

शाखा कार्यालयः सन्धीखर्क, अर्घाखाँची

ऋणीको विवरण

हुम बहादुर थापाको बुहारी, वेन बहादुर थापाको पत्नी, अर्घाखाँची जिल्ला, सन्धिखर्क गा.वि.स/न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **मसुरा थापा (ना.प्र.प.नं. ८५४३, अर्घाखाँची)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हुमाकान्त थापाको नाति, हुम बहादुर थापाको छोरा, अर्घाखाँची जिल्ला, अर्घा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **वेन बहादुर थापा (ना.प्र.प.नं. ६१८७/६११९, अर्घाखाँची)**

२. हुम बहादुर थापाको नाति, वेन बहादुर थापाको छोरा, अर्घाखाँची जिल्ला, सन्धीखर्क गा.वि.स/न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **चन्द्र बहादुर थापा (ना.प्र.प.नं. ४०–०१–७४–०६५५४, अर्घाखाँची)**

धितोमा रहेको सम्पत्तिको विवरण

मसुरा थापाको नाममा मालपोत कार्यालय अर्घाखाँचीको लगातमा दर्ता श्रेस्ता कायम रहेको अर्घाखाँची जिल्ला, किमडाँडा गा.वि.स/न.पा. वडा नं. ५ स्थित कित्ता नं. ५२२ को जम्मा क्षेत्रफल २७५०.२१ व.मी को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालगापात समेत ।

धितो लिलामी बिक्रीका शर्तहरु :

१. बोलपत्र आवेदन फारम मिति २०८१/०१/०४ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु घनगाढी२, कैलाली, महेन्द्रनगर, कञ्चनपुर र सन्धीखर्क, अर्घाखाँचीबाट प्राप्त गर्न सकिनेछ ।

२. खुद्राखुद्रै धितोको लागि खुद्राखुद्रै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२०००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अस्तित्वचारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८१/०१/१८ गते मंगलबार कार्यालय समय भित्र शाखा कार्यालय घनगाढी२, कैलालीको ऋणी नं. ३ को धितोमा रहेको सम्पतिको हकमा यस बैंकको शाखा कार्यालय महेन्द्रनगर, कञ्चनपुरमा तथा अन्य सम्पूर्ण धितोको हकमा यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८१/०१/१९ गते बुधबार सार्वजनिक विदा परेकोले मिति २०८१/०१/२० गते बिहिबार दिउँसो ४:०० बजे शर्त नं. ५ बमोजिम बोलपत्र दर्ता भएको सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा खुद्राखुद्रै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु घनगाढी२, कैलाली, महेन्द्रनगर, कञ्चनपुर र सन्धीखर्क, अर्घाखाँचीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

धितोपत्रको 'इन्साइडर ट्रेडिङ' अनुसन्धान अब प्रहरीले गर्ने

नयाँ पत्रिका

अब धितोपत्र बोर्डमा हुने इन्साइडर ट्रेडिङको अनुसन्धान नेपाल प्रहरीले गर्ने भएको छ। सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको ऐन सोमबार राजपत्रमा प्रकाशित भएसँगै प्रहरीले यस्तो अनुसन्धान गर्ने बाटो खुलेको हो। दुवै सदनबाट पारित भएको विधेयक राष्ट्रपति रामचन्द्र पौडेलबाट ३० चैतमा प्रमाणीकरण भएको थियो। जसमा धितोपत्रसम्बन्धी ऐन, २०६३ का केही दफालाई संशोधन गरिएको छ।

पहिला इन्साइडर ट्रेडिङको आशंका भएमा धितोपत्र बोर्डले प्रारम्भिक अनुसन्धान गरेर सरकारी वकिल कार्यालयमा मुद्दा दायर गर्थ्यो। अब भने धितोपत्र बोर्डले प्रारम्भिक अनुसन्धानपछि सीधै प्रहरीले अनुसन्धान गर्न सक्ने भएको छ। दफा ८६ को विभिन्न स्थानमा रहेको तहकिकात गर्दा तहकिकात गर्ने अधिकारीले भन्ने शब्दको सट्टा अहिले 'अनुसन्धान गर्ने अधिकारी' भन्ने शब्द राखिएको छ। पहिला बोर्डले नै अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गर्ने व्यवस्था थियो, तर अहिले प्रहरीले नै अनुसन्धान अधिकारी तोकेर अनुसन्धान गर्ने व्यवस्था गरिएको छ। प्रहरीले अनुसन्धान गरी प्रतिवेदन तयार गरेर सरकारी वकिल कार्यालयमा मुद्दा दायर गर्ने व्यवस्था गरिएको छ। प्रतिवेदन प्राप्त भएपछि सरकारी वकिलले पैंतीस दिनभित्र जिल्ला अदालतमा मुद्दा दायर गर्नुपर्नेछ।

भित्री सूचना वा जानकारीका आधारमा हुन सक्ने कारोबार, झुटो कारोबार, मूल्यमा उत्तारचढाव, धितोपत्र बजारलाई प्रभावित पारेमा, झुक्याउने विवरण दिने, जालसाजीयुक्त कारोबार, जालसाज गरी वा झुक्याउनमा पारी धितोपत्र कारोबार गर्न नहुने, लिखित, विवरण वा अभिलेख नष्ट गरेमा वा लुकाएमा बोर्ड अध्यक्षले अधिकृतस्तरको कर्मचारीमार्फत प्रारम्भिक जाँचबुझ गराउनुपर्ने ऐनमा उल्लेख छ।

अर्थ मन्त्रालयकै सदस्यलाई अध्यक्षको जिम्मेवारी

संशोधित ऐनले बोर्डमा अध्यक्ष रिक्त भएको अवस्थामा अर्थ मन्त्रालयकै बोर्ड सदस्यले अध्यक्षको हैसियतमा काम गर्न पाउने अधिकार दिएको छ। सरकारले निजलाई पदबाट हटाएमा, निलम्बनमा परी बोर्डको कामकाज गर्न नमिल्ने भएमा अर्थ मन्त्रालयबाट प्रतिनिधित्व गर्ने सदस्यले बोर्डकै अध्यक्षको हैसियतमा काम गर्ने व्यवस्था थप गरिएको हो।

संशोधित ऐनले बजारमा प्रभाव

भित्री सूचनाका आधारमा हुन सक्ने कारोबारको अनुसन्धान प्रहरीले गर्न सक्ने भएपछि त्यसको प्रभाव सेयर बजारमा पनि देखिएको छ। सोमबार नेप्से सूचक १६ दशमलव ८२ विन्दुले घटेर दुई हजार ६ दशमलव ५२ विन्दुमा आइपुगेको छ। आइतबार दुई दशमलव ३५ अंकले घटेको बजार सोमबार पुनः ठूलो अंकले घट्नुलाई संशोधित ऐनको मनोवैज्ञानिक कारण रहेको एक ब्रोकरले बताए। उनले भने, 'एक हिसाबले प्रहरीले अनुसन्धान गर्नु ठिकै भए पनि नियामक निकाय नै छ नि, आवश्यक परे उसले नि सक्छ नि, किन प्रहरी भन्ने त्रास देखिएको पक्कै हो।'

धितोपत्र र ऋणपत्र गरी तीन सय १४ कम्पनीको दुई अर्ब ७९ करोड ७५ लाख रुपैयाँको कारोबार भएको छ। सर्वाधिक कारोबार न्यादी ग्रुप पावरको १७ करोड ७३ लाख रुपैयाँको भएको छ भने सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाको सात करोड ७० लाख रुपैयाँको कारोबार भएको छ। हिमालयन रिइन्स्योरेन्स, सूर्यज्योति लाइफ इन्स्योरेन्स, सानिमा माई हाइड्रोपावरको सेयर मूल्य ६ करोड ३१ लाख रुपैयाँदेखि ६ करोड ९१ लाख रुपैयाँसम्मको कारोबार भएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

निर्देशन जारी भएको दुई वर्षमा पनि हुन सकेन अन्तरवालेट कारोबार

राष्ट्र बैंकले ०८० असारभित्रै अन्तरआबद्ध हुन वालेटहरूलाई दिएको निर्देशन अझै कार्यान्वयन भएन, फरक वालेटबीच कारोबार गर्न नपाउँदा प्रयोगकर्तालाई सास्ती

मिलन विश्वकर्मा/नयाँ पत्रिका



राष्ट्र बैंकले निर्देशन जारी गरेको दुई वर्ष बितिसक्दा पनि अन्तरवालेट कारोबार खुला हुन सकेको छैन। राष्ट्र बैंकले माघ ०७८ मा भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन संशोधन गर्दै असार ०८० सम्म वालेट कम्पनीहरूलाई एक-आपसमा अन्तरआबद्ध हुन निर्देशन दिएको थियो। तर, त्यो म्याद सकिएको नौ महिना बितिसक्दा पनि वालेट कम्पनीहरू एक-आपसमा अन्तरआबद्ध हुन सकेका छैनन्।

फलस्वरूप फरक-फरक कम्पनीको वालेटबीच कारोबार गर्न सकिने सुविधाबाट प्रयोगकर्ता वञ्चित भएका छन्। पछिल्लो समय नेपालमा डिजिटल भुक्तानीले फड्को मारेको स्वयं राष्ट्र बैंकका अधिकारी दाबी गर्छन्। नेपाल-भारत अन्तरदेशीय डिजिटल भुक्तानीसमेत सुरु भइसकेको छ। तर, देशभित्रै फरक-फरक कम्पनीका वालेटबीच कारोबार गर्न मिल्ने सुविधा नआउनु दुःखद पक्ष भएको सरोकारवाला बताउँछन्।

कुनै जोखिम देखिएको अवस्थामा बाहेक राष्ट्र बैंकले अनिवार्य रूपमै वालेट कम्पनीहरूलाई एक-अर्कामा अन्तरआबद्ध हुन निर्देशन दिएको थियो। तर, हालसम्म वालेट कम्पनीहरू एक-अर्कामा अन्तरआबद्ध नहुनु दुःखद पक्ष भएको राष्ट्र बैंकका एक उच्च अधिकारीले बताए।

'हामीले पहिले नै वालेट कम्पनीहरूलाई एक-अर्कामा अन्तरआबद्ध भएर कारोबार खुला गर्न भनेको हो। तर, अहिलेसम्म पनि त्यस्तो कारोबार खुला नहुनु दुःखद पक्ष हो,' उनले भने, 'कि वालेट कम्पनीहरूले यो-यो समस्या छ, हामी गर्न सक्दैनौं भनेर आउनुपर्‍यो। होइन भने एउटा कम्पनी र अर्को कम्पनीको वालेटबीच कारोबार गर्न मिल्ने व्यवस्था मिलाउनुपर्छ।'

अहिले नेपालमा मोबाइल बैंकिङको प्रयोग बढ्दै गएको छ। एउटा मोबाइल बैंकिङबाट अर्को मोबाइल बैंकिङको खातामा पठाउन सकिन्छ। फरक-फरक बैंकको मोबाइल बैंकिङबीच निर्बाध रूपमा रकम आदान-प्रदान गर्न सकिन्छ। त्यसरी नै फरक-फरक कम्पनीका वालेटबीच निर्बाध रूपमा कारोबार खुला गर्नुपर्ने सरोकारवाला बताउँछन्। अहिले एक कम्पनीको वालेटबाट अर्को कम्पनीको वालेटमा पैसा पठाउन बैंकमै निर्भर हुनुपर्छ। पहिला वालेटबाट बैंक खातामा पैसा पठाउनुपर्छ। त्यसपछि सोही बैंक खाताको मोबाइल बैंकिङबाट अर्को वालेटमा पैसा पठाउनुपर्छ। सीधै एउटा वालेटबाट अर्को कम्पनीको वालेटमा पैसा पठाउन सकिन्न।

स्रोतका अनुसार नयाँ र बजारमा कम हिस्सा भएका केही वालेट कम्पनीहरू एक-अर्कामा अन्तरआबद्ध हुने प्रयासमा छन्। तर, बजारमा ठूला हिस्सा ओगटेका ठूला र पुराना वालेट कम्पनीहरू यसप्रति इच्छुक देखिएका छैनन्। 'बजार आफ्नो सिन्डिकेट जमाउन पनि कतिपय ठूला कम्पनीहरू यसमा आकर्षित नभएका हुन सक्छन्,' राष्ट्र बैंकका एक उच्च अधिकारीले बताए।

खल्ती प्रालि (खल्ती वालेट)का विनय खड्काले यसका लागि भुक्तानी सञ्चालकहरू नै एक-अर्कामा अन्तरआबद्ध हुनुपर्ने बताए। 'अहिले नेपालमा २७ वटा वालेट कम्पनी छन्। एउटा कम्पनीले अन्य २६ कम्पनीसँग छुट्टाछुट्टै रूपमै अन्तरआबद्ध भएर काम गर्न व्यावहारिक कठिनाइ छ। त्यसमाथि वालेट कम्पनीहरू फरक-फरक भुक्तानी सञ्चालकसँग आबद्ध छन्। यसरी वालेट कम्पनीहरू एक-आपसमा आबद्ध हुन प्राविधिक रूपमा पनि समस्या आउन सक्छ,' उनले भने, 'तसर्थ, यसका लागि पहिला भुक्तानी प्रणाली सञ्चालकहरू नै एक-आपसमा अन्तरआबद्ध हुनुपर्छजस्तो लाग्छ। साथै, एकीकृत पूर्वाधार पनि तयार गर्नुपर्छजस्तो लाग्छ। त्यसपछि वालेट कम्पनीहरू स्वतः एक-आपसमा अन्तरआबद्ध हुन सक्छन्जस्तो लाग्छ।'

यसका लागि भुक्तानी सञ्चालकले इनोभेटिभ प्रणाली ल्याउनुपर्ने पनि उनले बताए। 'यसका लागि इनोभेटिभ सिस्टम नै चाहिन्छजस्तो लाग्छ। साथै, सेवा शुल्कबारे पनि स्पष्ट व्यवस्था हुनुपर्छ,' उनले भने, 'पछि वालेट कम्पनीहरूकै खर्च बढ्ने भएमा राम्रो हुँदैन। सबैलाई फाइदा हुने गरी यससम्बन्धी पूर्वाधार र नीतिगत व्यवस्था हुनुपर्छ।'

सरकारी स्वामित्वको भुक्तानी प्रणाली सञ्चालक अर्थात् नेपाल क्लियरिङ हाउसका प्रमुख कार्यकारी अधिकृत निलेशमानसिंह प्रधानले वालेट कम्पनीहरूलाई अन्तरआबद्ध बनाउन केन्द्रीकृत (सेन्ट्रल) प्रणाली विकास गरेको बताए। 'क्लियरिङ हाउसले नेसनल पेमेन्ट स्विचअन्तर्गत रिटेल पेमेन्ट स्विच बनाएको छ। त्यसमै वालेटहरूलाई अन्तरआबद्ध गर्ने मुख्य उद्देश्यसहित केन्द्रीकृत प्रणालीको विकास गरेका छौं। त्यसमा वालेट कम्पनीहरू जोडिँदै गएका छन्,' उनले भने, 'तर, वालेट कम्पनीहरूले ग्राहकलाई यो सेवा खुला नगरेका हुन सक्छन्। यसमा हाम्रो तर्फदेखि हुनुपर्ने काम भएको छ।' यद्यपि, यो क्लियरिङ हाउसको आफ्नो केन्द्रीकृत पूर्वाधार मात्रै हो। भुक्तानी प्रणाली सञ्चालकहरू एक-आपसमा अन्तरआबद्ध हुने काम नभएको एक वालेट कम्पनीका अधिकारीले बताए।

हाल नेपालमा १० वटा भुक्तानी प्रणाली सञ्चालक छन्, जसले वालेट र मोबाइल बैंकिङजस्ता भुक्तानीको उपकरणलाई प्रणाली बनाइदिने काम गर्छन्।

यस्तै, राष्ट्र बैंक भुक्तानी प्रणाली विभागका प्रमुख तथा कार्यकारी निर्देशक डा. गुणाकर भट्टले वालेट कम्पनीहरूलाई एक-आपसमा अन्तरआबद्ध हुन बाटो खुला गरिसकेको बताए। त्यहीअनुसार वालेट कम्पनीहरू अघि बढेको हुन सक्ने उनले बताए। 'नेपालले डिजिटल भुक्तानीको विकासमा फड्को मारेको छ। यसअन्तर्गत थुप्रै सुविधाको विकास भएको छ। त्यो क्रममा निकट भविष्यमै फरक-फरक वालेटबीच कारोबार गर्न मिल्ने व्यवस्था हुन्छ,' उनले भने।

दुई करोड १६ लाखभन्दा बढी वालेट खाता

हाल नेपालमा २७ वटा वालेट कम्पनी सञ्चालनमा छन्। वालेट खाताको संख्या भने दुई करोड १६ लाख ३३ हजार ६ सय एक छ। अन्तरवालेट मोडलमा दैनिक ५० हजार र मासिक पाँच लाख रुपैयाँ कारोबार गर्न मिल्छ। फागुन महिनामा वालेटमार्फत २४ अर्ब दुई करोड रुपैयाँबराबरको दुई करोड २४ लाख १० हजारवटा कारोबार भएको छ। गत वर्ष फागुन महिनामा १८ अर्ब १५ करोड रुपैयाँबराबरको एक करोड ९७ लाख ८७ हजारवटा यस्तो कारोबार भएको थियो। राष्ट्र बैंकको उक्त तथ्यांकअनुसार पछिल्लो समय वालेट कारोबार बढ्दै गएको देखिन्छ। तर, दुई फरक कम्पनीको वालेटबीच कारोबार हुने व्यवस्था नहुँदा यसको दायर विस्तार हुन सकेको छैन।

राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट भन्छन्-



नेपालले डिजिटल भुक्तानीको विकासमा फड्को मारेको छ। यसअन्तर्गत थुप्रै सुविधाको विकास भएको छ। त्यो क्रममा निकट भविष्यमै फरक-फरक वालेटबीच कारोबार गर्न मिल्ने व्यवस्था हुन्छ। अहिले भुक्तानी सेवाप्रदायक आफैं बजार विस्तार गर्दै गएका छन्। इनोभेटिभ प्रडक्ट पनि ल्याइरहेको देखिन्छ। तसर्थ, अन्तरवालेट कारोबार गर्न पाउने सुविधा पनि छिट्टै आउँछजस्तो लाग्छ।

नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवन तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मितिः २०८१/०१/०४)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०१/२६ मा दर्ता नं. १४८९४४/७२/०७३ अन्तर्गत दर्ता भएको **श्री युवा स्वरोजगार लक्षित कृषि फार्म प्रा. लि।**
ठेगानाः चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ११, जनकपुर, चितवन।

कम्पनीका संचालकहरु तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. छिता राम घिमिरेको नाति रवि लाल घिमिरेको छोरा अर्घाखाँची जिल्ला खना गा.वि.स वडा नं. ०९ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. १० बस्ने, ना.प्र.नं.२०५४/११२८ (जारी मितिः २०४२/०२/०२, स्थान अर्घाखाँची) भएका **श्री फरसुराम घिमिरे।**
२. रण बहादुर शाहीकी छोरी कृष्ण बहादुर बुढाथोकीकी बुहारी राजेन्द्र बुढाथोकीकी श्रीमती चितवन जिल्ला कुमरोज गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. १० बस्ने ना.प्र.नं. ९२७१/०५६ (जारी मितिः २०५६/०१/२३, स्थान चितवन) भएकी **श्रीमती निता शाही।**
३. शिव बहादुर बुढाथोकीको नाति कृष्ण बहादुर बुढाथोकीको छोरा धादिङ्ग जिल्ला गोगनपानी गा.वि.स वडा नं. ०३ स्थायी घर भई हाल धादिङ्ग जिल्ला गल्छी गा.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं.२/१४९९ (जारी मितिः २०५९/०२/०५, स्थान धादिङ्ग) भएका **श्री नवराज बुढाथोकी।**
४. वेद बहादुर कार्कीको नाति ज्ञानेन्द्र कार्कीको छोरा धादिङ्ग जिल्ला थाके गा.वि.स वडा नं. ०३ स्थायी घर भई हाल धादिङ्ग जिल्ला थाके गा.पा वडा नं. ०८ बस्ने, ना.प्र.नं.२६१/४९३२३ (जारी मितिः २०६८/०३/०२, स्थान धादिङ्ग) भएका **श्री पशुपति कार्की।**
५. उदय बहादुर हमालको नाति पूर्ण बहादुर हमालको छोरा चितवन जिल्ला पदमपुर गाउँ पञ्चायत वडा नं. ०९ स्थायी घर भई हाल चितवन जिल्ला कालिका न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं.१००१ (जारी मितिः २०५०/११/१८, स्थान चितवन) भएका **श्री मन बहादुर हमाल।**
६. शिव बहादुर बुढाथोकीको नाति कृष्ण बहादुर बुढाथोकीको छोरा काठमाडौं जिल्ला स्युचाटार गा.वि.स वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. १० बस्ने ना.प्र.नं.१६०१३/४२३०९ (जारी मितिः २०५३/०६/१६, स्थान काठमाडौं) भएका **श्री राजेन्द्र बुढाथोकी।**
७. रण बहादुर शाहीकी छोरी पूर्ण बहादुर हमालकी बुहारी मन बहादुर हमालकी श्रीमती चितवन जिल्ला पदमपुर गा.वि.स वडा नं. ८ स्थायी घर भई हाल चितवन जिल्ला कालिका न.पा वडा नं. ०३ बस्ने ना.प्र.नं.११९९/०३४ (जारी मितिः २०६०/०९/१८, स्थान चितवन) भएकी **श्रीमती शान्ति हमाल।**

धितोको विवरण

१. चितवन जिल्ला पदमपुर गाउँ पञ्चायत वडा नं. ०९ स्थायी घर भई हाल चितवन जिल्ला कालिका न.पा वडा नं. ०३ बस्ने, **श्री मन बहादुर हमाल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, पदमपुर गा.वि.स, वडा नं. ८ सिट नं ८क मा अवस्थित कि.नं.१०२८ क्षेत्रफल ०-४-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. काठमाडौं जिल्ला स्युचाटार गा.वि.स वडा नं. ०२ स्थायी घर भई हाल काठमाडौं जिल्ला नागार्जुन न.पा वडा नं. १० बस्ने, **श्री राजेन्द्र बुढाथोकी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स, वडा नं. २ सिट नं २ मा अवस्थित कि.नं.१३६४, २२५ र १२८४ क्षेत्रफल ०-३-०-०, ०-२-०-० र ०-२-३-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर तीन रुपैयाँ वृद्धि

नयाँ पत्रिका

नेपाल आयल निगमले सोमबार रातिबाट लागू हुने गरी पेट्रोल, डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर तीन रुपैयाँले वृद्धि गरेको छ। मूल्यवृद्धिपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ७८ रुपैयाँ र डिजेल तथा मट्टीतेल समान एक सय ६१ रुपैयाँ प्रतिलिटर कायम भएको छ। त्यसैगरी, तराईमा पेट्रोल एक सय ७५ रुपैयाँ ५० पैसा र डिजेल तथा मट्टीतेल समान एक सय ५८ रुपैयाँ ५० पैसा प्रतिलिटर पुगेको छ भने सुर्खेत र दाङमा पेट्रोल एक सय ७७ र डिजेल तथा मट्टीतेल समान एक सय ६० रुपैयाँ प्रतिलिटर निर्धारण भएको छ।



मूल्यवृद्धिपछि काठमाडौं उपत्यकामा पेट्रोल एक सय ७८ रुपैयाँ र डिजेल तथा मट्टीतेल समान एक सय ६१ रुपैयाँ प्रतिलिटर कायम भएको छ

सोमबार दिउँसो इन्डियन आयल कर्पोरेसन (आइओसी)बाट नयाँ खरिददर आउँदा पेट्रोल दुई रुपैयाँ ९६ पैसा र डिजेल तीन रुपैयाँ ४६ पैसा प्रतिलिटर बढेर आएकाले निगम सञ्चालक समितिबाट मूल्यवृद्धिको निर्णय गरिएको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए। आइओसीले प्रत्येक १५-१५ दिनमा निगमलाई नयाँ खरिद दर पठाउने गरेको छ। नयाँ खरिद दरमा आएको परिवर्तनअनुसार निगमले नेपाली बजारमा मूल्य समायोजन गर्दै आएको छ। यसअघि १८ चैतमा पनि पेट्रोलको भाउ चार रुपैयाँ प्रतिलिटर वृद्धि गरिएको थियो।

फेरि उकालो लाग्दै कच्चा तेल

अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ पुनः उकालो लाग्न थालेको छ। एक महिनाअघि ५ चैतमा ८५.४७ डलर प्रतिब्यारेल रहेको ब्रेन्ट कच्चा तेलको भाउ ३ वैशाख साँझमा ८९.३१ डलर प्रतिब्यारेल पुगेको थियो। गत शुक्रबार भने कच्चा तेलको भाउ ९१.६८ डलर प्रतिब्यारेल पुगेर केही तल ओर्लेको हो। अन्तर्राष्ट्रिय रिपोर्टका अनुसार इरान, इजरायल र सिरियाबीच चलिरहेको मध्यपूर्वी देशहरूको द्वन्द्वले कच्चा तेलको मूल्यमा ठूलो दबाब सिर्जना हुनेछ। किनभने, इरानले हमलाको एक दिनअगाडि ओमानको खाडी क्षेत्र 'होर्मुज' हुँदै गइरहेको इजरायलको तेल बोकेको जहाज नियन्त्रणमा लिएको थियो। होर्मुज क्षेत्र हुँदै इजरायलले विश्वभर २० प्रतिशत कच्चा तेल आपूर्ति गर्दै आएको छ।

यो क्षेत्रमा इरानले क्रुज मिसाइल तैनाथ गरेकाले इजरायले यहाँबाट तत्कालै कच्चा तेल पठाउने जोखिम नलिन सक्ने आकलन गरिएको छ। त्यसैगरी, इरानले 'स्वेज नहर'समेत बन्द गर्ने चेतावनी दिएको छ। स्वेज नहर हुँदै इजरायलबाट प्रत्येक दिन ५.५ मिलियन ब्यारेलभन्दा बढी कच्चा तेल निर्यात हुने गरेको छ। सन् २०२३ मा भारतले आयात गरेमध्ये ६५ प्रतिशत कच्चा तेल स्वेज नहरको बाटो हुँदै आएको थियो। भारतमा कच्चा तेलको आपूर्तिमा अवरोध भए नेपालमा सोझो असर पर्नेछ, किनभने नेपालमा हुने मागको शतप्रतिशत इन्धन भारतबाटै आउने गरेको छ।

नेवानिले चैतमा गर्‍यो ५३ करोड किस्ता भुक्तानी

नयाँ पत्रिका

नेपाल वायुसेवा निगमले दुई न्यारोबडी र दुई वाइडबडी जहाज खरिद गर्न लिएको ऋणबापत चैत महिनाको किस्ता ५३ करोड नौ लाख ५५ हजार भुक्तानी गरेको छ। ऋणदाता कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषलाई दुई न्यारोबडीको पूरै र दुई वाइडबडीको आंशिक किस्ता भुक्तानी गरेको निगमले जनाएको छ। निगमले सरकारलाई जमानी राखेर दुईवटा वाइडबडी र दुईवटा न्यारोबडी जहाज खरिद गर्न कर्मचारी सञ्चय कोषसँग २२ अर्ब र नागरिक लगानी कोषबाट १२ अर्ब रुपैयाँ ऋण लिएको थियो।

निगमले अन्तर्राष्ट्रिय उडानका लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण लिएर चारवटा जहाज खरिद गरेको थियो। तर, जहाज नियमित उडाउन नसकेर घाटा हुँदा निगमको ऋण दायित्व थपिँदै गएको छ। अहिले पनि निगमले वाइडबडी जहाज जापानबाहेक लामो दूरीको अर्को गन्तव्यमा उडाउन सकेको छैन। कोरिया र अस्ट्रेलिया उडानको योजनाले मूर्तता पाउन सकेको छैन। युरोपेली देशहरूमा उडान गर्न युरोपेली युनियन (इयू)ले राखेको कालोसूचीले अवरोध सिर्जना गरेको छ।

निगमसँग रहेका दुईवटा न्यारोबडी जहाजमध्ये एउटा सधैं ग्राउन्डेड भइरहँदा नियमित उडानमा एउटा मात्र हुने गरेको छ। अहिले पनि निगमको एउटा न्यारोबडी जहाज महिनौंदेखि ग्राउन्डेड छ। तर, जहाज मर्मत गरेर उडाउनका लागि निगम व्यवस्थापनले त्यति तदारुकता देखाएको छैन।

इन्जिन बिग्रिएको जहाज इजरायल लगेर थन्क्याइएको छ। जहाज ग्राउन्डेड भइरहँदा निगमको उडानतालिका अस्तव्यस्त बनेको छ नै, सँगसँगै आम्दानीमा पनि गिरावट आएको छ। जहाज उडाएर आम्दानी गर्नुपर्ने निगम ग्राउन्ड ह्यान्डलिङ सेवाबापत प्राप्त हुने अम्दानीमा रमाएर बसेको छ।

कोरोना महामारीका कारण निगमको व्यापारमा समेत प्रतिकूल असर परेको भन्दै सो अवधिको ब्याजको ब्याज, हर्जाना र पेनल छुट गरिदिन एवं किस्ता संख्या वृद्धि गरेर ऋण दायित्व भुक्तानीलाई सहजीकरण गरिदिन निगम व्यवस्थापनले सञ्चय कोष र लगानी कोषलाई पत्र पठाएको जनाएको छ। तर, निगम व्यवस्थापनसँग ऋणदाता दुवै संस्था सन्तुष्ट छैनन्। अहिले निगमको अन्तर्राष्ट्रिय र आन्तरिक उडानका लागि जहाज खरिद गर्न ल्याएको ऋणको दायित्व बढेर आधा खर्ब पुग्न थालेको छ।

श्रममन्त्रीको रिपोर्ट कार्ड : ६ कार्यविधि स्थगन

नयाँ पत्रिका

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले पदबहाली गरेयता एक महिनामा ६ वटा विवादित कार्यविधि स्थगन गरेका छन्। २३ फागुनमा श्रममन्त्री नियुक्त भएका अर्यालले २४ चैतसम्मको कार्य प्रगतिको रिपोर्ट कार्डमार्फत यस्तो जानकारी दिएका हुन्। मन्त्री बनेको केही दिनमै पूर्वप्रस्थान अभिमुखीकरणका लागि शुल्क वृद्धिसहितको व्यवस्था गर्न बनेको कार्यविधिलाई उनले स्थगन गरेका थिए।

वैदेशिक रोजगारीका लागि जानुअघि लिइने पूर्वप्रस्थान अभिमुखीकरण शुल्क सात सय रुपैयाँ रहेकोमा मन्त्रालयले २८ सय रुपैयाँ पुर्‍याउने कार्यविधि निर्माण गरेको थियो। यसको चौतर्फी विरोध भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पनि शुल्क वृद्धिको निर्णय फिर्ता लिन निर्देशन दिएका थिए। मन्त्री अर्याल आएपछि यो कार्यविधिलाई स्थगन गराएका हुन्। उनले यो कार्यविधि खारेज नै गर्ने तयारी गरेको मन्त्रालय स्रोतको भनाइ छ। त्यसैगरी, दक्ष तथा अर्धदक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गर्ने सम्बन्धमा बनेको कार्यविधि स्थगन गरिएको छ। दक्ष तथा अर्धदक्ष कामदारलाई अनिवार्य अंग्रेजी भाषा सिकेर मात्र वैदेशिक रोजगारीमा जानुपर्ने व्यवस्था यो कार्यविधिमार्फत गरिएको थियो। कार्यविध लागू हुँदा वैदेशिक रोजगारीमा जाने कामदारले भाषा सिक्न र परीक्षा दिन करिब ३५ हजार थप व्ययभार बोक्नुपर्ने स्थिति थियो। जापानमा सीपयुक्त कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधिसमेत स्थगन गरिएको छ। कोरियाली रोजगारी मोडेलजस्तै सरकारीस्तरबाटै जापान पठाउने भनिए पनि कार्यविधि जारी गर्दा म्यानपावरबाट पठाउने व्यवस्था भएपछि विवाद बनेको कार्यविधि स्थगनपछि अहिले अध्ययनकै क्रममा रहेको मन्त्रालयले जनाएको छ। त्यस्तै, दक्षिण कोरियामा इ-७ भिसामा कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधिलाई पनि थप अध्ययन गर्नुपर्न भन्दै अहिले स्थगनको अवस्थामा छ।

मन्त्रालयले १२ चैतमा सूचना जारी गर्दै इजाजतपत्र पाएका संस्थाहरूबाट इजरायलका लागि कामदार भर्ना प्रक्रिया रोक्न निर्देशन दिएको थियो। ६ वटै कार्यविधिबारे अध्ययन गर्न गत ३० फागुनमा मन्त्रालयका सहसचिव गोविन्दप्रसाद रिजालको संयोजकत्वमा तीन सदस्यीय अध्ययन समिति गठन गरिएको छ।



स्थगन गरिएका कार्यविधि तथा निर्णय

- पूर्वप्रस्थान अभिमुखीकरणका लागि शुल्क वृद्धिसहितको व्यवस्था गर्न बनेको कार्यविधि
- जापानमा सीपयुक्त कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि
- दक्ष एवं अर्धदक्ष कामदारका लागि अंग्रेजी भाषा अनिवार्य गर्ने सम्बन्धमा बनेको कार्यविधि
- दक्षिण कोरियामा ई-७ भिसामा कामदार पठाउने सम्बन्धमा जारी भएको कार्यविधि
- रोजगारदाताले पठाएको माग छानबिन गरी मन्त्रालयमा गठन भएको समितिबाट प्रमाणीकरण गर्नेसम्बन्धी कार्यविधि
- बिटुबी प्रक्रियाबाट इजरायलमा कामदार पठाउने निर्णय

पर्यटन प्रवर्द्धन गर्न हाइकिङ र साइक्लिङ

लमजुङमा **शान्ता कमली**



नयाँ वर्ष एवं चैतेदसैं मेला एवं धार्मिक उत्सवका अवसरमा हाइकिङ (पदयात्रा), साइक्लिङ गरिएको छ। पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ वर्षको पहिलो दिन लमजुङ दरबारदेखि पुरानोकोट गढी स्तूपासम्म हाइकिङ, साइक्लिङ गरिएको हो।

करिब डेढ घण्टाको सो यात्रामा स्वैच्छिक पदयात्रीको सहभागिता रहेको थियो। ऐतिहासिक गढीक्षेत्र र स्तूपा पुगेर पदयात्रीबीच राजारानी दरबारका भग्नावशेष, स्तूपा, चण्डीथान, जलदेवीथान अवलोकन, लालीगुराँसको जंगल घुमफिर र वरिपरिका मनोरम दृश्यावलोकन गरिएको लायन्स क्लब अफ लमजुङ बैंसीसहरका संस्थापक अध्यक्ष सुरेशकुमार प्रधानले बताए। उनका अनुसार गाउँसहर क्षेत्रको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ सो कार्यक्रम गरिएको हो।

यसैगरी लमजुङ साइक्लिङ संघले पुरानोकोट गढी स्तूपाबाट बैंसीसहरसम्म सामूहिक साइक्लिङ गरेको छ। आठौं लमजुङ महोत्सवका अवसरमा जिल्लाको पर्यटन प्रवर्द्धन गर्नुका साथै साइक्लिङ सम्भावना उजागर गर्ने उद्देश्यका साथ सो कार्यक्रम गरिएको साइक्लिङ संघका संयोजक ध्रुवराम प्रधानले बताए।

ऐतिहासिक गढीक्षेत्र, स्तूपा घुमफिरसँगै साइक्लिङ गरेर काउलेपानी होमस्टे, मन्दिर, लमजुङ दरबार, चण्डीथान, बैंसीसहर बजार हुँदै सहजीस्थित लमजुङ महोत्सवस्थलसम्म साइक्लिङ गरिएको प्रधान बताउँछन्। महोत्सवस्थलमा उनीहरूलाई बैंसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्याल र लमजुङ उद्योग वाणिज्य संघका पदाधिकारीले स्वागत गरेका थिए। त्यसैगरी काउलेपानीस्थित होमस्टे तथा पर्यटन समिति र लायन्स क्लबका पदाधिकारीले स्वागत गरेका थिए।

ग्लोबल आइएमईका क्रेडिट कार्ड होल्डरलाई ६ हजारमै विदेश भ्रमण



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले सरल किस्ताबन्दीमा स्वदेश तथा विदेश भ्रमण योजना सार्वजनिक गरेको छ। आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न बैंकको क्रेडिट कार्डवाहक ग्राहकलाई लक्षित गरी यो योजना ल्याइएको बैंकले जनाएको छ।

आइएमई ट्राभल्ससँगको सहकार्यमा ल्याइएको यस योजनाअन्तर्गत हाल आन्तरिक पर्यटकीय स्थान अन्नपूर्ण बेसक्याम्प, धार्मिक गन्तव्यका रूपमा स्थापित मुक्तिनाथ तथा अन्तर्राष्ट्रिय टुर प्याकेजमा थाइल्यान्ड, बाली, दुबई भ्रमणका लागि सहुलियत मूल्यका योजना ल्याइएको छ।

बैंकले आन्तरिक भ्रमणका लागि न्यूनतम तीन हजार दुई सय १० रुपैयाँ र विदेश भ्रमणका लागि न्यूनतम ६ हजार रुपैयाँको सरल किस्ताबन्दी योजना ल्याएको हो।

बैंकका क्रेडिट कार्डवाहक व्यक्तिले आइएमई ट्राभल्समार्फत टुर प्याकेज किस्ताबन्दीमा खरिद गर्न सक्ने बैंकले जनाएको छ। साथै, यो योजनामा आबद्ध भई क्रेडिट कार्ड लिन चाहनेलाई बैंकले कार्ड जारी शुल्कमा समेत ५० प्रतिशत छुट दिने भएको छ।


लक्ष्मी सनराइजले सार्वजनिक गऱ्यो गत आवको कार्बन उत्सर्जन प्रतिवेदन

काठमाडौं/ लक्ष्मी सनराइज बैंकले आर्थिक वर्ष ०७९/८० सम्मको सवारीसाधन कर्जा तथा आवासीय कर्जाअन्तर्गत निष्कासित कार्बन उत्सर्जन प्रतिवेदन सार्वजनिक गरेको छ। सन् २०२१ देखि कार्बन एकाउन्टिङ फाइनान्सियल पार्टनरसिप (पिसिएएफ)सँग आबद्ध हुँदै आएको बैंकले गत आवको कार्बन उत्सर्जन प्रतिवेदन सार्वजनिक गरेको हो।

पिसिएएफ वित्तीय संस्थाहरूको विश्वव्यापी साझेदारी समूह हो। यसले वित्तीय संस्थाहरूको कर्जा र लगानीका क्षेत्रमार्फत उत्सर्जन हुने हरित हाउस ग्यासको मूल्यांकन र सोको विवरण संकलन र सार्वजनिक गर्ने काम गर्छ। प्रकाशित प्रतिवेदनले बैंकको सवारीसाधन कर्जा र आवासीय कर्जामार्फत गत आर्थिक वर्षसम्म (१६ जुलाई २०२३ सम्म) कुल १५,९६५.११ टन कार्बनडाइअक्साइड इक्विभ्यालेन्ट उत्सर्जन गरेको देखाएको छ। जसमध्ये सवारीसाधन कर्जामार्फत ३,६४४.५१ कार्बन र आवासीय कर्जामार्फत १२,३२०.६० कार्बन उत्सर्जन भएको प्रतिवदेनमा उल्लेख छ।

बैंकले आफ्नो कार्बन फुटप्रिन्टको पहिचानसँगै उत्सर्जन गरेको कार्बनको असरलाई न्यूनीकरण गर्न पहल अगाडि बढाइसकेको जनाएको छ। विभिन्न हरित परियोजनामा लगानी बढाउनुका साथै आफ्ना डिजिटल प्लेटफर्मको पहुँचलाई अझ सुगम र सुदृढ बनाउने, पूर्ण रूपमा डिजिटल बचत खाताको सञ्चालन गर्ने र आफ्ना ग्राहकलाई दिगो अभ्यास गर्न प्रेरित गर्नेलगायत कार्य गर्दै आएको बताइएको छ।

हायरका रेफ्रिजेरेटर र वासिङ मेसिन किन्दा पक्का उपहार योजना



काठमाडौं/ इलेक्ट्रोनिक ब्रान्ड हायरले 'नयाँ वर्ष : नयाँ हायर, पक्का उपहारमा ह्याप्पी बायर' योजना सार्वजनिक गरेको छ। नेपालका लागि हायरको आधिकारिक विक्रेता निओटेरिक नेपाल प्रालिले यो योजना ल्याएको हो।

यस योजनाअन्तर्गत ग्राहकले हायरका रेफ्रिजेरेटर र वासिङ मेसिन किन्दा पक्का उपहार पाउने कम्पनीले जनाएको छ। रेफ्रिजेरेटर किन्दा माइक्रोवेभदेखि, मिक्सर ग्रिन्डर, ह्यान्ड ब्लेन्डर, ड्राई आइरन प्राप्त गर्नेछन् भने वासिङ मेसिनको खरिदमा स्टिम, आइरन र ड्राई आइरन उपहार पाउनेछन्।

यो योजना १ वैशाखदेखि सीमित अवधिका लागि लागू भएको कम्पनीले जनाएको छ।

हस्तकला ग्राम स्थापना तथा सञ्चालन अध्यादेश चाँडो पारित गर्न अनुरोध



काठमाडौं/ नेपाल हस्तकला महासंघका अध्यक्ष प्रचण्ड शाक्यले हस्तकला ग्राम स्थापना तथा सञ्चालन अध्यादेश जतिसक्दो चाँडो पारित गरिदिन अनुरोध गरेका छन्। बागमती प्रदेश सरकारका नवनियुक्त मन्त्रीहरूको सम्मानमा महासंघले आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रममा शाक्यले प्रदेश सरकारलाई सो आग्रह गरेका हुन्।

साथै, उनले प्रदेशस्तरीय हस्तकला नीतिको स्वीकृति, सार्क हस्तकला विकास केन्द्र सञ्चालन, हस्तकला व्यापार तथा हस्तकला प्रतियोगिता सञ्चालन, हस्तकला विश्वविद्यालय स्थापनामा प्रदेश सरकारको सहयोगका लागि पनि आग्रह गरे।

सो अवसरमा संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्य, वन तथा वातावरणमन्त्री केशवप्रसाद पोखरेल र उद्योग, वाणिज्य, भूमि तथा प्रशासनमन्त्री प्रकाश श्रेष्ठले हस्तकला क्षेत्रको प्रवर्द्धनका लागि आफ्नो मन्त्रालयले आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने कार्यलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गरे।

उनीहरूले प्रदेशभित्रका मन्त्रालय तथा कार्यालयमा हस्तकलाको प्रयोग बढाउने, हस्तकला ग्राम स्थापना तथा सञ्चालन विधेयक संसद्बाट पारित गरी कार्यान्वयन गराउने प्रतिबद्धता पनि जनाए।

त्यस्तै, आगामी आर्थिक वर्षको बजेटमा सम्बन्धित संस्थाकै नाम उल्लेख गरी बजेट विनियोजन गर्ने व्यवस्थाको थालनी गर्ने, हस्तकला नीति स्वीकृत गरी कार्यान्वयन गर्ने, वनजन्य उद्योगमा आधारित हस्तकला वस्तुका लागि आवश्यक पर्ने कच्चा पदार्थहरू काठ, ढुंगा सहज रूपबाट उपलब्ध गराउनेलगायत प्रतिबद्धतासमेत जनाए।

गंगाजल बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय म.थि.न.पा.-४, भक्तपुर
फोन: ५०९३२०२

३५ दिने सूचना

यस सहकारी संस्थाबाट अचल सम्पति धितो राखी ऋण लिनु भएका तपशिलका ऋणीसदस्यहरूले ऋणको साँवा ब्याज नतिरी नबुझाई लिखित अनुसारको ऋण सम्बन्धि शर्त उल्लंघन गरेकोले पटक पटक तरताकेता गर्नुका साथै बुझाउनु पर्ने ऋणको रकम चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी ऋण चुक्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा संस्थासंग भएको शर्त कबुलियत, तमसुक बमोजिम धितो को घर/जग्गा लिलाम गरी ऋण असुल गर्ने जानकारी गराइन्छ।

तपशिल

क्र.स.	ऋणीको विवरण	धितोको विवरण
१	नाम : विष्णु भक्त गोङ्ख प्रजापति बुबा : विकू बहादुर गोङ्ख प्रजापति बाजे : कुल बहादुर गोङ्ख प्रजापति ठेगाना : भक्तपुर जिल्ला, म.थि.न.पा.वडा नं ८, हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं ३२	ऋणीको नाममा मा.पो.का भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक निलबाराही गा.वि.स. वडा नं ८ ख,कि.नं १५१२ को क्षेत्रफल ०-३-३-० जग्गा र धनजमानी बस्ने बिष्णु लक्ष्मी सौँय प्रजापति हाल का.म.न.पा वडा नं ३२
२	नाम : लक्ष्मी कृष्ण सौँय प्रजापति बुबा : पृथ्वी बहादुर सौँय प्रजापति बाजे : पृथ्वीमान सौँय प्रजापति ठेगाना : भक्तपुर जिल्ला, चपाचो गा.वि.स.वडा नं ७, हाल भक्तपुर जिल्ला, म.थि.न.पा.वडा न ६	ऋणीको नाममा मा.पो.का भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक निलबाराही (बोडे) गा.वि.स. वडा नं ९ क , कि.नं २८८७ को क्षेत्रफल ०-६-२-० जग्गा धनजमानी बस्ने बिष्णु भक्त गोङ्ख प्रजापति हाल का.म.न.पा वडा नं ३२
३	नाम : टोप नाथ सापकोटा बुबा : मेघनाथ सापकोटा बाजे : बिलभद्र सापकोटा ठेगाना : सिन्धुपाल्चोक जिल्ला, बतासे गा. वि. स. वडा नं ३, हाल भक्तपुर जिल्ला, म.थि.न.पा.वडा न ३	ऋणीको नाममा मा.पो.का भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक मध्यपुर ठिमी वडा नं १७ , कि.नं १६६ को क्षेत्रफल १३१.३७ जग्गा धनजमानी बस्ने बिष्णु भक्त गोङ्ख प्रजापति हाल का.म.न.पा वडा नं ३२
४	नाम : सकुन्तला मुक्तान बुबा : गणेश बहादुर मुक्तान बाजे : काजीमान मुक्तान ठेगाना : काभ्रे जिल्ला, बनखु गा. वि. स. वडा नं ५	ऋणीको नाममा मा.पो.का भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक सिपाडोल वडा नं ४ क, कि.नं १३१७ को क्षेत्रफल ०-५-०-० जग्गा

गंगाजल बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय म.थि.न.पा.-४, भक्तपुर
फोन: ५०९३२०२

कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्त जरुरी सूचना

यस सहकारी संस्थाबाट ऋण लिनु भएका तपशिलका ऋणीसदस्यहरूले ऋणको साँवा ब्याज नतिरी नबुझाई लिखित अनुसारको ऋण सम्बन्धि शर्त उल्लंघन गरेकोले पटक पटक तरताकेता गर्नुका साथै बुझाउनु पर्ने ऋणको रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क गरी ऋण चुक्ता गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा तपाई लगाएत ब्यक्तिगत धन जमानी दिने समेतको घरघराना तथा अन्य चलअचल सम्पतिबाट लेना रकम असुलउपर गरिने र कालो सुचिमा समावेश गरी सम्वन्धित मुद्दा दायर गरिने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपशिल

क्र.स.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१	नाम : पुनम मालाकार बुबा : गोपाल बहादुर थापा श्रीमान : भरत कुमार मालाकार ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं १०	नाम : भरत कुमार मालाकार बुबा : सुरेश चन्द्र मालाकार बाजे : पुर्ण लाल मालाकार ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं १०
२	नाम : सिर्जना कुमारी मिश्र बुबा : नारायण बहादुर मिश्र बाजे : भक्त बहादुर मिश्र ठेगाना : सप्तरी जिल्ला कंचनपुर गा.वि.स.वडा नं ४	नाम : तुलसा माया श्रेष्ठ बुबा : गोकुल बहादुर श्रेष्ठ बाजे : शिव बहादुर श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं १०
३	नाम : लक्ष्मी कृष्ण कुटु बुबा : अष्ट बहादुर कुटु बाजे : बुद्दि नारायण कुटु ठेगाना :भक्तपुर जिल्ला म.थि.न.पा वडा नं १५ हाल म.थि.न.पा वडा नं ०३	नाम : गणेश कोजु बुबा : कृष्ण कोजु बाजे : ज्ञान बहादुर कोजु ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा वडा नं १५ हाल म.थि.न.पा वडा नं ०२
४	नाम : माधव कुवर बुबा : विर बहादुर कुवर बाजे : मान बहादुर कुवर ठेगाना : काभ्रे जिल्ला खनालचोक गा.वि.स. वडा नं ४	नाम : बेली कुवर श्रीमान : माधव कुवर ससुरा : विर बहादुर कुवर ठेगाना : काभ्रे जिल्ला खनालचोक गा.वि.स. वडा नं ४
५	नाम : रोशन बके बुबा : कृष्ण बके बाजे : शेर बहादुर बके ठेगाना: भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ७	नाम : गणेश राम दुगु बुबा : तुल्सी राम दुगु बाजे : तुल्सी कुमार दुगु ठेगाना : :भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ६
६	नाम : दिपा अधिकारी बुबा : केशव विक्रम अधिकारी बाजे : याम विक्रम अधिकारी ठेगाना: मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं ५ हाल भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ३	नाम : सीता अधिकारी उप्रेती बुबा : सुर्य बहादुर अधिकारी बाजे : गोकुल प्रसाद अधिकारी ठेगाना : नुवाकोट जिल्ला चारघरे गा.वि.स. वडा नं ३ हाल भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ३
७	नाम : दिनेश कालिकोटे बुबा : कृष्ण बहादुर कालिकोटे बाजे : शेर बहादुर कालिकोटे ठेगाना :दोलखा जिल्ला पवटी गा.वि.स २	नाम : जीवन नेपाल बुवा : पुष्प राज नेपाल बाजे : हरि प्रसाद नेपाल ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा वडा नं ३
८	नाम : सरस्वती न्यौपाने बुबा : मुकुन्द राज न्यौपाने बाजे : धर्म प्रसाद न्यौपाने ठेगाना : दोलखा जिल्ला सकाठोर गा.वि.स ४ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२	नाम : सुशीला राणा बुबा : दिल बहादुर राणा बाजे : मकरध्वज राण ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२
९	नाम : रीना राई बुबा : भीम बहादुर राई बाजे : मानविर राई ठेगाना : सप्तरी जिल्ला फत्तेपुर गा.वि.स २ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२	नाम : आशा राई बुबा : भीम बहादुर राई बाजे : मानविर राई ठेगाना : भोजपुर जिल्ला धोदलेखानी गा.वि.स १ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२
१०	नाम : आशा राई बुबा : भीम बहादुर राई बाजे : मानविर राई ठेगाना : भोजपुर जिल्ला धोदलेखानी गा.वि.स १ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२	नाम : बिष्णु कुमार श्रेष्ठ बुबा : प्रेम लाल श्रेष्ठ बाजे : कृष्ण लाल श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२
११	नाम : यशोदा आचार्य बुबा : चित्र कुमार दाहाल श्रीमान : मनोरथ आर्चाय ठेगाना : उदयपुर जिल्ला ठोक्सीला वडा नं ७	नाम : मनोरथ आचार्य बुबा : रत्न प्रसाद आर्चाय बाजे : लिलाधर आर्चाय ठेगाना : उदयपुर जिल्ला ठोक्सीला वडा नं ७
१२	नाम : काजोल पाठक बुबा : चेतनाथ पाठक श्रीमान : बोधनाथ पाठक ठेगाना : झापा जिल्ला जुरोपानि गा.वि.स. वडा नं ८	नाम : तुलसा माया श्रेष्ठ बुबा : गोकुल बहादुर श्रेष्ठ बाजे : शिव बहादुर श्रेष्ठ ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा वडा नं १०
१३	नाम : सत्य नारायण धौगौडा बुबा : राम बहादुर धौगोडा बाजे : कृष्ण प्रसाद धौगोडा ठेगाना : काभ्रे जिल्ला नासिकास्थान गा.वि.स. वडा नं १ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२	नाम : नानु रायमाझी श्रीमान : सत्य नारायण धौगौडा ससुरा : राम बहादुर धौगोडा ठेगाना : चितवन जिल्ला कठार गा.वि.स. वडा नं ५
१४	नाम : नरेश प्रसाद कुशवाह बुबा : राजाराम प्रसाद कुशवाह बाजे : सहदेव प्रसाद कुशावाह ठेगाना : बारा जिल्ला गोलागंज गा.वि.स. वडा नं ५ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२	नाम : राजमति देवी श्रीमान : नरेश प्रसाद कुशवाह ससुरा : राजाराम प्रसाद कुशवाह ठेगाना : बारा जिल्ला गोलागंज गा.वि.स. वडा नं ५ हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ३२
१५	नाम : राजेश खड्की बुबा : रत्न बहादुर खड्की बाजे : हरि लाल खड्की ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ९	नाम : उचित श्रेष्ठ बुबा : उपासक श्रेष्ठ बाजे : टेक बहादुर श्रेष्ठ ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ३
१६	नाम : मिलन प्रजापति बुबा : बुद्धि बहादुर प्रजापति बाजे : बुद्धि कुमार प्रजापति ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ८	नाम : राजेश खड्की / उचित श्रेष्ठ बुबा : रत्न बहादुर खड्की/ उपासक श्रेष्ठ बाजे : हरि लाल खड्की/टेक बहादुर श्रेष्ठ ठेगाना : भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ७/भक्तपुर जिल्ला म.थि.न.पा. वडा नं ३

गंगाजल बचत तथा ऋण सहकारी संस्था लि.
केन्द्रिय कार्यालय म.थि.न.पा.-४, भक्तपुर
फोन: ५०९३२०२

धितो लिलामको सूचना

यस सहकारी संस्थाबाट अचल सम्पत्ति धितो राखी कर्जा लिनु भएका तपशिलका ऋणीसदस्यहरूले ऋणको साँवा ब्याज नतिरी नबुझाई लिखित अनुसारको ऋण सम्बन्धि शर्त उल्लंघन गरेकोले पटक पटक लिखित तथा मौखिक तरताकेता गर्नुका साथै मिति २०८०/०२/१७ मा धितो लिलामको सूचना प्रकाशन गरेकोमा हाल सम्म ऋण चुक्ता नभएकोले पुनः यो लिलामको सूचना प्रकाशन गरेको छु। ३५ दिन भित्र संस्थामा सम्पर्क गरी ऋण चुक्ता गर्नु हुन, अन्यथा संस्थासंग भएको शर्त कबुलियत, तमसुक बमोजिम धितोमा रहेको घर, जग्गाहरू जे जस्तो छ सोही अवस्थामा तल उल्लेखित मिति, समय र स्थानमा लिलाम गरी बेचबिखन गरिने हुंदा सो धितो खरीद सकार गरी लिन ईच्छुक सर्वसाधारणलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त सम्पतीबाट सम्पूर्ण ऋण असुल नभएमा निजहरूको अन्य सम्पत्तिबाट र धनजमानी बस्नेको सम्पत्तिबाट समेत असुल उपर गरिने छ।

तपशिल

क्र.स.	ऋणीको नाम, ठेगाना	धितोको विवरण
१	नाम : राजन कुमार घिमिरे बुबा : मेघराज घिमिरे बाजे : भोला नाथ घिमिरे ठेगाना: ओखलदुङ्गा जिल्ला, पलापु गा.वि.स. वडा नं ७	राजन घिमिरेको नाममा मा.पो.का.भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक सिपाडोल गा.वि.स. वडा नं १ ख कि.नं २६८६ क्षेत्रफल ३३३.८६ व.मी जग्गा र धनजमानी बस्ने शेर बहादुर मगर हाल का.म.न.पा. वडा नं ३२ बस्ने
२	नाम : सूर्य बहादुर मगर बुबा : कृष्ण बहादुर थापामगर बाजे : इश्वरी बहादुर थापामगर ठेगाना : ओखलढुंङ्गा जिल्ला, कालिकादेवी गा.वि.स.वडा नं ९, हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं ३२	सुर्य बहादुर मगरको नाममा मा.पो.का.भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक सिपाडोल गा.वि.स. वडा नं १ ख कि.नं ४३५३ क्षेत्रफल १३३.१३ व.मी जग्गा धनजमानी बस्ने शेर बहादुर मगर हाल का.म.न.पा. वडा नं ३२ बस्ने
३	नाम : कर्ण बहादुर मगर बुबा : कृष्ण बहादुर थापामगर बाजे : इश्वरी बहादुर थापामगर ठेगाना : ओखलढुंङ्गा जिल्ला, कालिकादेवी गा.वि.स.वडा नं ९, हाल काठमाडौं जिल्ला, का.म.न.पा.वडा नं ३२	कर्ण बहादुर थापामगरको नाममा मा.पो.का.भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक सिपाडोल गा.वि.स. वडा नं १ ख कि.नं ३९५८ क्षेत्रफल ०-७-१-० जग्गा धनजमानी बस्ने शेर बहादुर मगर हाल का.म.न.पा. वडा नं ३२ बस्ने
४	नाम : तिलक बहादुर थापामगर/मदन बहादुर माझी बुबा : एकमान मगर/चित्र बहादुर माझी बाजे : दल्ला मगर/सन्त बहादुर माझी ठेगाना: ओखलदुङ्गा जिल्ला, पलापु गा.वि.स. वडा नं ४/ ओखलदुङ्गा जिल्ला, पलापु गा.वि.स. वडा नं ८	तिलक बहादुर थापामगर र मदन बहादुर माझीको संयुक्त नाममा मा.पो.का.भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला ,साविक सिपाडोल गा.वि.स. वडा नं १ ख कि.नं ४३५०,४३४६ क्षेत्रफल ८७.४३, ४९.६८ व.मी जग्गा

लिलाम बिक्रीका शर्तहरु:

१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी कबोल गर्ने ब्यक्ति/ संस्थाले आफुले बोलेको कुल रकमको १० प्रतिशतले हुने रकम नगद धरौटी बापत तुरून्त यस संस्थामा बुझाउनु पर्नेछ।
२) लिलाम सकार गर्ने ब्यक्तिले स्वीकृती पत्र पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाई नामसारी गर्नु पर्नेछ।अन्यथा धरौटी रकम जफत हुने छ।
३) धितो सुरक्षण रहेको अचल सम्पत्ति लिलाम बिक्रीमा सकार गरी लिनेले अचल सम्पत्ति दाखिला खारेज गर्दा लाग्ने शुल्क दस्तुर वापतको रकम सबै आफैले ब्यहोर्नु पर्नेछ।
४) लिलाम तोकेको दिन खोलिने छ, तर सो दिन बिदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा खोलिने छ।
५) लिलाम गर्दा सबभन्दा बढी अंक बोल्ने ब्यक्तिलाई धितो लिलामको सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थालाई सुरक्षित रहने छ।

लिलाम हुने स्थान,समय र मिति
स्थान : संस्थाको कार्यालय म.थि.न.पा. ४
शंखधर चोक थिमि भक्तपुर।
समय : बिहान १०:०० ३:०० बजे सम्म
लिलाम मिति : २०८१/०२ /०९ गते।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०१/०४ गते

यस माछापुच्छ्रे बैंक लि. दुलेगौंडा शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ।

तपसिल

ऋणीको नाम, ठेगाना

१. प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालयमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **गाउँले क्याफे एण्ड भान्छा घर।**
प्रा.फ.नं.घ.उ.वि. १८५१६/०७७/०७८, दर्ता मिति : २०७७/०९/०३, पान नं. ६१४५४७०६९, दर्ता मिति : २०७७/०९/०५
ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०
प्रोप्राईटर : स्मीता घिमिरे

२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा, प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम रहेको **गाउँले ट्रेड एण्ड सप्लायर्स।**
प्रा.फ.र.नं. २३४९३/०७८/०७९, दर्ता मिति : २०७८/०४/२८, पान नं. ६१६३५१७०७, दर्ता मिति : २०७८/०४/२८
ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०
प्रोप्राईटर : शरद घिमिरे

व्यक्तिगत जमानतकर्ताहरू

१. सन्तोष घिमिरे ना.प्र.नं. ५४५४२, जि.प्र.का. कास्की जारी मिति : २०५४/०४/०१ बाबु : ऋषिराम घिमिरे, बाजे : रुद्र लाल घिमिरे ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०	**२. शरद घिमिरे** ना.प्र.नं. ४६-०१-७३-००९९१, जि.प्र.का. कास्की जारी मिति : २०७३/०१/३१ बाबु : सन्तोष घिमिरे, बाजे : ऋषिराम घिमिरे ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०

३. स्मीता घिमिरे
ना.प्र.नं. २३३०१, जि.प्र.का. कास्की, जारी मिति : २०५०/१०/१७
बाबु : टेक बहादुर गुरुङ, पति : सन्तोष घिमिरे, ससुरा : ऋषिराम घिमिरे
ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२, हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०

ऋणीको नाम, ठेगाना

३. सन्तोष घिमिरे
ना.प्र.नं. ५४५४२, जि.प्र.का. कास्की, जारी मिति : २०५४/०४/०१
बाबु : ऋषिराम घिमिरे, बाजे : रुद्र लाल घिमिरे
ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२, हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०

व्यक्तिगत जमानतकर्ताहरू

१. सन्तोष घिमिरे ना.प्र.नं. ५४५४२, जि.प्र.का. कास्की जारी मिति : २०५४/०४/०१ बाबु : ऋषिराम घिमिरे, बाजे : रुद्र लाल घिमिरे ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०	**२. शरद घिमिरे** ना.प्र.नं. ४६-०१-७३-००९९१, जि.प्र.का. कास्की जारी मिति : २०७३/०१/३१ बाबु : सन्तोष घिमिरे, बाजे : ऋषिराम घिमिरे ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०
३. स्मीता घिमिरे ना.प्र.नं. २३३०१, जि.प्र.का. कास्की जारी मिति : २०५०/१०/१७ बाबु : टेक बहादुर गुरुङ पति : सन्तोष घिमिरे, ससुरा : ऋषिराम घिमिरे ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०	**४. सिउ कुमारी घिमिरे** ना.प्र.नं. २३, जि.प्र.का. कास्की जारी मिति : २०४६/०६/०९ बाबु : छविलाल पहारी पति : ऋषिराम घिमिरे, ससुरा : रुद्र लाल घिमिरे ठेगाना : कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ५ हाल : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०

धितोमा रहेको सम्पतिको विवरण

१. रुद्र लाल घिमिरेको नाति, ऋषिराम घिमिरेको छोरा, कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२ स्थायी ठेगाना भइ हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३० बस्ने सन्तोष घिमिरेको नाममा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ९ स्थित कि.नं. २१२७ र २१२८ को क्षेत्रफल क्रमशः ०-९-०-२ (रो.आ.पै.दा) र ०-१-३-० (रो.आ.पै.दा) बमोजिमको घर/जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत।
(उल्लेखित सम्पत्ति ऋणी गाउँले क्याफे एण्ड भान्छा घर, ऋणी गाउँले ट्रेड एण्ड सप्लायर्स र ऋणी सन्तोष घिमिरेको ऋण कर्जाको निमित्त धितो बन्धक पारीत भएको)
२. गाउँले क्याफे एण्ड भान्छा घर र गाउँले ट्रेड एण्ड सप्लायर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ती र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु।
३. धनी माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी गाउँले ट्रेड एण्ड सप्लायर्सको नाममा गण्डकी प्रदेश यातायात व्यवस्था कार्यालय, पोखरामा दर्ता कायम रहेको निम्न बमोजिमको सवारी साधन :
सवारी मोडल : Maruti Eeco Cargo (van), दर्ता नं. ग ३ च ६५७६, सवारी रङ्ग : S White
इन्जिन नं. G12BN957436, च्यासिस नं. MA3ERLF1S00941146

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, दुलेगौंडा

मंगलबार ४ वैशाख ०८१
www.nayapatrikadaily.com
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
नयाँ पत्रिका

एसिसी प्रिमियर कप

एक खेलअगाडि नै नेपाल सेमिफाइनलमा

नयाँ पत्रिका

साबिक विजेता नेपाल एसिसी प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । नेपालले सोमबार बलियो प्रतिद्वन्द्वी हङकङमाथि आठ विकेटको सानदार जित निकाली नेपालले समूह 'ए'मा एक खेलअगाडि अन्तिम चारको स्थान पक्का गरेको हो । नेपालले तीन खेलमा तीन जित निकाली ६ अंक बटुलेको छ । यसै समूहमा कतारले मलेसियालाई पराजित गरेसँगै नेपालको सेमिफाइनल यात्रा सुनिश्चित भएको हो । साउदी अरब, कतार र हङकङले समान तीन खेलेर दुई नै अंक जोडेका छन् । साउदी, कतार र हङकङले एक खेल खेल्न बाँकी छ । अन्तिम खेलमा जित निकाले पनि नेपालले बटुलेको अंक बराबरी गर्न सक्दैनन् ।

यस समूहबाट सेमिफाइनलमा पुग्ने प्रबल सम्भावना साउदी अरेबियाको छ । समूह 'ए' साउदी अरेबिया सबैभन्दा कम वरीयता प्राप्त टोली हो । साउदी अरबले दुई खेल खेल्न बाँकी छ । दुई जित निकाले साउदी अरेबिया अप्रत्याशित रूपमा सेमिफाइनलमा पुग्नेछ । यससँगै मलेसिया, कतार र हङकङका सेमिफाइनल पुग्ने सबै समीकरण समाप्त हुनेछ । साउदी अरेबियाले दुईमध्ये एक खेलमा हारको सामना गर्दा पुछारका तीन टोलीको अन्तिम चारमा पुग्ने सम्भावना जीवितै रहनेछ ।

३४ बलअघि नै नेपाल विजयी

ओमानको अल अमेरात मैदानमा पहिलो ब्याटिङ गरेको हङकङले नेपालका अविनाश बोहोरो, ललित राजवंशी र दीपेन्द्रसिंह ऐरीको घातक बलिङ सामना गर्न नसक्दा १७.५ ओभरमा एक सय १४ रनको मध्यम योगफल खडा गरेको थियो । प्रत्युत्तरमा नेपालले १२.२ ओभरमा एक विकेटको नोक्सानीमा एक सय १७ रन जोड्दै सानदार जित निकाल्यो । नेपालले प्रतिओभर ९.४८ रनरेटमा ब्याटिङ गरेको थियो । नेपालको जितमा शीर्ष चार ब्याट्सम्यानले आक्रामक रूपमा ब्याटिङ गरेका थिए ।

ओपनर कुशल भुर्तेल र आसिफ सेखले पहिलो विकेटका लागि ५.३ ओभरमा ७० रनको बलियो साझेदारी गरे । यी दुवै ब्याट्सम्यानले प्रतिओभर १३.२० रनरेटमा ब्याटिङ गर्न सफल भए । नेपालले पहिलो विकेटका रूपमा भुर्तेललाई गुमाएको थियो । भुर्तेलले १९ बलमा तीन चौका र दुई छक्का प्रहार गरी ३२ रनको योगदान दिए । क्रिजमा सेट भइसकेका ब्याट्सम्यान सेखले ६.५ ओभरमा आफ्नो विकेट गुमाए । इसान खानले उनलाई कट एन्ड बोल्ड गरे । सेखले १८ बलमा समान तीन चौका र छक्का प्रहार गरी सर्वाधिक ४० रन बटुले ।

त्यसपछि कप्तान रोहित पौडेल र सन्दीप जोराले तेस्रो विकेटका लागि ४१ रनको आवश्यक साझेदारी गरी नेपाललाई लगातार तीन खेलमा जित दिलाए । रोहितले २० बलमा तीन चौकाको सहयोगमा २५ रन बटुले । सन्दीपले १७ बलमा समान एक चौका र छक्का प्रहार गरी १९ रनको योगदान दिए । हङकङका बलरले केवल एक रन मात्र अतिरिक्त दिएका थिए ।



नेपाली बलरका कसिलो बलिङ

टी- २० फर्म्याटमा हङकङ सधैं नेपालको नजरमा कडा प्रतिद्वन्द्वी हो । यस विधामा हङकङ र नेपालबीचको खेल कमै मात्र एक पक्षीय हुने गर्छ । ओमानको मैदानमा नेपालले एक पक्षीय रूपमै जित निकाल्यो । यसमा बलरहरूले निकै मिहिनेत गरेका छन् । मुख्य बलर करण केसीले एक मात्र विकेट लिएको पिचमा अविनाश, ललित र दीपेन्द्रसिंहले निरन्तर रूपमा विकेट लिए । नेपालका यी तीनजना बलरले उत्कृष्ट बलिङ गरेपछि हङकङको बलियो ब्याटिङ लाइनअप एकाएक कमजोर भयो । अझ कतारविरुद्ध अघिल्लो खेलमा अलराउन्ड प्रदर्शन गरेका दीपेन्द्रसिंहले केवल आफ्नो ०.५ ओभरको स्पेलमा दुई विकेट लिए । उनले इनिङ्सको १७.४ र १७.५ ओभरमा विकेट हात पार्दै हङकङ एक सय १४ रनमै समेटियो । ऐरीले दुई विकेटका लागि ६ रन खर्चिए । ललितले चार ओभरमा एक मेडन राखी १४ रन खर्चँदै दुई विकेट हात पारे । खेलकै म्यान अफ दी म्याच अविनाशले चार ओभरमा २९ रन खर्चँदै तीन विकेट लिए ।

करणले सुरुवातमै विकेट लिएपछि हङकङको ब्याटिङ कमजोर देखियो । मार्टिन कोटजीले सात बलमा आठ रन बनाए । त्यसपछि अंशु र नजाकत खानबीच दोस्रो विकेटका लागि २५ रनको साझेदारी भयो । कप्तान खानले ११ बलमा १२ रन बनाए । मध्यक्रमका निकै अनुभवी ब्याट्सम्यान बाबर हयात (६), अजाज खान (२) र नरुला राना (६) रनमा आउट हुँदा हङकङ १४.५ ओभरमा ८९-७ को दयनीय अवस्थामा पुग्यो । अंशुले सर्वाधिक ३४ रनको योगदान दिए । उनले २६ बलमा चार चौका र एक छक्का प्रहार गरे ।

नेपालका कप्तान
रोहित पौडेल भन्छन्



हङकङमाथिको जित वास्तवमै उत्कृष्ट थियो । यो जितको सबै हकदार हाम्रा बलरलाई जान्छ । उनीहरूले निकै उत्कृष्ट प्रदर्शन गरेका थिए । बलरले नेपाललाई राम्रो सुरुवात दिलाएका थिए । जुन अन्तिमसम्म रह्यो । यसकारण जितको श्रय बलरलाई नै दिनुपर्छ । बलरसँगसँगै ओपनिङ ब्याट्सम्यानले समेत सोचेजस्तो ओपनिङ दिलाए । हङकङका बलरमाथि ओपनरले दबाबमा राखेका थिए । जुन हामीले सोचेजस्तै सुरुवात भयो ।

हङकङका कप्तान
निजाकत खान भन्छन्



नेपालले बलिङ, ब्याटिङ र फिल्डिङ तीनै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेको छ । हामी यसै तीनवटै क्षेत्रमा कमजोर भयौं । साउदी अरेबियासँग अप्रत्याशित रूपमा हामी पराजित हुनु नै दुःखद पक्ष हो । नेपालविरुद्ध जितको लक्ष्यका साथ आएका थियौं । तर, नेपालले हामीले भन्दा धेरै राम्रो खेल्यो । नेपालको फिल्डिङ उत्कृष्ट छ । उत्कृष्ट फिल्डिङकै कारण म स्वयं रनआउट भएँ । त्यो एउटा टर्निङ प्वाइन्ट थियो ।

अंक तालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
समूह 'ए'					
नेपाल	३	३	०	६	१.८६
सा.अरेबिया	२	१	१	२	१.०७
मलेसिया	३	१	२	२	-०.०२
कतार	३	१	२	२	-०.८६
हङकङ	३	१	२	२	-१.७३
समूह 'बी'					
ओमान	२	२	०	४	२.१२
युएई	२	२	०	४	१.६२
कुवेत	२	१	१	२	१.७४
बहराइन	२	०	२	०	-१.०
कम्बोडिया	२	०	२	०	-५.८५

मच्छिन्द्रलाई स्तब्ध पार्दै पुलिस च्याम्पियन

टाइब्रेकरमा मच्छिन्द्रको दुई प्रहार असफल हुँदा नौ वर्षपछि फाइनल पुगेको नेपाल पुलिस ४-३ ले विजयी



१४औं जितपुरसिमरा गोल्डकपको विजेता नेपाल पुलिस क्लबका खेलाडी

बाराबाट **इन्दीप कोइराला**

नेपाल पुलिस क्लबले १४औं जितपुरसिमरा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा सोमबार मच्छिन्द्र फुटबल क्लबलाई टाइब्रेकरमा ४-३ ले हराउँदै उपाधि हात पारेको छ । नौ वर्षपछि फाइनल पुगेको पुलिसले दोस्रोपटकको प्रयासमा च्याम्पियन ट्रफी उचालेको हो । निर्धारित तथा थप भएको समयमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । त्यसपछि खेलको छिनोफानो टाइब्रेकरबाट भएको थियो ।

मच्छिन्द्रका दुई खेलाडीले रातो कार्ड पाउँदा नौजना खेलाडीमा टोली सीमित भएको थियो । यद्यपि, पुलिसले यसको फाइदा लिन सकेन । टाइब्रेकरमा मच्छिन्द्र र पुलिसले सुरुवाती ३-३ गोल गरेका थिए । मच्छिन्द्रका खेलाडीले चौथो र पाँचौं प्रहार पुलिसका गोलरक्षक अमितले उत्कृष्ट बचाउ गरेका थिए । मच्छिन्द्रको पाँचौं टाइब्रेकर असफल भएपछि पुलिसले एक प्रहार गर्दा नै पहिलोपटक ट्रफी हात पारेको हो ।

हारसँगै मच्छिन्द्रको मोसफलमा आयोजना भएको चौथो उपाधि जित्ने सपना अधुरो भयो । यसअघि मच्छिन्द्रले विराटसहित मकवानपुर र केपी ओली कप उपाधि जितेको थियो ।

मच्छिन्द्रले पहिलो खेलमा त्रिभुवन आर्मी क्लबलाई १-० र सेमिफाइनलमा सलहेश युवा क्लब सिराहालाई २-० ले पराजित गर्दै अन्तिम दुईको स्थान पक्का गरेको थियो । पुलिसले क्वार्टरफाइनलमा आयोजक सिमरालाई २-१ र सेमिफाइनलमा एपिएफ क्लबलाई ३-२ ले पराजित गर्दै उपाधि होडमा आफूलाई उभ्याएको हो ।

प्रतियोगितामा नवज्योति युथ क्लबका प्रज्वल थापामगर उदीयमान खेलाडी भए । फाइनलमा उत्कृष्ट प्रदर्शन गरेका पुलिसका गोलरक्षक नै उत्कृष्ट भए । यसैगरी वीरगन्जका फागुराम चौधरी र पुलिसका उज्वल राई सर्वाधिक गोलकर्ता भए । दुवैले प्रतियोगितामा समान दुई गोल गरे । प्रतियोगितामा मच्छिन्द्रका विमल घर्तीमगर मोस्ट भ्यालुएबल खेलाडी भए । अनुशासित टोलीको उपाधि नवज्योतिले पाएको छ ।

उपाधि विजेताहरू

०८१	नेपाल पुलिस
०७९	चर्च ब्वाइज युनाइटेड
०७८	न्युरोड टिम (एनआरटी)
०७७	संकटा
०७५	थ्री स्टार
०७४	त्रिभुवन आर्मी
०७३	संकटा
०७२	विजय युथ क्लब हेटौंडा
०७१	त्रिभुवन आर्मी
०७०	नव जनजागृति सिमरा
०६९	मनाङ मर्स्याङ्दी
०६८	मनाङ मर्स्याङ्दी
०६७	हिमालयन शेर्पा
०६६	मजदुर सहिद स्मृति

खेल संक्षेप

जुनियर फुटबल प्रशिक्षण सुरु

कास्की/ प्रदेश खेलकुद परिषद् गण्डकीको आयोजना तथा सहारा क्लब पोखराको व्यवस्थापनमा सोमबारदेखि १४ वर्षमुनीको जुनियर फुटबल प्रशिक्षण सुरु भएको छ । सूर्य बहादुर केसी स्मृति सहारा आवासीय फुटबल एकेडेमी पोखरा १७ दोबिल्लामा प्रशिक्षणको सुरुवात परिषदका सदस्य सचिब श्रीधर शर्माले गरेका छन् । प्रशिक्षणमा कास्की, तनहुँ, गोरखा, लमजुङ, पर्वत, म्याग्दी, नवलपुर र बागलुङ जिल्लाका ३० बालकले भाग लिएको शर्माले जानकारी दिए । १२ वैशाखसम्म प्रशिक्षणमा क्लबका प्रशिक्षक सुनील राना मगरले प्रशिक्षण दिनेछन् ।

आइओएफटिसी नेपालको स्थापना

काठमाडौं/ अमेरिकाको पोर्टल्यान्डस्थित इन्टरनेसनल ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आइओएफटिसी)को सहयोगी संस्थाको रूपमा आइओएफटिसी नेपाल २०२४ स्थापना भएको छ । आइओएफटिसी संस्थापक तथा निर्देशक ग्रान्डमास्टर दिवाकर महर्जनका अनुसार आइओएफटिसी नेपालको अध्यक्षमा मीनप्रसाद खनाल रहेका छन् । उपाध्यक्षमा राजमन्दिर श्रेष्ठ, सचिवमा गिरिबहादुर सुनार र कोषाध्यक्षमा रिकेश महर्जन छन् ।

पलेशाले रनिङ सिल्डमा दीप प्रज्वलन गर्ने

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को आयोजनामा हुने १४औं केन्द्रीयस्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको उद्घाटनमा पारा तेक्वान्दोकी ओलम्पियन पलेशा गोवर्धनले ओलम्पिक दीप प्रज्वलन गर्ने भएकी छिन् । दशरथ रंगशालामा मंगलबार प्रतियोगिताको उद्घाटन राष्ट्रपति रामचन्द्र पौडेलले गर्नेछन् । उद्घाटनअघि ओलम्पिक टर्चलाई ट्र्याकमा परिक्रमा गराइनेछ । टर्च परिक्रमा ओलम्पियन देबु थापा, कमलबहादुर अधिकारी र हरि रिमाल पनि सहभागी हुनेछन् । त्यसपछि पलेशाले ओलम्पिक दीप प्रज्वलन गर्ने कार्यक्रमको संयोजन दीपक विष्टले जनाएका छन् ।



चीनको ताइयाङमा भएको एसियाली छनोट प्रतियोगिताअन्तर्गत के- ४४ क्याटेगोरीको महिला ५७ केजीमुनि पलेशाले स्वर्ण जितदै पेरिस पारा ओलम्पिकमा स्थान सुरक्षित गरिसकेकी थिइन् । पलेशा एसियाली पारा खेलकुदमा पदक जित्ने पहिलो र एक्लो नेपाली खेलाडी पनि हुन् । उनले चीनको हाङ्झावमा भएको चौथो एसियाली पारा खेलकुदमा ऐतिहासिक कांस्य जितेकी थिइन् । टोकियो पारा ओलम्पिक २०२० मा पनि पलेशाले २ 'बाउट' जितेर इतिहास रचेकी थिइन् । तीन दिनसम्म चल्ने प्रतियोगितामा एथलेटिक्स, भलिबल, कबड्डी, करौंते, तेक्वान्दो र उसु गरी ६ खेलको प्रतिस्पर्धा हुनेछ ।

हैदराबादले तोड्यो आफ्नै रेकर्ड

एजेन्सी



सनराइजर्स हैदराबादले इन्डियन प्रिमियर लिग (आइपिएल) मा आफैंले राखेको सर्वाधिक योगफलको रेकर्ड तोडेको छ । १७औं आइपिएलअन्तर्गत ३०औं खेलमा हैदराबादले रोयल च्यालेन्जर्स बैंग्लोरविरुद्ध २० ओभरमा तीन विकेट गुमाएर दुई सय ८७ रनको विशाल योगफल खडा गरेको छ । आइपिएलमा हैदराबादले बैंग्लोरविरुद्ध जोडेको योगफल अहिलेसम्मकै सर्वाधिक ठूलो हो । यसै आइपिएलमै हैदरबादले मुम्बईविरुद्ध २७ मार्चमा २७७-३ कोको प्रदर्शन गरेको थियो । कोलकाता नाइट राइडर्स एकै इनिङ्समा धेरै रन बनाउने टोलीको सूचीमा दोस्रो स्थानमा छ । कोलकाताले चालू संस्करणमै दिल्ली क्यापिटल्सविरुद्ध २७२-७ को स्कोर खडा गरेको थियो । कोलकाता र दिल्लीबीच ३ अप्रिलमा खेल भएको थियो ।

हेडको शतकीय इनिङ्स

पहिलो ब्याटिङ गरेको हैदराबादले दरिलो ओपनिङ पायो । ओपनर अभिषेक शर्मा र टेबिस हेडले पहिलो विकेटका लागि ८.१ ओभरमा एक सय ८ रनको साझेदारी गरे । अभिषेकले २२ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३४ रनको योगदान दिए । त्यसपछि हेड र आडेन माक्रामले दोस्रो विकेटका लागि ४३ रन बनाए । हेडल ४१ बलमा आठ छक्का र नौ चौकाको सहयोगमा एक सय २ रन बनाए । उनी आउट हुँदा हैदरावाद १२.३ ओभरमा १६५-२ को निकै बलियो स्थितिमा थियो । हेडले २० बलमा ५० रन बनाएका थिए । उनले केवल ३९ बलमा शतकीय इनिङ्स खेले । आइपिएलमा कम बलमा शतक बनाउने उनी चौथो खेलाडी हुन् । हेनरिक क्लासेन तथा अब्दुल सामादले आक्रामक रूपमा खेले । उत्कृष्ट लयमा देखिएका हेनरिकले ३१ बलमा सात छक्का र दुई चौकाको सहयोगमा ६७ रन बनाए । माक्रामले १७ बलमा समान दुई चौका र छक्का प्रहार गरी ३२ रन बनाए । सामादले १० बलमा तीन छक्का र चार चौका प्रहार गरी ३७ रन बटुलेका थिए ।

बैंग्लोर २५ रनले पराजित

१७औं आइपिएलमा हैदराबादले बैंग्लोरलाई २५ रनले पराजित गरेको छ । आइपिएल इतिहासमै पहिलो ब्याटिङ गरी सर्वाधिक दुई सय ८८ रनको लक्ष्य पछ्याएको बैंग्लोरले २० ओभरमा सात विकेट गुमाएर दुई सय ६२ रनको योगफल खडा गऱ्यो । बैंग्लोरले कप्तान फाफ डु प्लेसिस र विराट कोहलीले पहिलो विकेटका लागि ६.२ ओभरमा ८० रनको आक्रामक साझेदारी गरेका थिए । कोहलीले २० बलमा ४२ रन बनाए । प्लेसिसले २८ बलमा ६२ रन बटुले । त्यसपछि दिनेश कार्तिकले ३५ बलमा ८३ रन बटुल्दा बैंग्लोरले जितको आशा जीवितै राखेको थियो । कार्तिकले सात छक्का र पाँच चौका प्रहार गरे । लारोरले ११ बलमा १९ रन तथा अनुज रावतले १४ बलमा २५ रन बनाए ।

मंगल प्रसाद माध्यमिक विद्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/०१/०४

यस मंगल प्रसाद माध्यमिक बिद्यालयको आ.व.२०८०/०८१ मिति २०८०/१२/०२ गते राष्ट्रिय पत्रिका तथा E-Bid मार्फत प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिल बमोजिम कार्यको लागि विद्युतीय बोलपत्र प्रणाली मार्फत दाखिला भएका बोलपत्रदाताहरुको मूल्याङ्कनमा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले तपशिल बमोजिमका बोलपत्रदाताको प्रस्ताव स्वीकृत गर्न सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

क्र. सं.	ठेक्का नं.	सबै भन्दा न्यूनतम अङ्क कबोल गर्ने बोलपत्रदाताको नाम र ठेगाना	कुल कबुल अङ्क रकम रु. (भ्याट, कन्टिन्जेन्सी र पि.एस. बाहेक)	कैफियत
1	MP/NCB/W02/080-81 Finishing of MP school class building work (3-C-12) and landscaping works.	Kumakh Nirman Sewa, Sharada-04, Salyan	२१,३६,०२६।२५	

प्रधानाध्यापक

बुढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
हात्तीगौडा, काठमाडौं
बागमती प्रदेश

प्रकाशित मितिः २०८१/०१/०४
नेपाल संवतः ११४४ चौला ३०

बोलपत्र मूल्याकंन स्वीकृत गर्ने आशयको सूचना ।

यस कार्यालयद्वारा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशिलका कार्यहरु मूल्यांकन गर्दा तपशिल अनुसारका बोलपत्रदाताहरु न्युनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन, २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ।

सि.नं.	ठेक्काको नाम/ ठेक्का नं.	बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.क र PS बाहेक
1	Construction of Basket Ball Court in Golfutar at Ward no-08 **(NCB/BNP/CW/080_081/17)**	D.S. Builders And Engineering Counsult, Gokarneshwor-09,Kathmandu	**1,48,24,211.40**
2	Procurement ,Supply and Delivery of 13-Valent Pneumococcal Polysaccharide Conjugate Vaccine (PCV-13) **(NCB/BNP/GW/080_081/04)**	Blue Moon Meditech pharma, Naxal_Kathmandu	**78,27,390.00**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com